# दोस्रो

# आवधिक योजना

(२०८०/८१–२०८४/८५)



## सिद्धिचरण नगरपालिका

## ओखलढुङ्गा, कोशी प्रदेश

**सिद्धिचरण नगरपालिकाको दोस्रो आवधिक योजना (२०८०/८१–२०८४/८५)**

सहयोगी संस्था :

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कलवलगुरी, भद्रपुर, झापा, कोशी प्रदेश

सहजीकरण :

सार्थक रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.लि, काठमाडौं

तयार गर्ने/प्रकाशक :

सिद्धिचरण नगरपालिका

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०८०

# विषय सूची


विषय सूची १
तालिका सूची ८
शब्द संक्षेप ९
परिच्छेद एक : परिचय १०
१.१ पृष्ठभूमि १०
१.२ प्रथम आवधिक योजनाको समीक्षा ११
१.३ आवधिक योजना तर्जुमाका उद्देश्यहरु १२
१.४ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण १२
१.४.१ सन्दर्भ सामग्रीको अध्ययन १२
१.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला १२
१.४.३ तथ्याङ्क संकलन तथा वस्तुस्थिति विश्लेषण १३
१.४.४ वडा स्तरीय परामर्श भेला १३
१.४.५ आवधिक योजना तर्जुमा कार्यशाला १३
१.४.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी १३
१.४.७ प्रमाणीकरण कार्यशाला १४
१.४.८ अन्तिम प्रतिवेदन पेश १४
१.५ सीमा, जोखिम तथा पूर्वानूमान १४
परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा १५
२.१ नगरपालिकाको परिचय १५
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना १५
२.१.३ जनसांख्यिक अवस्था १५
२.२ आर्थिक विकास अवस्था १७
२.३ सामाजिक विकासको अवस्था २०
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था २३
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था २५
२.६ सुशासन तथा संस्थागत व्यवस्था २६
परिच्छेद ३: सोच तथा विकासको अवधारणा २८
३.१ पृष्ठभूमि २८
३.२ प्रमुख समस्या तथा चुनौती २८
३.३ प्रमुख सम्भावना तथा अवसर २८
३.५ दीगो विकास, राष्ट्रिय र प्रदेश लक्ष्यसँग आवधिक योजनाको तादाम्यता ३१
३.५.१ राष्ट्रिय पन्ध्रौ योजनाको सोच ३२

३.५.२ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य सम्बन्धी त प्रदेशको सोच र लक्ष्य ३२

३.६ नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य ३२

३.७ परिमाणात्मक लक्ष्य ३४

३.८ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना ३९

परिच्छेद ४: आर्थिक क्षेत्र ४०

४.१ कृषि तथा पशुपन्छी ४०

४.१.१ पृष्ठभूमि ४०

४.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ४०

४.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४२

३.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका (कृषि क्षेत्र) ४५

३.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका (पशुपन्छीपालन क्षेत्र) ४८

३.१.६ अनुमान तथा जोखिम पक्ष ४९

४.२ सिंचाइ ५०

४.२.१ पृष्ठभूमि ५०

४.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ५०

४.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५१

४.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५३

४.२.५ अनुमान तथा जोखिम पक्ष ५३

४.३ पर्यटन, संस्कृति  तथा सम्पदा ५४

४.३.१ पृष्ठभूमि ५४

४.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ५४

४.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५५

४.३.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५७

४.३.५ अनुमान तथा जोखिम पक्ष ५८

४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ५९

४.४.१ पृष्ठभूमि ५९

४.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ५९

४.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६०

४.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६२

४.४.५ अनुमान तथा जोखिम पक्ष ६३

४.५ बैंक वित्तिय संस्था तथा सहकारी ६४

४.५.१ विद्यमान अवस्था ६४

४.५.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ६४

४.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६५

४.५.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६७

४.६ श्रम रोजगार र सामाजिक सुरक्षा ६८

४.६.१ पृष्ठभूमि ६८

४.६.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ६८

४.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना ६९

४.६.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७२

४.६.५ अनुमान तथा जोखिम पक्ष ७२

परिच्छेद ५: सामाजिक क्षेत्र ७३

५.१ स्वास्थ्य तथा पोषण ७३

५.१.१ पृष्ठभूमि ७३

५.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ७३

५.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७४

५.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७८

५.१.५ अनुमान तथा जोखिम पक्ष ७९

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ८०

५.२.१ पृष्ठभूमि ८०

५.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ८०

५.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८१

५.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८४

५.२.५ अनुमान तथा जोखिम पक्ष ८५

५.३ खानेपानी तथा सरसफाइ ८६

५.३.१ पृष्ठभूमि ८६

५.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ८६

५.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८७

५.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८९

५.३.५ अनुमान तथा जोखिम पक्ष ९०

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ९१

५.४.१ पृष्ठभूमि ९१

५.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ९१

५.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९२

५.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९५
५.४.५ अनुमान तथा जोखिम पक्ष ९७
५.५ युवा तथा खेलकुद ९८
५.५.१ पृष्ठभूमि ९८
५.५.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ९८
५.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९९
५.५.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०२
५.५.५ अनुमान तथा जोखिम पक्ष १०२
५.६ कला, भाषा, साहित्य र संस्कृति १०३
५.६.१ पृष्ठभूमि १०३
५.६.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १०३
५.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०४
५.५.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०६
५.६.५ अनुमान तथा जोखिम पक्ष १०६
परिच्छेद ६: पूर्वाधार क्षेत्र १०७
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण १०७
६.१.१ पृष्ठभूमि १०७
६.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १०७
६.१.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०८
६.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११०
६.१.५ अनुमान तथा जोखिम पक्ष ११०
६.२ सडक, पुल तथा यातायात १११
६.२.१ पृष्ठभूमि १११
६.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १११
६.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११२
६.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११४
६.२.५ अनुमान र जोखिम पक्ष ११५
६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ११६
६.३.१ पृष्ठभूमि ११६
६.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती ११६
६.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११७
६.३.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११९

६.३.५ अनुमान तथा जोखिम पक्ष ११९

६.४ सूचना, सञ्चार तथा प्रविधि १२०

६.४.१ पृष्ठभूमि १२०

६.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १२०

६.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२१

६.४.४अपेक्षित उपलब्धि तथा नतिजा खाका १२३

६.४.५ अनुमान तथा जोखिम पक्ष १२३

परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र १२४

७.१ वन तथा जैविक विविधता १२४

७.१.१ पृष्ठभूमि १२४

७.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १२४

७.१.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२५

७.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२७

७.१.५ अनुमान तथा जोखिम पक्ष १२८

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन १२९

७.२.१ पृष्ठभूमि १२९

७.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १२९

७.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३०

७.२.४अपेक्षित उपलब्धि तथा नतिजा खाका १३२

७.२.५ अनुमान तथा जोखिम पक्ष १३२

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन १३३

७.३.१ पृष्ठभूमि १३३

७.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १३३

७.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३४

७.३.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३६

७.३.५ अनुमान तथा जोखिम पक्ष १३६

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता १३७

७.४.१ पृष्ठभूमि १३७

७.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १३७

७.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३८

७.४.५ अनुमान तथा जोखिम पक्ष १४०

परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र १४१

८.१ सुशासन, ऐन, नियम तथा जवाफदेहिता १४१

८.१.१ पृष्ठभूमि १४१

८.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १४१

८.१.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४२

८.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४५

८.१.५ अनुमान तथा जोखिम पक्ष १४६

परिच्छेद ९: कार्यान्वयन व्यवस्था १४७

९.१ संस्थागत संरचना तथा मानव संसाधन १४७

९.१.१ पृष्ठभूमि १४७

९.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती १४७

९.१.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य १४७

९.१.४ रणनीति तथा कार्यक्रम १४८

संस्थागत संरचना विकास १४८

९.२ विषय क्षेत्र अनुसार अनुमानित वजेट १५०

९.४ वित्तीय स्रोत परिचालन तथा सहकार्य १५४

९.५ वित्तीय स्रोत परिचालनका रणनीति तथा कार्यनीति १५४

९.६ आवधिक योजना कार्यान्वयन १५४

९.६.१ वर्तमान अवस्था १५५

९.६.२ कार्यान्वयन कार्ययोजना १५५

९.६.३ मार्गदर्शन तयारी १५५

९.६.४ कार्यान्वयन विधिको छनौट १५५

९.६.५ अख्तियारी १५५

९.६.६ वार्षिक कार्यान्वयन कार्ययोजना १५६

९.६.७ अनुगमन प्रतिवेदन र समीक्षा १५६

९.७ अनुगमन तथा मूल्याङ्कन योजना १५६

९.७.१ अनुगमन तथा मूल्याङकनको आवश्यकता १५६

९.७.३ अनुगमन तथा मूल्याङकनका प्रक्रिया १५८

अनुसूची १६०

अनुसूची १: नगरस्तरीय गौरबका योजना १६१

अनुसूची २ : रुपान्तरणकारी आयोजना १६२

अनुसूची ३: अन्तरनगरपालिका आयोजना १६३

अनुसूची ४ : परियोजना बैंक (वडागत आयोजना) १६४

अनुसूची ५ : जिआइएस नक्सा २०५

**अनुसूची ६ : एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशालाको उपस्थिती** २१९
**अनुसूची ७ : तीन दिने आवधिक योजना तर्जुमा कार्यशालाको उपस्थिती** २२४
**अनुसूची ८ : प्रमाणीकरण कार्यशालाको उपस्थिती** २२९

## तालिका सूची



| विवरण | पेज नं. |
|---|---|
| तालिका १ : जनसांखिक अवस्था | १६ |
| तालिका २: विद्यालयको भौतिक संरचना सम्बन्धी विवरण | २१ |
| तालिका ३: खानेपानी आयोजना सम्बन्धी विवरण | २२ |
| तालिका ४: प्रमुख सडकको विवरण | २४ |
| तालिका ५: दीगो विकास लक्ष्य तथा सूचक | ३१ |
| तालिका ६ : दीर्घकालिन राष्ट्रिय लक्ष्य तथा सूचक | ३२ |
| तालिका ७ : राष्ट्रिय तथा कोशी प्रदेशको लक्ष्य | ३४ |
| तालिका ८: सिद्धिचरण नगरपालिकाको परिमाणात्मक लक्ष्य | ३७ |
| तालिका ९: क्षेत्रगत वजेट विनियोजन | १४२ |
| तालिका १०: सिद्धिचरण नगरपालिकाको आगामी पाँच वर्षको प्रक्षेपण अनुमान | १४५ |
| तालिका ११: कार्यान्वयन कार्ययोजनाका चरण | १४७ |
| तालिका १२ : आवधिक नगरविकास योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया | १५० |

## शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| न. पा. | : | नगरपालिका |
| गा.पा. | : | गाउँ पालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| दिविल | : | दिगो विकास लक्ष |
| दिराल | : | दिगो राष्ट्रिय लक्ष्य |
| प्रसस | : | प्रदेश समृद्धि संकेत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकास प्रणालीको शुरुवात वि.सं. २०१३ सालदेखि शुरु भएको पाइन्छ । राजनीतिक व्यवस्थाको रुपान्तरणसँगै विकास प्रशासनको प्रतिमानहरु समेतमा परिवर्तन (Paradigm Shift) हुँदै आएको छ । नेपालको संविधानले सङ्घीय राजनीतिक व्यवस्थालाई व्यवस्थित गर्दै संघ, प्रदेश तथा स्थानीय तह बीच सहकार्य, समन्वय, तथा सहअस्तित्वका आधारमा समग्र देशको समृद्धिको आधार तय गर्ने कुरालाई आत्मसात गरेको छ । संविधानले राज्य शक्तिको बाँडफाँड तथा वित्तीय हस्तान्तरण मार्फत तीन तहका सरकारलाई नीति तथा योजना तर्जुमा तथा त्यसको कार्यान्वयनका लागि समान हैसियत प्रदान गरेको छ भने समग्र देशको तिव्र विकासका  लागि तीन तहका सरकार बीच परिपूरकताको सम्बन्ध हुनु पर्ने कुराको परिकल्पना गरेको छ । सङ्घीय तथा प्रदेश सरकारले आवधिक योजना तर्जुमा गरी योजनाबद्ध विकासलाई संस्थागत गरिरहेको सन्दर्भमा स्थानीय तहले पनि सङ्घीय तथा प्रदेश सरकारले लिएको विकासको लयसँग तादाम्यता मिलाउन आवधिक योजना तयार गरिएको हो ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, सङ्घीय तथा प्रदेश सरकारले जारी गरेका विभिन्न निर्देशिका, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजना तर्जूमा गरी त्यसका आधारमा वार्षिक तथा रणनीतिक योजनाहरु जारी गर्नुपर्ने कुरालाई जोड दिएको छ ।

सङ्घीय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारले बनाउने वार्षिक योजना, मध्यकालीन खर्च संरचना र दीर्घकालीन योजना एकआपसमा परिपुरकको रुपमा रहनुपर्ने नीतिगत व्यवस्था गरेको छ । तसर्थ स्थानीय सरकारले मध्यकालीन खर्च संरचना लगायतका व्यवस्थाहरुको अन्तरवस्तुलाई सम्बोधन गर्नका लागि आवधिक विकास योजना तर्जुमा गर्न आवश्यक पर्दछ । साथै संयुक्त राष्ट्र संघले घोषणा गरेको दीगो विकासका लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय तहले आवधिक विकास योजना निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ । यस आवधिक विकास योजनामा नगरको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र हाँसिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरु एवम् स्रोत, साधनको पहिचान एवम् परिभाषित गरिएको विषय सिलसिलेवाररुपमा दस्तावेजीकरण गरिएको छ । यो  आवधिक योजना (आ.व २०८०/८१ देखि आ.व २०८४/८५) तयार गर्दा यस नगरपालिकाको प्रथम पञ्चवर्षिय योजना (आ.व २०७५/७६–आ.व २०७९/८०) लाई आधारशिलाको रुपमा ग्रहण गरेको छ । यो दस्तावेज तयार गर्दा यस नगरपालिकाको पहिलो आवधिक योजनाले प्राप्त गरेको उपलब्धिहरुको संस्थागत गर्दै नगरपालिकाले सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुमा आफूलाई अव्वल सावित गर्न तथा संघ सरकार र कोशी प्रदेश सरकारको योजनासँग तादाम्यता मिलाउन दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति निर्माण गरी काम गर्नु पर्ने अपरिहार्यतालाई आत्मसात गरेको छ । यो आवधिक योजनाले वि.सं २०८६ सम्ममा विकासोन्मुख देशको रुपमा स्तरोन्नती हुने र वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपालीको सपना साकार गर्न नगरपालिकाको तर्फबाट योगदान पुऱ्याउने अपेक्षा लिईएको छ । साथै नगरपालिकाले आर्थिक वर्ष २०७९/८० को बार्षिक

नीति तथा कार्यक्रम लिएको मूल नारा "हामी सबैंको चाहना, समृद्ध सिद्धिचरणको लागि दिगो विकासको योजना" विस्तारित आकारको रुपमा प्रस्तुत गरिएको छ ।

## १.२ प्रथम आवधिक योजनाको समीक्षा

सङ्घीयता कार्यान्वयन पश्चात यस नगरपालिकाले प्रथम आवधिक योजना (आ.व २०७५/७६–आ.व २०७९/८०) तयार गरेको थियो। नगरपालिकाले दीर्घकालीन सोचको रुपमा "स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध सिद्धिचरण नगर" तय गरेको थियो । प्रथम आवधिक योजनाले सिद्धिचरण नगरपालिकाको सुरक्षित, दिगो एवम् वृहत विकासका माध्यमबाट नगरवासीहरुको सामाजिक एवम् आर्थिक स्तरमा सुधार ल्याई समुन्नत नगर निर्माण गर्ने ध्येय समेत लिएको थियो । नगरपालिकाको पूर्वाधार एवम् आर्थिक गतिविधिहरुको विकास तथा वातावरण एवम् सांस्कृतिक पक्षको संरक्षण र संवर्द्धन गर्दै सहभागितात्मक तथा समावेशी सिद्धान्तका आधारमा उत्पादनका साधनमा पहुँच वृद्धि गरी नगरवासीहरुको सामाजिक एवम् आर्थिक स्तरमा सुधार ल्याई समुन्नत, स्वच्छ र सुरक्षित नगरको निर्माणका लागि उद्देश्यहरु, रणनीति तथा कार्यनीतिहरु समेत लिएको थियो। उक्त आवधिक योजनाको आधारमा नगरपालिकाले योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। आवधिक योजनाले निर्दिष्ट गरेको समग्र खाकामा रहि नगरपालिकाले बार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गरेको छ ।

सिद्धिचरण नगरपालिकाको प्रथम आवधिक योजना प्रारम्भ गर्दाको बखत सामुदायिकतर्फ ३३ र निजीतर्फ ४ गरी जम्मा ३७ वटा प्राथमिक विद्यालयहरु सञ्चालनमा रहेकोमा हाल नगरपालिकामा ४९ वटा सामुदायिक तथा १३ निजी विद्यालय छन् । २०६८ को जनगणना अनुसार कुल साक्षरता दर ६९.८ प्रतिशत भएकोमा पुरुषको साक्षारता दर ८०.४ प्रतिशत र महिलाको ६०.७ प्रतिशत रहेकोमा जनगणना २०७८ अनुसार यस नगरपालिकामा ५ बर्ष वा सो भन्दा माथीका जनसंख्या २५,५७५ छ जसमध्ये ७६.१६% कूल साक्षरता दर छ भने पुरुष साक्षर दर ८४.४२ % र महिलाको साक्षरता दर ६८.६७% छ । साक्षरताको दरमा उल्लेख्य रुपमा बढेको छ । प्रथम आवधिक योजना प्रारम्भ गर्दाको बखत स्वास्थ्य अवस्थामा पनि स्वास्थ्य सेवा प्रवाहका लागि सेवा केन्द्रहरुको संख्या बढेको छ। स्वास्थ्य संस्थाहरुबाट नियमित खोप, वर्थिंग सेन्टर, गाउँघर क्लीनिक, प्राथमिक उपचार, उपचारात्मक, प्रतिकारात्मक, प्रबर्धनात्मक, ओ.पि.डि.सेवा, परिवार नियोजन सेवा जस्ता सेवा प्रवाह भएका छन् । कृषि क्षेत्रमा पनि उल्लेख्य उपलब्धिहरु प्राप्त भएका छन् भने कृषि तथा पशुपालनको क्षेत्रमा व्यवसायीकरणमा भएको छ । यस नगरपालिकामा ११ वटा गाई फार्म, ४७ वटा भैसी फार्म, २१८ वटा बाख्रा फार्म, २०६ वटा कुखुरा फर्म, १५ वटा दुध डेरी र ५२ वटा वंगुर फार्म व्यवस्थितरुपमा सञ्चालनमा रहेको छ । यद्यपी पशुजन्य उत्पादन उल्लेख्य रुपमा निर्यात गरेको पाईएको छैन भने करिव १९ प्रतिशत पशुजन्य वस्तु आयात गरेको पाईन्छ । यसका साथै उद्योग, व्यापार/व्यवसाय, पर्यटन, वैदेशिक रोजगार, सहकारी र वित्तीय क्षेत्रमा पनि उल्लेख्य प्रगति भएको छ। सडक, पुल तथा यातायातको प्रवन्धमा पनि उल्लेख्य उपलब्धि भएको छ । सडक नपुगेको विकट भौगोलिक क्षेत्रमा आवतजावतको लागि सहज र सरल माध्यम झोलुङ्गे पुलहरुको पनि निर्माण गरिएको छ ।

प्रथम आवधिक योजनाले आर्थिक विकास, पूर्वाधार, सामाजिक, विपद् व्यवस्थापन तथा सुशासनका बृहत क्षेत्रमा नीति, रणनीति, कार्यक्रम तथा आयोजना तय गरेकोमा कतिपय योजना सम्पन्न भएका छन् भने कतिपय योजनालाई प्रस्तुत दोस्रो आवधिक योजनामा समावेश गरिएको छ ।

## १.३ आवधिक योजना तर्जुमाका उद्देश्यहरु

- वस्तुस्थिति तथा साधन श्रोतको पहिचान तथा विश्लेषण, स्थानीय मूल्य मान्यता तथा आवश्यकताका आधारमा नगरपालिकाको विकासको खाका कोर्ने,
- नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षीय योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना तथा संयुक्त राष्ट्रसंघका दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि योगदान पुऱ्याउने,
- नगरपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि मध्यकालीन तथा वार्षिक कार्यान्वयन कार्ययोजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्ग निर्देशित गर्ने,
- नगरपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

## १.४ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण

### १.४.१ सन्दर्भ सामग्रीको अध्ययन

आवधिक योजना तर्जुमाका लागि नगरपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमहरु, नगरपालिकासँग सम्बन्धी त अभिलेख तथा उपलब्ध लेख रचनाको अध्ययन गरी नगरपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरिएको छ । यसका अतिरिक्त नगरपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, नगरपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग तथा प्रदेश नीति तथा योजना अन्तर्गतका आवधिक योजना तथा अन्य सम्बन्धी त स्रोत सामग्रीको अध्ययन गरिएको छ । उल्लिखित अध्ययनहरुको आधारमा नगरपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरिएको छ ।

### १.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला

प्रारम्भिक चरणमा नगर कार्यनगरपालिकाको कार्यालयको सहयोगमा नगरपालिकाभित्र रहेका विभिन्न सरोकारवालाहरुसँग योजना निर्माणको सैद्धान्तिक पक्षको बारेमा छलफल गरिएको थियो । उक्त छलफलमा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, कार्यनगरपालिका सदस्यहरु, कार्यालयका कर्मचारी, विषयगत महाशाखा/शाखाका प्रमुख तथा प्रतिनिधी, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समूह, महिला तथा आमा समूह, लक्षित वर्गका प्रतिनिधीहरुको सहभागितामा भएको उक्त छलफलमा सङ्घीय संरचना अन्तरगत स्थापित

| क्रियाकलाप | सम्पन्न मिति |
|---|---|
| एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला | २०७९ चैत्र ५ गते |
| वडागत छलफल तथा योजना संकलन | २०७९ चैत्र १० देखि २५ गते |
| तीन दिने योजना तर्जुमा कार्यशाला | २०८० जेष्ठ ३ देखि ५ |
| तथ्याङ्क प्रशोधन, लेखन | २०८० जेष्ठ ६ देखि २५ |
| प्रमाणीकरण कार्यशाला | २०८० असार ५ गते |

स्थानीय सरकारले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरक्रिया गरिएको थियो । कार्यशालाले योजना तर्जुमा ढाँचा, प्रक्रिया तथा जिम्मेवारी सम्बन्धी स्पष्टता र आवधिक योजना तर्जुमाको कार्ययोजना स्वीकृत गरेको थियो ।

### १.४.३ तथ्याङ्क संकलन तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमापूर्व नगरपालिकाको जनसांङ्ख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धी आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गरिएको थियो । आवधिक योजना तर्जुमाको प्रयोजनाका लागि भएको तथ्याङ्क संकलनका लागि आवश्यक सुचकहरु तथा प्रश्नावली तयार गरि नमूना परिक्षण समेत गरिएको थियो । सुचकमा उल्लिखित सुचनाहरु नगरपालिकाको शाखाहरुबाट लिइएको थियो भने प्रश्नावली अनुसारको सूचनाहरु वडागत छलफलका क्रममा संकलन गरिएको थियो ।

### १.४.४ वडा स्तरीय परामर्श भेला

नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गर्दै आवधिक योजना तर्जुमा कार्यका लागि वडा वडाको वस्तुस्थिति विश्लेषणका लागि प्रत्येक वडासँग सम्बन्धी त राजनीतिक दलका प्रतिनिधि, निर्वाचित जनप्रतिनिधि, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, निजी क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितिमा वडास्तरीय परामर्श भेला आयोजना गरिएको थियो ।

### १.४.५ आवधिक योजना तर्जुमा कार्यशाला

नगरपालिकाका आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको वस्तुपरक विश्लेषण, सोको आधारमा दीर्घकालीन सोंच, आवधिक लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, समष्टिगत लक्ष्य सहित कार्यक्रमहरु तर्जुमा गर्ने उद्देश्यले राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, निजी क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितिमा तीन दिवसीय योजना तर्जुमा कार्याशालाको आयोजना गरिको थियो ।

### १.४.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

नगरपालिकास्तरीय कार्यशालाले निर्धारण गरेको दुरदृष्टी (Vision) लक्ष्य (Goal) लाई दृष्टिगत गरि बिषयगत क्षेत्रहरुका अवसर र चुनौतीको विश्लेषणका आधारमा समूहबाट आएका विषयगत उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरु, उपलब्ध मापनका सूचकहरुलाई खुला छलफल गरी अन्तिम रुप दिइएको थियो । यस अतिरिक्त अन्तरनगरपालिका, प्रदेश तथा सङ्घीय सरकारसँग सरोकार राख्ने योजनाहरु, नगरपालिकाले सेवाग्राहीलाई सेवा प्रदान गर्न आवश्यक पर्ने प्रशासनिक भौतिक पूर्वाधार, संस्थागत विकास र मानव श्रोत संसाधनको विकास र व्यवस्थापनको पक्षलाई मिहिन रुपमा छलफल गरिएको थियो । यसको साथै आवधिक योजनाको लागि आवश्यक पर्ने जिआईएस (GIS) नक्साहरु तयार गरिएको छ । उपरोक्त प्रक्रियाबाट नगरपालिकाको दोस्रो पञ्चवर्षिय (२०७९/०८०-२०८४/०८५) मस्यौदा योजना तयार गरिएको थियो ।

### १.४.७ प्रमाणीकरण कार्यशाला

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पूरा गरी आवधिक योजना सम्बन्धी प्रारम्भिक खाका तयार गरि प्रमाणीकरणका लागि नगरपालिकाका सम्बन्धी त सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना मिति २०८० असार ५ गते सम्पन्न गरिएको थियो । प्रमाणीकरण गोष्ठीमा नगरपालिकाको आवधिक योजनामा समावेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरिएको थियो ।

### १.४.८ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको मस्यौदा खाकामा भएको छलफल र कोशी प्रदेश सुशासन केन्द्रबाट प्राप्त सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

### १.५ सीमा, जोखिम तथा पूर्वानूमान

- आवधिक योजना तर्जुमाका क्रममा प्रयोग गरिएका परिमाणात्मक लक्ष्य प्रस्तावित हुन जसले यथार्थ अवस्थाको प्रतिनिधित्व नगर्न पनि सक्छन् ।
- पार्श्वचित्रमा प्रस्तुत कतिपय तथ्याङ्क द्वितिय स्रोत (शाखा, नगरपालिका योजना पुस्तिका) बाट लिइएको हुनाले यसले वर्तमान अवस्थाको चित्रण नगर्न पनि सक्छ ।
- आवधिक योजनामा प्रस्तुत दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिको सहज प्रतिफल सङ्घीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन, स्थिर सरकार तथा अन्य कुनै प्राकृतिक तथा अकल्पनीय घटना नघटेको अवस्थामा मात्र प्राप्त हुनेछ ।

**आवधिक योजनाको सफल कार्यान्वयनका निमित्त देहायका अवस्थाहरुको सहयोग अपरिहार्य हुनेछ :**

- ➢ सङ्घीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
- ➢ संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
- ➢ स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन ।
- ➢ स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
- ➢ सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।
- ➢ नगरपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- ➢ जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपद्को अवस्था सामना गर्नु पर्ने छैन ।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना




सिद्धिचरण नगरपालिका ओखलढुङ्गा जिल्लाको सदरमुकाममा अवस्थित छ । समग्र नेपालको मानचित्रमा २७° ६' देखि २७° ३२' उत्तरी अक्षांश देखि ८६° १०' देखि ८६° ३२' पूर्वी देशान्तर र समुद्री सतहदेखि सरदर १८४१ उचाईमा छ । जिल्लाको सदरमुकाम र नगरपालिकाको केन्द्र एकै स्थानमा रहेको छ । कोशी प्रदेशको १४ वटा जिल्लाहरु मध्येको एक ओखलढुङ्गा जिल्लामा ७ गाउँनगरपालिका र १ नगरपालिका गरि ८ वटा स्थानीय तह रहेका छन् । साविकका तलुवा, ठुलाछाप, जन्तरखानी, वरूणेश्वर (९), विगुटार, वेतिनी गाँउविकास समिति र सिद्दिचरण नगरपालिका १२ वटा वडामा विभाजित यस नगरपालिकाको क्षेत्रफल १६७.८८ वर्ग कि.मि रहेको छ । भौगोलिक सिमानाको हिसावले हेर्दा पूर्वमा चिसंकुगढी गाउँनगरपालिका पश्चिममा मोलुङ् गाउँनगरपालिका, उत्तरमा खिजीदेम्बा गाउँनगरपालिका र सोलुखुम्बु जिल्ला, दक्षिण तर्फ मानेभञ्ज्याङ्ग गाउँनगरपालिका रहेको छ ।

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यस नगरपालिका प्राकृतिक र साँस्कृतिक सम्पदाले भरिपुर्ण छ । ऐतिहासिक स्थल ओखल आकारको ढुङ्गा र युगकवि सिद्धिचरण श्रेष्ठको जन्मस्थल भएको कारणले यस नगरपालिकाको उचाई पनि अग्लो बनाएको छ । यसै नगरपालिका भित्र रहेको रुम्जाटास्थित पक्की विमानस्थल, रुम्जाटारमा निर्माणाधिन वौद्ध गुम्वा, थामडाँडा र लगलगेडाँडा (भ्यू टावर निर्माणको लागि प्रस्तावित), चम्पादेवी र झाँक्रीढुङ्गा (ऐतिहासिक र धार्मिक महत्वका स्थानहरु), रुम्जाटार विमानस्थलबाट देउराली टोडके हुँदै र ओखलढुङ्गाबाट सोलु सल्लेरी हुँदै सर्वोच्च शिखर सगरमाथासम्म पैदलमार्गको पहुँच यसै नगरपालिका मार्फत तय भएको छ । परम्परागत पेशामा आधारित रुम्जाटारको राडीपाखी र भेडापालन व्यवसाय, नेवार, गुरुङ, तामाङ, राई र शेर्पा समुदायको संस्कृतिमा आधारित परम्परागत सांस्कृतिक झाँकी जस्ता साँस्कृतिक सम्पदाले यस नगरपालिकाको गौरव बढाएको छ ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या २७ हजार ३ सय ५१ जना रहेका छन् भने महिलाको जनसङ्ख्या १४ हजार २ सय ५४ र पुरुषको जनसंख्या १३ हजार ९७ मात्र

रहेको छ । महिलाको जनसंख्या ५२ प्रतिशत छ भने पुरुषको जनसंख्या ४८ प्रतिशत छ । कुल परिवार संख्या ७ हजार १ सय २६ छ भने परिवारको औषत आकार ३.८४ जना रहेको छ । वडा अनुसारको जनसंख्या तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १ : जनसांखिक अवस्था

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ९३१ | ९५८ | १८८९ |
| २ | १३१५ | १४५१ | २७६६ |
| ३ | १०६६ | ११३७ | २२०३ |
| ४ | १२५२ | १४३० | २६८२ |
| ५ | १३९७ | १५२१ | २९१८ |
| ६ | ९८७ | १०३५ | २०२२ |
| ७ | ११५७ | ११२८ | २२८५ |
| ८ | ७१७ | ८५४ | १५७१ |
| ९ | ९२१ | १०६१ | १९८२ |
| १० | ८३० | ९८४ | १८१४ |
| ११ | १६२३ | १७१८ | ३३४१ |
| १२ | ९०१ | ९७७ | १८७८ |
| जम्मा | १३०९७ | १४२५४ | २७३५१ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

वडागत रुपमा ६% देखि १२% जनसंख्याको वसोवास छ । सबै भन्दा बढि १२% जनसंख्या वडा नं ११ मा छ भने कम जनसंख्या वडा नं ८ मा ६% छ ।

कुल २७ हजार ३ सय ५१ जनसंख्या मध्ये १५ देखि ५९ वर्ष उमेर समुहको जनसंख्या लगभग ७१ प्रतिशत रहेको छ । त्यसै गरी आर्थिक रुपमा सकृय जनसंख्यामा मध्ये ५० देखि ५९ वर्ष समुहका पुरुष र ३० देखि ३९ वर्ष समुहका महिलाको जनसंख्या तुलनात्मक रुपमा धैरै देखिन्छ ।

रेखा चित्र १ : आर्थिक रुपमा सकृय जनसंख्याको विवरण



ओखलढुङ्गा जिल्लाको वस्तुगत विवरण २०७४ अनुसार यस नगरपालिकामा ७२.७७ प्रतिशत हिन्दु, १९.०२ प्रतिशत बौद्ध, ०.७१ प्रतिशत क्रिस्चियन, ७.०७ प्रतिशत किराँतहरुको बसोवास छ । मातृभाषाका आधारमा सिद्धिचरण नगरपालिकामा कुल जनसङ्ख्याको ६४.२९ प्रतिशत अर्थात सवै भन्दा बढी नेपाली खस पर्वते भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्ने गरेको देखिन्छ, भने शेर्पा भाषीको सङ्ख्या १०.१७ प्रतिशत रहेका छन । त्यसैगरी मगर मातृभाषा बोल्नेको सङ्ख्या ७.५२ प्रतिशत, वाहिङ बोल्नेको संख्या ६.३५ प्रतिशत छ भने तामाङ्ग भाषा बोल्नेको संख्या ३.३२ प्रतिशत रहेको देखिन्छ । यस वाहेक मैथिली, भोजपुरी, थारू, नेवार, अवधी, बान्तावा, गुरुङ, लिम्बू, उर्दू, राजवंशी, हिन्दी, चाम्लिङ, सन्थाल, दनुवार, उराव, सुनुवार, बग्ला, राजस्थानी, माझी, कुलुङ, धिमाल, याक्खा, थुलुङ, साम्पाङ, भुजेल, दराई, खालिङ, साङ्केतिक भाषा, जिरेल, वाम्वुले, पुमा, नाछिरिङ, मेच, बोटे, वाहिङ, छिरिङ, लोहरूङ, जेरो/जेरुङ, राई, खाश, डोटेली लगायत अन्य भाषा बोल्नेको सङ्ख्या कम रहेको छ ।

## २.२ आर्थिक विकास अवस्था

नगरपालिकाको आर्थिक विकास आधारको रुपमा कृषि तथा खाद्य सुरक्षा, पर्यटन तथा सस्कृति, उद्योग, व्यापार, व्यवसाय र आपूर्ति, आम्दानी, रोजगारी र वित्तीय सेवा, तथा सहकारी जस्ता क्षेत्रहरुलाई लिन सकिन्छ । यस्ता क्षेत्रहरुको अवस्थाले समग्र नगरपालिकाको आर्थिक विकासको अवस्थालाई चित्रण गरेको हुन्छ । यस खण्डमा नगरपालिकाको आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा प्रस्तुत भएका तथ्यांक र सूचनाहरु वडा स्तरीय छलफलका क्रममा संकलन गरिएको हो ।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस नगरपालिकामा जनसंख्याको झण्डै ७९ प्रतिशत कृषि पेशामा संलग्न रहेको पाइएको छ । नगरपालिकामा पराम्परागतरुपमा धान, मकै, कोदो, गहुँ, आलु, फापर, मास, भटमास, सिमि, जौं जस्ता कृषि उपजको उत्पादन हुने गरेको छ भने सबैभन्दा राम्रोसँग फस्टाउने वालीमा धान, मकै, कोदो, फापर र आलु पर्दछ। नगरपालिकामा आधुनिक तथा व्यवसायिक रुपमा कृषि कर्म गर्ने कृषकको संख्या करिब ३४१ जना छ । जोत्नको लागि हातेट्याक्टर, धाँस काट्ने मेसिन, थ्रेसर, कोदो कुट्ने मेसिन जस्ता कृषि उपकरणहरु र परम्परागत औजारहरु जस्तैः हलो प्रयोग गरिन्छ भने मुख्य नगदे वालीमा तोरी, आलु, गहुँ, भटमास, वेसार, खुर्सानी, बदाम, र अलैंची आदि उत्पादन गरिन्छ । यस नगरपालिकामा मौसमी र वेमौसमी तरकारी उत्पादन हुन्छ। मूख्यरुपमा बन्दा, काउली, केराउ, साग, फर्सि, गोलभेडा, सिमी उत्पादन हुने गरेको पाइन्छ भने आलु, मकै, कोदो, आलु, मकै, धान, विभिन्न जातका तरकारी, अदुवा, अकबरे, अमृसो, मुला, सिमि, च्याँउ, बन्दा, आलु, काउली, गोलभेडा, खुर्सानी, कोदो, लसुन, प्याँज र दुध जस्ता कृषि तथा पशुजन्य उत्पादन निर्यात हुने गरको पाइन्छ । निर्यात हुने वस्तुहरु खासगरी ओखलढुंगा, निशंखे, सोलु, स्थानीय हाट, रुम्जाटार तथा काठमाण्डौ र तराईका केही स्थानहरुमा समेत निर्यात गरिने गरेको छ। यस नगरपालिकाका कृषकहरुले खेतबारीमा आफैले वनाएको मल र रासायनिक मल प्रयोग गरेको पाइन्छ भने कृषि उत्पादनका लागि कतिपय कृषकहरुले सहजरुपमा वीउ विजन प्राप्त गरेका छन् भने कतिपय वडाका कृषकहरुले सहज र पर्याप्त रुपमा पाएका छैनन् । अलैंची, कुचो, वेसार, कोदो, मकैं, धान, अदुवा, अम्रिसो, अकवरे आलु, मुला, सिमि, च्याँउ र कोदो भारत तर्फ निर्यात हुने गरेको छ भने भारत तर्फबाट आयात हुने कृषि उत्पादनमा चामल, पीठो, तेल, आँटा, मैदा, दाल, चाउचाउ, खोर्सानी, र चिउरा आदी पर्दछ । यद्यपी सवैभन्दा धेरै सम्भावना भएको कृषि व्यवसायमा बेसार, सुर्ति, आलु, मकै, कोदो, धान, दाल, तोरी, अलैंची,

चिया, तरकारी, किवी, सुन्तला पर्दछन । स्थानीय रुपमा उत्पादित वस्तुमात्र उपभोग गर्ने घरधुरी २१ प्रतिशत रहको छ ।

स्थानीय स्तरमा आँप, मेवा, रुख कटहर, अम्वा, सुन्तला कागती, केरा, निवूवा, किवि, एभोकाडो, नास्पाती, आरु, आल्चा, जुनार, आँप, स्याउ, लिची, जस्ता फलफुल उत्पादन हुने गरेको पाईन्छ । यस्ता फलफुल स्थानीय रुपमा करिव २३ प्रतिशत खपत भएको पाइन्छ भने उत्पादित फलफुल सरदमुकाम हटिया, स्थानीय बजार, हटिया, ओखलढूङगा, रुम्जाटार, निसङखे हटियामा बिक्री गर्नुका साथै काठमाण्डौसम्म पनि निर्यात गरेको पाइन्छ । भारतबाट स्याउ, अंगुर, आँप, केरा, सुन्तला, लिच्ची, मेवा, एभोकाडो, ड्रयागनफ्रुट, ओखर, हलुवावेद, सुन्तला, कागती जस्ता फलफुल भारतबाट आयात गरिएको पाईन्छ भने केहिमात्रामा अलैंची निर्यात गरिएको छ । भारतबाट आयात गरिने फलफुलहरु जस्तै स्याउ, अंगुर, आँप, केरा, सुन्तला, लिच्ची, मेवा, एभोकाडो, ड्रयागनफ्रुट, ओखर, हलुवावेद, सुन्तला, कागती आदी धेरै सम्भावना भएको फलफुल व्यवसायमा पर्दछ ।

यस नगरपालिका पशुपालनका हिसाबले पनि धेरै संभावना भएको क्षेत्रमा पर्दछ । यस नगरपालिकामा ११ वटा गाई फार्म, ४७ वटा भैसी फार्म, २१८ वटा बाख्रा फार्म, २०६ वटा कुखुरा फर्म, १५ वटा दुध डेरी र ५२ वटा वंगुर फार्म व्यवस्थितरुपमा सञ्चालनमा रहेको छ । यसका अतिरिक्त वडा नं १, २, ३, ८ र ९ मा मौरीपालनका करिब ३६ वटा फार्महरु रहेका छन् ।

पशुपालनबाट हुने उत्पादनको स्थानीय बजारको रुपमा ओखलढंगा, निशंखे, स्थानीय हाट बजार र बाह्य बजारको रुपमा काठमाण्डौ र तराईका केहि स्थानलाई लिन सकिन्छ । पशुजन्य उत्पादन उल्लेख्य रुपमा निर्यात गरेको पाईएको छैन भने करिव १९ प्रतिशत पशुजन्य वस्तु आयात गरेको पाईन्छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

पर्यटन तथा संस्कृति आर्थिक विकासको आधार हो । यस नगरपालिका प्राकृतिक र साँस्कृतिक सम्पदाले भरिपुर्ण छ । सिद्धिचरण नगरपालिका नेपालकै प्रमुख पर्यटकीय केन्द्रका रूपमा रहेको सोलुखुम्बुसँग जोडिएको छ । साथै यो तराई-हिमाल जोड्ने पर्यटकीय भागमा अवस्थित रहेको छ । नगरभित्र पनि ओखलढुङ्गा, रुम्जाटार लगायत झरना, गुफा, पोखरी, नदी जस्ता प्राकृतिक संरचना रहेका छन् । यसै नगरपालिका भएर सगरमाथा क्षेत्र, रामेछाप र खोटाङ जिल्ला प्रवेश र तराई समेत पुगिने हुँदा सिद्धिचरण नगरपालिकामा पर्यटन विकासको प्रशस्त सम्भावना रहेको छ । यो नगरपालिका नेपालकै प्रमुख पर्यटकीय गन्तव्यस्थल सोलुखुम्बुसँग जोडिएको तथा खुम्बुबाट पैदल मार्ग भएर पर्यटक फर्कने नाकामा अवस्थित छ । तीनतिरबाट ठूला र रमणीय नदी दूधकोशी, सुनकोशी र लिखुनदीले घेरिएको छ । यो नगरपालिका धार्मिक गन्तव्यस्थल हलेसी जाने मार्गमा पर्दछ । हलेसीसँग पर्यटन प्रवर्द्धनको हिसावले यस नगरपालिकालाई जोडी पर्यटकको सङ्ख्या बृद्धि र बसाइलाई लम्ब्याउन सकिने सम्भावना रहेको छ । हाल यस नगरपालिकामा एक जना पर्यटकको औषत दैनिक खर्च करिब रु २ हजार रहेको छ भने औषत बसाइ १.२ दिन रहेको छ । यस बाहेक व्याँसे डाँडा, गढँ डाँडा, वानिया छाप, चुहानगढी, लामीसोति भ्यू पार्क, नारायणस्थान, कोशी, ओडारे, गढी डाँडा, ठूलो थामडाँडा, देउराली, जन्तरधाप, महघार गुफा, तोलु गुफा, लामोपुल, तारेभिरडाँडा, चमेरे पाताल जस्ता स्थानहरु पर्यटकीय सम्भावना रहेको क्षेत्र हो । साथै नगरपालिका भित्र सानाठुला गरि १३ वटा पोखरी छन् जस्ले स्थानीय आन्तरिक पर्यटनलाई समेत सहयोग गर्न सक्दछ ।

सिद्धिचरण नगरपालिका विविध जातजाति तथा भाषा बोल्ने मानिस बसोवास गर्दछन् । छुट्टै भाषा र संस्कृति भएका जातिमध्ये, राई, सुनुवार, नेवार, शेर्पा र तामाङ मुख्य हुन् । यीमध्ये पनि राई जातिको मात्र ८ भन्दा बढी भाषा पाइन्छन् । उनीहरुको संस्कृति, रहनसहन, भेषभूषा चालचलन, मेला पर्व र उत्सवहरुमा पनि विविधता रहेको छ । सांस्कृतिक विविधताले नगरमा विभिन्न समाज तथा मानवशास्त्रीय अध्ययन, अनुसन्धान र सांस्कृतिक पर्यटनको सम्भावना सिर्जना गरेको छ जसबाट नगरपालिकाको आर्थिक प्रवर्द्धन र विकासमा टेवा पुऱ्याउन सक्ने सम्भावना रहेको छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस नगरपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचना अनुसार करिव २१३ वटा व्यवसायहरु सञ्चालनमा छन् जस मध्ये २७ वटा मूख्य रुपमा रहेका छन् । यस्ता व्यवसायहरुमा टपरी, कृषिऔजार, खाडी उद्योग, राडी पाखी, फर्निचर, थोक्पा, मछिनो, तितेपाती प्रशोधन रहेका छन् । यस बाहेक ससाना व्यापार व्यवसायहरुमा खुद्रा पसल, होटल, कपडा, औषधी, फर्निचर व्यापार, किराना पसल, होटल, फेन्सी, औषधी, कपडा, मासु पसल रहेका छन् । यद्यपी यस्ता व्यवसायहरुले न्यून दरमा रोजगारी सिर्जना गरेका छन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

ग्रामिण अर्थतन्त्र तथा रोजगारीको अधिकांश हिस्सा कृषि तथा पशुपालनले धानेको छ भने पछिल्ला बर्षहरुमा बैदेशिक रोजगार पनि मुख्य हिस्साको रुपमा देखिएको छ । जनगणना २०७८ अनुसार ६५.५% जनसंख्या आर्थिक रुपमा सक्रिय छन् भने ३४.३% जनसंख्या आर्थिक रुपमा निस्क्रिय छ । १० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको ९३.६% जनसंख्या रोजगारीमा संलग्न छ ।

रेखा चित्र २ : रोजगारीको अवस्था




यस नगरपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार बैंक, सहकारी तथा वित्तीय संस्थाहरुको विवरण र अन्य अवस्था यस प्रकार रहेको छ ।
नगरपालिकामा ५४ प्रतिशत भन्दा बढी घरधुरीको बैंक खाता रहेको पाईएको छ भने मोबाईल बैंकिङको खाता २३ प्रतिशत भन्दा कम घरधुरीमा रहेको छ । करिव २४प्रतिशत कृषकले बैंकबाट ऋृण लिएका छन् । साथै करिव ४५७ घरधुरी विमा कार्यक्रममा संलग्न छन् भने कृषि विमामा संलग्न कृषक ३७० जना रहेको छ ।

### २.२.५ सहकारी

आर्थिक विकासको एउटा खम्बाको रुपमा सहकारीलाई लिईन्छ । सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका

आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित सँग ठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरु स्थापना गरिएको हुन्छ । यस नगरपालिका अन्तरगत करिव ५५ सहकारी संस्थाहरु स्थापना भएका छन् । सहकारी संघसंस्थाहरुको दर्ता तथा नियमनको लागि सहकारी ऐन समेत तयार गरिएको छ ।

## २.३ सामाजिक विकासको अवस्था

नगरपालिकाको समग्र विकासमा सामाजिक क्षेत्रको भूमिका महत्वपुर्ण रहेको छ । नगरपालिका अन्तरगत स्वास्थ्य तथा पोषण, शैक्षिक विकास, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा युवा, खेलकुद तथा कलाको अवस्थाले नगरपालिकाको सामाजिक विकासको अवस्थालाई जनाउँछ । नगरपालिकामा उक्त क्षेत्रको वर्तमान अवस्थाको सार समीक्षा यस प्रकार रहेको छ ।

### २.३.१ स्वास्थ्य तथा पोषण

मानव विकासको महत्वपुर्ण सूचकको रुपमा स्वास्थ्य तथा पोषणलाई लिइन्छ । स्वास्थ्य र पोषणमा गरिएको लगानीले समग्र मानव विकास टेवा पु-चाउँछ । यस क्षेत्र अन्तरगत खोप कार्यक्रम, गाउँघर क्लिनिक सेवा, पोषण कार्यक्रम, समुदायमा आधारित नवजात शिशु तथा बालरोग एकीकृत व्यवस्थापन कार्यक्रम, परिवार नियोजन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम (मातृ तथा नवजात शिशु स्याहार) रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा (सूचना तथा सञ्चार) कार्यक्रम, उपचारात्मक सेवा, महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम, यौनरोग तथा एच.आई.भि./एडस कार्यक्रम, महामारी नियन्त्रण कार्यक्रम जस्ता सेवाहरु पर्दछन् । सिद्धिचरण गाँउनगरपालिकामा उपरोक्त स्वास्थ्य र पोषण सेवा प्रवाहका लागि स्वास्थ्य १५ वटा संस्थाहरु छन् । यी स्वास्थ्य संस्थाहरुबाट नियमित खोप, वर्थिग सेन्टर, गाउँघर क्लीनिक, प्राथमिक उपचार, उपचारात्मक, प्रतिकारात्मक, प्रबर्धनात्मक, ओ.पि.डि.सेवा, परिवार नियोजन सेवा जस्ता सेवा प्रवाह भएका छन् । बस्ती स्तरमा सामाजिक परिचालनको लागि महिला स्वास्थ्य स्वयसेविकाहरु पनि खटाईएको छ । स्वास्थ्य उपचारको लागि नागरिकहरु सरकारी वा निजी अस्पताल जाने प्रचलन छ । यद्यपी सबै वडावासीलाई गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्धता भने न्यून छ । खास गरी यस नगरपालिकाका नागरिकहरुमा हात्तिपाईले, रुघा, खोकी, ज्वरो, दम, पखालाप्रेसर, सुगर, मुटु रोग, ग्यास्टिक, मधुमेह, हाडजोर्नीको समस्या, पाठेघर सम्बन्धी समस्या हुने गरेको पाइन्छ ।

### २.३.२ शैक्षिक विकास

गुणस्तरीय शैक्षिक अवस्थाको सुधारले बहुआयामिक विकासलाई सुदृढ बनाउँछ । आवधिक योजना निर्माण गर्दा शैक्षिक अवस्था सुधार गर्ने योजना बनाउन जरुरी हुन्छ । जनगणना २०७८ अनुसार यस नगरपालिकामा ५ बर्ष वा सो भन्दा माथीका जनसंख्या २५,५७५ छ जसमध्ये ७६.१६% कूल साक्षरता दर छ भने पुरुष साक्षर दर ८४.४२ % र महिलाको साक्षरता दर ६८.६७% छ । ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्याको अवस्था यस प्रकार रहेको छ ।

रेखा चित्र ३ : साक्षरता सम्वन्धि विवरण




यस नगरपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार शैक्षिक संस्था र सेवा प्रवाहको अवस्था यस प्रकार छ । यस नगरपालिकामा ४९वटा सामुदायिक तथा १३ निजी विद्यालय छन् ।

तालिका २: विद्यालयको भौतिक संरचना सम्बन्धी विवरण

| विवरण | वडा नं/संख्या | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा |
| पक्की संरचना भएका शैक्षिक संस्था | ७ | ५ | ४ | ३ | ३ | १ | ० | १ | १ | २ | ६ | १ | ३४ |
| पक्की शौचालय भएका विद्यालय | ७ | ९ | ६ | ५ | ३ | ३ | ३ | १ | ५ | २ | ८ | १ | ५३ |
| महिलामैत्री शौचालय भएका विद्यालय | ७ | ९ | १ | २ | २ | ३ | ३ | ३ | ५ | ४ | ८ | १ | ४८ |
| अपाङ्गमैत्री शौचालय भएका विद्यालय | ६ | ० | १ | १ | २ | १ | ० | १ | ५ | | | १ | १८ |
| बालमैत्री विद्यालय | ७ | ९ | ४ | ५ | ५ | ५ | ६ | ३ | ५ | ४ | ८ | २ | ६३ |

स्रोत: वडागत सर्वेक्षण २०७९

### २.३.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई गुणस्तरीय स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्दछ । यस नगरपालिकामा खानेपानीको मुख्य स्रोतको रुपमा सामुदायिक पाईप धारा र सार्वजनिक धारा रहेको देखिन्छ। प्रत्येक वडामा खानेपानीका योजना सञ्चालनमा छन् । वडागत रुपमा यस नगरपालिकाको खानेपानी आयोजनाहरु यस प्रकार रहको छ ।

तालिका ३: खानेपानी आयोजना सम्बन्धी विवरण

| वडा नं | खानेपानी आयोजनाको नाम |
|---|---|
| १ | छिपछिपे खानेपानी आयोजना |
| २ | छिपछिपे खानेपानी आयोजना, अधेरी खोला खानेाीनी, पिपिरीधारी खानेपानी, छरछरे, गणेशमानसिंह गैरीधारा, गगटेखोला, ओपी खोला, तल्लो वारी, भीरपानी |
| ३ | गौरीखौला खां.पा.आ,ाम अधेरी खां.पा.आ, असिने खां.पा.आ, लामीस्वती खां.पा.आ, कोप्चे खां.पा.आ, |
| ४ | रुम्जाटार खानेपानी आयोजना, चार्खु खानेपानी आयोजना |
| ५ | रुप्से खोला, हिले खोला, वर्णालु खानेपानी, देउराली खानेपानी, मृगेखोला खानेपानी आयोजना |
| ६ | मेल गैरा खानेपानी, तल्लो मैदाने खानेपानी |
| ७ | विगुटार खानेपानी आयोजना |
| ८ | मुयुने, देवीस्थान,, अल्ले, लाटी ओडार,जोर धारा, बगरेखोला |
| ९ | चन्दने, जोरधारा,, उक्तिसे खोल्सा, ज्याामिरे कुलकुले खोल्सा खानेपानी आयोजना |
| १० | खाल्टे, हरिवोले,रुप्से, बलेसी, बेसी, दशधारा, १८ छागा, निगुरनी, छ्यारछ्यारे,, सिम, पाँच मुरे, कोप्ची खर्क खानेपानी |
| ११ | भुजापाते, भुलभुले,, अल्ले, चोकाचिपि खानेपानी |
| १२ | भुजापाते खानेपानी |

स्रोतः वडागत सर्वेक्षण, २०७९

खानेपानी आयोजनाले ६७ प्रतिशत नगरवासीको माग सम्बोधन गरेको छ । यस नगरपालिका भित्र सरसफाई र फोहोरमैला व्यवस्थापन सन्तोसजनक रहेको छ। सरसफाईका सन्दर्भमा डम्पीङ साईटमा लाने, जलाउने, गाड्न, अभ्यास छ भने नगरपालिकाले ११ र १२ नं वडामा नियमितरुपमा फोहोरमैला व्यवस्थापन नगरपालिका कै व्यवस्थापन हुने गरेको छ ।

## २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नगरपालिकाको समग्र विकासमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको भूमिका महत्वपुर्ण रहन्छ। नगरपालिकाका वडाहरुमा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण भएको छन् । समाजमा भेदभाव, हिंसा, घटना, बालविबाह जस्ता घटनाहरु हुने गरेको पनि पाईएको छैन् । आदिवासी जनजातिका सन्दर्भमा मगर, नेवार, भुजेल, राई, गुरुङ्ग, तामाङ्ग, शेर्पा, सुनुवारको बसोवास छ। यसै गरी दलित समुदायमा कामी, दमै, सार्की कामीको वसोवास छ भने बाहुन र क्षेत्री समुदायका थापा, वस्नेत, बट्वाल, घिमिरे, कार्की, निरौला, ओभ्ना, भट्टराई, कोईराला, पोखेल, कटेल, फुयाल, कार्की, राउत, आचार्य, नेपाल, दाहाल, खनाल, धमला, खतिवडा, गिरी, कोईराला, घिमिरे, सापकोटा, चौलागाई, वास्तोला, पौडेल, खड्का, बस्नेत, पराजुली, वाग्ले, खत्रहरुको बसोवास छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरापलिकामा कुल जनसंख्या मध्ये २.४% जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ। त्यस मध्ये २.३% अपाङ्गता भएका महिला र २.५% अपाङ्गता भएका पुरुष छन्। अपाङ्गता भएका मध्ये ३६.२% शारीरिक, ५.२% दृष्टिविहिन, १३.८% न्यून दृष्टियुक्त, १०.१% बहिरा, ६.१% मनोसामाजिक, १.८% बहिरा एवं दृष्टिविहिन, ६.१% मानसिक, ३.४% बौद्दिक अपाङ्गता, ०.६% हेमोफेलिया, १.५% अटिज्म र ७.७% बहुअपाङ्गता पाइएको छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

मानव शरिरलाई क्रियाशील, सक्रिय र दुरुस्त राख्न खेलकुदको महत्वपुर्ण भूमिका रहेको हुन्छ । खेलकुदले शारिरिक, मानसिक तथा संवेगात्मक विकासको लागि योगदान पु-चाउँदछ । खेलकुदलाई एउटा सौख र मनोरञ्जनका रुपबाट मात्र नहेरी खेलको महत्व र त्यसका लाभलाई बुझेर सबै उमेर समूहका व्यक्तिहरु सामेल र सहभागी हुन आवश्यक छ । यद्यपी यस नगरपालिकामा युवा लक्षित क्लवहरुको स्थापना गरिएको छ । यस नगरपालिकाका युवाहरु खास गरि कृषि, बैदेशिक रोजगार, सरकारी जागिरे, व्यापारमा संलग्न छन् । स्थानीय स्तरमा ११ प्रतिशत युवा रोजगार प्राप्त गरेका छन् भने करिव ३७ प्रतिशत युवा वैदेशिक रोजगारमा गएका पाईएको छ । भलिवल, फुटबल, वास्केटबल मूख्य खेलहरु हुन । करिब १० जना राष्ट्रिय तथा नगर स्तरीय खेलाडी छन् ।

यस नगरपालिकामा माघी, लाखे, दशै, तिहार, सँगिनी, ल्होसार, जाल्पा, एकादशी जस्ता जातिय तथा साँस्कृतिक विविधता भएका चाडपर्व मनाइन्छ भने ५ जना साहित्यकार कवि, ६ जना कलाकार, २ जना गायक र १ जना गायिका छन् ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

पूर्वाधार तथा शहरी विकासको महत्वपुर्ण अवयवहरुमा बस्ती विकास, आवास, भवन तथा सार्वजनिक निर्माण, सडक, पुल तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार तथा प्रविधि पर्दछ । यस्ता पक्षहरुको विकास तथा प्रवर्द्धनले नगरपालिकाको समग्र विकासको चित्रण गर्दछ ।

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

यस नगरपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार १२ वटै वडाहरुको आफ्नै वडा कार्यालय छ । १३ वटा स्वास्थ्य चौकीको भवन, ६१ वटा विद्यालयका भवन र ६ वटा सामुदायिक भवन रहेको छन् । साथै नगरपालिकामा २ वटा मनोरन्जन पार्क वालउद्यान, २ वटा सार्वजनिक शौचालय र २ वटा खेल मैदान तथा रंगशाला निर्माण भएको छ । सामुदायिक उद्दार केन्द व्यवस्था भएको पाइदैन । यातायतलाई व्यवस्थित गर्न १ वटा वसपार्क व्यवस्था छ । साना शहर बस्ती विकासका लागि ठाडे, जन्तरधाप, जन्तरखानी र टोड्के उपयुक्त स्थानहरु हुन । तर, नगरपालिकामा सुरक्षित आवास तथा बस्ती विकास र औद्योगिक क्षेत्ररुपमा विकास भएको छैन । भविश्यमा व्यवस्थित आवास तथा बस्ती वनाउनको लागि ओखरबोटेबाट अधेरीसम्म, डाँडा खर्क, टोड्के, दोल्पु, विगुटार, सुर्के, सिल्लपुर क्षेत्रजस्ता स्थानहरु उपयुक्त छन् ।

### २.४.२ सडक, पुल तथा यातायात

सडक, पुल तथा यातायातको प्रवन्ध आधुनिक विकासको सूचक हो । यस नगरपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार २३.५ किमि कालोपत्रे सडक छ भने ५६ किमि ग्रावेल, ४९९ किमि कच्चि सडक रहेको छ । नगरक्षेत्र भित्रका सडकको न्युनतम चौडाई ३ मिटर बढीमा ६ मिटरसम्मको रहेको छ । सडक विस्तारसँगै सडक छेउमा घर निर्माण गर्नेको संख्या पनि बढ्दै गएको पाईन्छ । पक्की तथा कच्चि सडक छेउमा करिव १ हजार ५ सय ८१ घर निर्माण भएको पाइन्छ । सडक नपुगेको विकट भौगोलिक क्षेत्रमा आवतजावतको लागि सहज र सरल माध्यम झोलुङ्गे पुल हो । यस नगरपालिकामा ४७ वटा भोलुङ्गे पुलहरु रहेका छन् भने ७ वटा मात्र पक्की पुल रहेका छन् ।

तालिका ४: प्रमुख सडकको विवरण

| वडा नं | सडकहरुको नाम |
|---|---|
| १ | निशंखे मूलघाट, निशैखे कोशेली चौर हुदै शुले दोभान, गणेश थान हरदै पहरे वेशी, नाल्सुहुदै महिनटार |
| २ | मिनलचोक निशंखे खानीभञ्ज्यांग, निशैखे रुम्जाटार |
| ३ | मिनलचोक निशंखे खानीभञ्ज्यांग, |
| ४ | ओखलढुंगा रम्जाटार सडक, |
| ५ | रमाईलो डाँडा रुम्जाटार सडक, वनपालेबाट फेदे देउराली सडक |
| ६ | रिङ्ग रोड |
| ७ | धुन्साविगुटार, विल्दु सडक, धुन्सा ढुस्के सडक |
| ८ | कृषि सडक मिलन चोक हुदै वेतिनी जाने ुसडक |
| ९ | भालुखोप अधेरी दोभान, वर भञ्ज्याङ्ग तीन कन्या, लोकिल कामी चौतारा |
| १० | निगाले दोभानदेखि पारा दोभानसम्म |
| ११ | मिलनचोक विव्ल्याटे, रमाईलो डाँडा रुम्जाटार |
| १२ | थोकर गेष्टहाउसदेखि उग्रे खोल्सो सिमलडाँडा |

स्रोतः वडागत सर्वेक्षण २०७९

## २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

सडक, पुल तथा यातायातको प्रवन्ध जस्तै विद्युत् तथा वैकल्पिक ऊर्जा आधुनिक विकासको सूचक हो । यस नगरपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार वडा नं ४, ५, ११ र १२ मा १०० प्रतिशत भने अरु वडा नं ६, ७ र १० मा क्रमश ३० प्रतिशत, ६० प्रतिशत र २५ प्रतिशत विद्युत पहुँच पुगेको छ । यी बाहेक अरु वडाहरुमा ९० प्रतिशत भन्दा बढि घरधुरीमा विद्यतको पहुँच छ। विद्युत नपुगेको वडाहरुका बस्तीहरुमा करिब ३० प्रतिशतले सोलार, बायो ग्याँस जस्ता वैकल्पिक उर्जाको प्रयोग गरेको पाइन्छ।

## २.४.४ सूचना, सञ्चार तथा प्रविधि

आजको युग सूचना र प्रविधिको हो । सेवा प्रवाहमा सूचनाप्रविधिको प्रयोग अपरिहार्य छ । यस नगरपालिकाको १२ वटै वडा कार्यालयहरुमा इन्टरनेट सेवाको व्यवस्था छ । स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरु पनि सूचना प्रविधिको व्यवस्था गरिएको छ। सूचना प्रविधिको प्रयोगले HMIS, DHIS2, EMIS र केट मार्फत अभिलेखिकरण र प्रतिवेदन हुने गरेको छ । यस नगरपालिकाका विद्यालयहरु पनि प्रविधिमैत्री छन्। ६ वटा विद्यालयमा सूचना प्रविधिका प्रयोग गरिएको छ। नगरपालिकाको सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरिएको छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

वन तथा जैविक विविधता मानव जीवनको आधार हो । वन तथा जैविक विविधताको संरक्षण नगरपालिकाको जिम्मेवारी भित्र पर्दछ । यस नगरपालिका भित्र ६६ वटा सामुदायिक वन, ७८ वटा निजी वन, ६ वटा कबुलियती वन रहेको छ । यस नगरपालिकामा विभिन्न वन्यजन्तु जस्तैः चितुवा, बाँदर, घोरल, मृग, स्याल, खरायो, मयुर, कालिज, दुम्सी, मृग, सालक, तित्रो, ढेडु, आदि पाइन्छ । शीलाजीत, हर्रो, बर्रो, चिराईतो, पाखनभेद,     चिराईतो, ठूलो ओखति, खोर्सानि, मछिनो, तितेपाती, सतुवा, पाँचऔले, जटामसी,    खुसिङ, लोक्ता, जेठी मधु, टिमुर, हरचुर, बोझो जस्ता जडिवुटीमा पाइन्छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नेपालको भू-बनौट धेरै भिरालो, कमजोर भौगर्भिक अवस्था, छोटो समयमा हुने अधिक मनसुनी वर्षा, अनुपयुक्त भू-उपयोग र संरक्षणलाई ख्याल नगरी जथाभावी गरिने विकास-निर्माणका कामले हरेक वर्ष बाढी, पहिरो र नदी कटानबाट मुलुकले ठुलो मानवीय तथा भौतिक क्षति बेहोर्दै आएको छ । नगरपालिकाले समेत विभिन्न प्राकृतिक एवं मानव सिर्जित कारणबाट हुने गरेको भयावह क्षतिलाई सकभर हुनै नदीने वा न्यून क्षति पुग्ने गरी ग्रामीण एवं जोखिमयुक्त स्थानमा बसोबास गरेका जनतालाई संरक्षण गर्नु र विपद्बाट जोगाउनु पहिलो दायित्व हो । यस नगरपालिकाका वडा अन्तर्गत दुधकोशी, टुनिखोला, आईतवारे खोल्सा, गुरुङ खोल्सा, सस्नेखोला, बोहारे, गगटे, जामुने, मसारा, सिस्नेखोला, बोहारे, गगटे, जामुने, मसारा, सिस्नेखोला, ठेटुने, रिठ्ठे खोल्सा, सिस्नेखोला, ठेटुने, मग्ने, मनउले, बाहुनी, रुप्से, ठूलो खोला, फोम्टे खोला, खारी खोला, लट्टेवारी, भुजापाते, खारी खोल्सा, नागविले पोक्तिङ, लिञ्चर, सुन्तारे, लप्सि खोला, घोरपु खोला, तिलखोरिया पहिरो मोलुंग, लिपे, अधेरी, पहरे खोल्सा, खहरे खोल्सा, उत्तिसे, धारा खोल्सा, निगाले, अधेरी, पापीहरिवोले, मोलुंग खोला, निगाले, अधेरी, पापीहरिवोले, मोलुंग खोला रहेका छन् । यस्ता खोलाखोल्लाहरुको व्यवस्थापन आवश्यक छ । यस नगरपालिकामा झण्डै ८ सय ५२ हेक्टर सार्वजनिक जमिन छ । यस्ता पाखा वा क्षेत्रहरुमा वृक्षारोपण, पहिरो नियन्त्रण, खहरे खोला किनार संरक्षण, पोखरी ताल तलैया संरक्षण, पहिरो जस्ता संवेदनशिल क्षेत्र पहिचान एवं नक्शाङ्कन, सिमसार क्षेत्र, पोखरी क्षेत्रहरु संरक्षण एवं वैज्ञानिक व्यवस्थापन जस्ता महत्वपुर्ण काम गर्नुपर्ने देखिन्छ ।

नगरपालिकामा पहिरो नियन्त्रणका लागि पहल कदमी लिइएको छ । मुलघाट, कोशीले कटान, विमिरे पहिरो, बतासे पहिरो, सिम्ले पहिरो, मोहिनीटार कटान, कोशेली चौर, खनिया खर्क पुछार, केउरीनी पुछार, स्यावन, चुहानछाप, सिस्नेखोलाले कटान गरेको बस्ती र माने खोला, तिलंगे दोभान, चुप्लु, सुनार खोप, रयाले, कल्लेरी, कात्तिके, बाहुनी खोला, छाँगेठूलोसिम, आरुबोटे, पोखरी, भस्नुथुम्का, दोल्पु, धनेपु, डाँडा गाउँ, घुन्सर, बुके भँगेरी  तिलखोरिया, पहिरो भञ्ज्याङ्ग पाखा, टाडे दोभान, कोईराले, डडुवा पाखा, सोती दोभान, कामी चौतारा, महाभिर, रुप्से, गोगने पहिरो जोखिमपुर्ण अवस्थामा छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

नगरपालिकाले वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको प्रतिकार्यको लागि योजना वनाउन जरुरी छ । नगरपालिकाको क्षेत्रभित्र वनजंगल र जलाधार क्षेत्र भएका र औद्योगिक

कलकारखाना नभएकोले स्वच्छ हावापानीको मात्रा उल्लेख्य छ । वडामा भू-कम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण खासै भएको पाइदैन । नगरपालिकाले हाल सम्म पनि आपतकालीन कोष व्यवस्थापन, वडामा विपद् पूर्व तयारी तथा पूर्वसूचना प्रणालीको व्यवस्था, वडामा आपतकालिन उद्धारका लागि भवन निर्माण भएको पाईएको छैन । यस नगरपालिकामा जलवायु परिवर्तनको अनुकूलनको योजना निर्माण तथा सोही अनुसारका कार्य गर्न आवश्यक देखिन्छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

नगरपालिकाले सम्भावित महामारी तथा विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य तथा पुर्नलाभका लागि पर्याप्त योजना तर्जुमा गर्न जरुरी छ । आपतकालीन प्रतिकार्य संचालन केन्द्रको स्थापना, वडामा बिपदका लागि आवश्यक सामग्री हरुको व्यवस्था, प्राथमिक उपचार केन्द्र एवं रक्त संचार केन्द्रको निर्माण, समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति, वडामा विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन, भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण, आपतकालीन कोष, विपद् पूर्व तयारी तथा पूर्वसूचना प्रणाली, आपतकालिन भवन निर्माण जस्ता कार्य महामारी तथा विपद् व्यवस्थापनको पूर्वाधार हो । केही वडामा आपतकालीन कोषको पनि स्थापना गरिएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

स्थानीय तहले संविधान प्रदत्त एकल र साझा अधिकार सूचीमा उल्लेख भएका विषयहरुलाई कानून बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । एकल र साझा अधिकार सूचीमा उल्लेख भएका विषयहरुका सन्दर्भमा यस नगरपालिकाले ऐन, नियामावली, कार्यविधि, मार्गदर्शन र निर्देशिका निर्माण गरेको छ । यस अन्तरगत सार्वजनिक खरिद नियमावली, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, सार्वजनिक लेखा समितिको कार्यविधि, पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, सहकारी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, आधारभूत तथा माध्यमिक शिक्षा ऐन, स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम कार्य सञ्चालन कार्यविधि, प्रारम्भिक वातावरणीय परीक्षण, कार्य सञ्चालन निर्देशिका, सामाजिक समावेशीकरण नीति, कन्टिजेन्सी रकम व्यबस्थापन तथा खर्च सम्बन्धी कार्यविधि, सार्वजनिक जवाफदेहिता प्रवर्ध्दन सम्बन्धी कार्यविधि,सूचना तथा अभिलेखीकरण स्थापना तथा सञ्चालन कार्यविधि, विषयगत समिति कार्यसञ्चालन कार्यविधि, भवन निर्माण तथा घर नक्सा नियमन कार्यविधि, सञ्चित कोषको आन्तरिक लेखा परीक्षण कार्यविधि, कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि घर बहाल कर व्यवस्थापन कार्यविधि, मर्मत सम्भार कोष सन्चालन सम्बन्धी कार्यविधि लगायत अन्य ऐन नियमको निर्माण गरेको छ । ऐन नियमको निर्माण तथा कार्यान्वयनले जनतामा सन्तुष्टीको मात्रा पनि बढेको पाइन्छ । सबै वडाहरुमा ५४ प्रतिशत सेवाग्राहीहरुमात्र सेवाबाट कति सन्तुष्ट पाईन्छ । नगरपालिकाका वडाहरुबाट प्राप्त हुने सीफारिस, भौतिक संरचना निर्माण, पञ्जिकरण, सामाजिक सुरक्षाभत्ता वितरण मालपोत तथा प्रशासनिक क्षेत्रका सेवाहरु प्रवाहमा आम नागरिकको सन्तुष्टी रहेको पाईएको छ । साथै नगरपालिकाले गरेको भौतिक निर्माण (सडक, खानेपानी लगायत) को कामबाट करिब ६० प्रतिशत सेवाग्राही सन्तुष्ट भएको पाईएको छ । यद्यपी सेवाप्रवाहमा उचित अनुगमन तथा सहयोगको आवश्यकता भने देखिन्छ ।

### २.६.२ सङ्गठनात्मक विकास

सँगठनात्मक विकास निरन्तर रुपमा गरिने सकारात्मक परिवर्तन हो । यसले समयसापेक्ष वैज्ञानिकीकरण तथा प्रभावकारी कार्यसम्पादन गर्न सहयोग गर्दछ। यसका लागि सांगठनिक संरचनामा विकास, नीतिगत सुधार, कार्यप्रक्रियामा गरिने विकास, स्रोत व्यवस्थापनमा गरिने विकास, संस्कृति र सम्वन्धमा सुधार जस्ता विषयहरु पर्दछन्। यस नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासनिक संरचना छ । यस अन्तरगत प्रशासन, योजना, लेखा, राजश्व, पञ्जिकरण तथा अन्य विषयगत शाखा रहेको छ भने प्रत्येक वडामा सचिव, प्राविधिक, सामाजिक परिचालन तथा अन्य कर्मचारी रहेका छन् ।

### २.६.३ योजना व्यवस्थापन

यस नगरपालिकाले नियमित रुपमा वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दै आएको छ । सहभागितात्मक योजना तर्जुमा बस्तीस्तरबाट आएका योजनाहरुको प्राथमिकीकरण, नेपाल सरकार तथा प्रदेश सरकारको प्राथमिकता प्राप्त योजनाहरुको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन हुँदैआएको छ। नगरपालिकाबाट नियमित योजना अनुगमनको कार्य गरिनेछ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

कानूनबमोजिम राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तह तीनै तहले गर्ने व्यवस्था नेपालको संविधानमा गरेको छ। नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्थासमेत संविधानले गरेको छ। संविधानको अनुसूची ८ अनुसार २२ वटा एकल अधिकारका विषय; अनुसूची ९ अनुसार १५ वटा साझा अधिकारका विषय; संविधानको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीति सम्बन्धी थप १४ वटा अधिकारका विषय; र नेपाल सरकार कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत थप ५ बटा विषय स्थानीय तहको कार्यजिम्मेवारी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस सन्दर्भमा यस नगरपालिकाले संघ, प्रदेशको प्राथमिकतालाई ध्यानमा राखी सहकार्य, समन्वय तथा सहअस्तित्वको मर्मलाई आत्मसात गर्दै स्थानीय तहकाको निर्वाचनमा अभिव्यक्त भएको भावना र प्रतिवद्धता पूरा गर्न नेपाल सरकारको पन्ध्रौ योजना, दीगो विकास लक्ष्य, र कोशी प्रदेशको लक्ष्यलाई आधार बनाई यो प्रथम पञ्चवर्षिय योजनाको खाका तयार गरेको छ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

नेपालको संविधानले नगरपालिकालाई व्यवस्थापिका, नगरकार्यपालिका र न्यायीक अधिकार दिएको छ। प्राप्त अधिकार सूची तथा अन्य कार्यजिम्मेवारीले नगरपालिकाको क्षेत्राधिकार तथा कार्यदायरा समेत फराकिलो बनेको छ। नगरपालिका आफैँमा बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भएकोले जनताको आवश्यकता पनि फरक फरक छ। नागरिकका आवश्यकता र आकांक्षा अनुसार नगरपालिकाको आर्थिक तथा व्यवस्थापकिय क्षमता कम छ। न्यून आन्तरिक आय भएका कारणले यो नगरपालिका सङ्घीय तथा प्रदेश सरकारको विभिन्न अनुदानमा आधारित योजना तर्जुमा र व्यवस्थापनमा निर्भर हुनु परेको छ। नगरपालिकाका सबै वडा सडक सञ्जालले जोडिएको भए पनि जोडिएका सडकको स्तरोन्नती, विस्तार, ग्राभेल तथा कालोपत्रे बनाउन आवश्यक छ। पूर्वाधारमात्र होइन सामाजिक, आर्थिक, भौतिक, वन वातावरण तथा संस्थागत विकासमा उत्तिकै लगानी गर्नुपर्ने अवस्था छ। नगरपालिकाका नागरिकलाई प्रत्यक्ष्यरुपमा सेवा प्रदान गर्ने वडा कार्यालय तथा अन्य सेवा केन्द्रहरुका स्तरोन्नती, शिक्षा, स्वास्थ्य र पोषण, उत्पादन र रोजगारी सिर्जनाका लागी उद्योग व्यवसाय सञ्चालन गर्नका लागी थप लगानीको आवश्यकता देखिएको छ। समग्र मानवपुँजी निर्माणमा विकासका हरेक अवयवहरुको क्षमता विकास र परिचालन अपरिहार्य छ। आवश्यकता भन्दा आपूर्ती अवस्था कमजोर भएकोले तत्कालै सबै विषयलाई समेट्न नसकिने अवस्था छ। यद्यपी आवश्यकताहरुको प्राथमिकीकरण र सोही अनुसार योजनाबद्ध विकास प्रयास जरुरी छ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

यस सिद्धिचरण नगरपालिकामा समस्या तथा चुनौतीमात्र होइन उत्तिकै सम्भावना र अवसर भएको स्थानीय तह हो। यस नगरपालिका प्राकृतिक रुपले मनोरम र सम्पदाले भरिपुर्ण छ। यसले पर्यटकीय सम्भावनालाई समेत उजागर गरेको छ। यसका अतिरिक्त वन, वन्यजन्तु, तथा जडिबुटीको व्यवसायीक उत्पादन तथा बजार व्यवस्थापनले नगरपालिकाको आर्थिक अवस्थालाई सुदृढ बनाउन सक्दछ।

यसका अलावा नगरपालिकाले अन्तरनगरपालिका सहकार्यका माध्यमबाट आर्थिक तथा सामाजिक क्षेत्रमा सहकार्य गर्ने अवसार प्राप्त गरेको छ। हलेसी तुवाचुङ, चिसङ्खुगढी, खिजीदेम्वा गा.पा र

सोलुखुम्वु जिल्ला, मोलुङ, लगायतका छिमेकी नगरपालिकासँग साझा सरोकारका विषयमा नगरपालिकाले कार्य गर्न सक्ने सम्भावना रहेको छ ।

## ३.४ आवधिक योजना तयारीका सिद्धान्त




### क) प्रकृति, संस्कृति र पहिचान

प्रकृति प्रदत्त स्रोत तथा साधनको पहिचान र उच्चतम तथा सन्तुलित प्रयोगले दिगो विकासलाई सुनिश्चित गर्छ। त्यसै गरी सामाजिक पूजीका रुपमा स्थापित संस्कृति र पहिचानको उच्चतम प्रयोगले विकास प्रति सम्बन्धी त समुदायमा अपनत्व भाव पैदा गराउछ जसले अन्तत्वगत्वा दिगो विकासमा योगदान पुऱ्याउछ । तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकाको पाँचवटा विकासका मूल्य मान्यता मध्ये प्रकृति, संस्कृति र पहिचानलाई एउटा खम्बाको रुपमा अंगिकार गरेको छ ।

### ख) सहकार्य, सहअस्तित्व र समन्वय

नेपालको संविधानले तीन तहका सरकारहरु बीच सहकार्य, सहअस्तित्व र समन्वयको सम्बन्ध स्थापित गराएको छ। संविधानको धारा २०६ (१) (ट) मा संघ, प्रदेश, र स्थानीय तहलाई सङ्घीय इकाई भनी परिभाषित गरेको छ भने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजस्व र अनुदान सीफारिस र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने अधिकार र हिस्साको निर्धारण गर्ने व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदेश समन्वय परिषदको व्यवस्था गरी प्रदेश र स्थानीय तहले गर्ने काममा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग तथा प्राकृतिक स्रोतको उपयोग तथा बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । यसर्थ नगरपालिकाको आवधिक योजनाले विकासको खाका कोर्दा उल्लिखित संवैधानिक व्यवस्थाको मर्मलाई अंगिकार गरेर अघि बढनु पर्ने भएकाले सङ्घीय तथा प्रदेश सरकार सहित निजी क्षेत्र, गैरसरकारी संस्था, सामुदायिक संस्था, कृषक समूह, महिला तथा विपन्न वर्ग आदि सँगको सहकार्य, सहअस्तित्व र समन्वयलाई नगरपालिकाको विकासको खम्बाको रुपमा लिईने छ ।

### ग) स्थानीय आवश्यकता

स्थानीय सरकारको मुख्य जिम्मेवारी समन्यायिक, समतामूलक तथा कल्याणकारी समाजको विकासमा योगदान पुऱ्याउनु हो जसले समाजका सबै तह, तप्का र वर्गक्षेत्रका नागरिकको आवश्यकतालाई

सम्बोधन गर्न सक्छ । सहभागितामूलक, समावेशीमूलक तथा उत्प्रेरणात्मक विकास प्रक्रियाले मात्र महिला, पछाडि पारिएका वर्ग, आदिवासी जनजाति, दलित, लगायतका समुदायको आवश्यकतालाई सम्बोधन गर्ने भएकाले नगरपालिकाले अंगिकार गर्ने विकास प्रक्रियाले ती स्थानीय सम्भावनाहरुको पहिचानमा ध्यान पुऱ्याउनेछ ।

**घ) लैंगिक समानता र सामाजिक समावेशीकरण**

लोकतान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष भनेकै समाजका सबै तह र तप्काका नागरिकको राज्यमा समान र सहज पहुँच सहितको सहभागितामूलक शासकीय व्यवस्थापन गर्नु हो । तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकाको योजनाबद्ध विकासका लागि लैंगिक समानता र सामाजिक समावेशीकरणका सबै आयामलाई समावेश गर्ने छ ।

**ङ) शुसासन तथा संस्थागत विकास**

सङ्घीय लोकतान्त्रिक राज्य प्रणालीमा वर्तमान राजनीतिक व्यवस्था रुपान्तरित भैसकेको अवस्थामा स्थानीय तहको संरचनालाई मजबूत बनाउनु आवश्यक छ । तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकाको संस्थागत संरचनालाई प्रभावकारी र चुस्त बनाउन अपनाउनु पर्ने कार्यनीति तर्फ ध्यान केन्द्रित गर्नेछ ।

**च) स्रोतको दीगो व्यवस्थापन**

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न सरकारको रुपमा परिकल्पना गरेको परिप्रेक्षमा नगरपालिकाले आफना नागरिकमा सरकारको प्रत्याभूति दिन सक्नेगरी काम गर्नुपर्ने आवश्यकता भएकाले प्रस्तुत आवधिक योजनाले नगरपालिकालाई दीगो श्रोतको व्यवस्थापनको योजनाबद्ध खाका प्रस्तुत गर्ने छ ।

**छ) गुणस्तरीय पूर्वाधार**

विकासको आधार नै गुणस्तरीय पूर्वाधार भएकाले प्रस्तुत आवधिक योजनाले गुणस्तरीय पूर्वाधार निर्माणको योजनाबद्ध व्यवस्थापनलाई ध्यान दिने छ ।

**ज) बजार अर्थतन्त्रसँगको सम्बन्ध**

उदारीकरण, निजीकरण र बजार प्रतिस्पर्धामा आधारित आजको विश्व, अनि त्यसैबाट निर्देशित नेपाल सरकारको नीतिबाट नगरपालिका अछुतो रहने कुरै भएन । तसर्थ नगरपालिकाको विकास क्षेत्रिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार अर्थतन्त्रको विकास, उत्पादन, उद्यमशीलता, तथा रोजगारी जस्ता जोडिन सक्नु पर्छ । त्यसका लागि नगरपालिकाको उत्पादित वस्तु तथा सेवामा गुणस्तरीयता कायम हुन आवश्यक हुन्छ भने स्थानीय उद्यमीमा वित्तीय पहुँचको सहजता पनि उत्तिकै आवश्यक हुन्छ । तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकालाई त्यस दिशातर्फ उन्मुख गराउने छ ।

**झ) लाभको न्यायोचित वितरण**

स्थानीय सरकारको मुख्य कर्तव्य नागरिकको सन्तुष्टीको स्तरलाई उच्च बनाउनु भएकाले प्रस्तुत आवधिक योजनाले नगरपालिकाका त्यस्ता पक्षहरुको विकास र प्रवर्द्धनमा जोड दिने छ जसले लाभको न्यायोचित वितरणलाई टेवा पुऱ्याउने छ ।

## ३.५ दीगो विकास, राष्ट्रिय र प्रदेश लक्ष्यसँग आवधिक योजनाको तादाम्यता

नगरपालिकाको विकास लक्ष्य, दीगो विकास, राष्ट्रिय तथा प्रदेश लक्ष्य बीच तादाम्यता कायम गर्दै सङ्घीय सरकारले परिकल्पना गरेको समृद्ध नेपाल सुखी नेपालीको परिकल्पनालाई विक्रम संवत २१०० सम्ममा पूरा गर्न सकिने भएकाले सिद्धिचरण नगरपालिकाको प्रस्तुत आवधिक योजनाले दीगो विकास लक्ष्य तथा राष्ट्रिय तथा प्रदेश लक्ष्य बीच तादाम्यता कायम गरेको छ ।

**तालिका ५: दीगो विकास लक्ष्य तथा सूचक**

| दीगो विकास लक्ष्य (दिविल) | सूचक नं. |
|---|---|
| हरेक क्षेत्रमा रहेका सबै स्वरुपका विषम गरिबीको अन्त्य | १ |
| भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन | २ |
| सबै उमेर समूहका व्यक्तिको स्वस्थ जीवनको सुनिश्चितता | ३ |
| समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा | ४ |
| लैङ्गिक समानता हाँसिल गर्ने | ५ |
| खानेपानी तथा सरसफाईको उपलब्धता र यसको दिगो व्यवस्थापन | ६ |
| खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच | ७ |
| स्थिर, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण उत्पादनशील रोजगारी र मर्यादित श्रम | ८ |
| उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकिकरण र नव प्रवर्तन | ९ |
| मुलुक भित्र र अन्य मुलुक बीचको असमानता कम गर्ने | १० |
| शहर र मानव बस्तीलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | ११ |
| दिगो उपभोग र उत्पादन | १२ |
| जलवायु परिवर्तन | १३ |
| स्थानीय तहका लागि असान्दर्भिक | १४ |
| पारिस्थितिकीय प्रणालीको दिगो उपयोग | १५ |
| दिगो विकासका लागि शान्ति र समावेशी समाजको विकास गर्ने, सबैका लागि न्यायको पहुँच, प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाको निर्माण गर्ने | १६ |
| दिगो विकासका लागि विश्व व्यापी साझेदारीलाई जीवन्त तुल्याउने | १७ |

**तालिका ६ : दीर्घकालिन राष्ट्रिय लक्ष्य तथा सूचक**

| दीर्घकालिन राष्ट्रिय लक्ष्य (दिराल) | सूचक नं. |
|---|---|
| समृद्धिका सूचक | १ |
| उच्च समता मूलक **राष्ट्रिय आय** | १ |
| मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपभोग | २ |
| सर्वसुलभ आधुनिक पूर्वाधार एवम सघन अन्तर आबद्धता | ३ |
| उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ४ |
| सुखका दीर्घकालिन **राष्ट्रिय लक्ष्य** | |
| परिष्कृत तथा मर्यादित जीवन | ५ |
| सुरक्षित सभ्य र न्याय पूर्ण समाज | ६ |
| स्वस्थ र सन्तुलित पर्यावरण | ७ |
| सुशासन | ८ |
| सबल अर्थतन्त्र | ९ |
| राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १० |

**तालिका ७: दीर्घकालिन प्रदेश लक्ष्य तथा सूचक**

| **दीर्घकालिन प्रदेश लक्ष्य (दिप्रल)** | **सूचक नं.** |
|---|---|
| भौतिक, आर्थिक, हरित र सामाजिक पूर्वाधारको सन्तुलित विकास | १ |
| कृषि, उर्जा र उद्योगको उत्पादन तथा उत्पादकत्वमा अभिबृद्धि | २ |
| मानव पूँजीको विकास | ३ |
| गरीवी निवारणका लागि उच्च, दिगो र समतामुलक प्रादेशिक आय | ४ |
| समावेशी, लैङ्गिक समतामुलक, विभेद र वञ्चितीकरण रहित सुरक्षित, सभ्य, मर्यादित र न्यायपूर्ण समाज | ५ |
| सुशासन | ६ |

### ३.५.१ राष्ट्रिय पन्ध्रौ योजनाको सोच

- **दीर्घकालीन राष्ट्रिय सोच : समृद्ध नेपाल सुखी नेपाली**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

- **दीर्घकालीन राष्ट्रिय लक्ष्य**

| **क) समृद्ध नेपाल** | **क) सुखी नेपाली** |
|---|---|
| १. सर्वसुलभ आधुनिक पूर्वाधार एवम सघन अन्तरआबद्धता | १. परिष्कृत तथा मर्यादित जीवन |
| २. मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ३. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ३. स्वस्थ र सन्तुलित पर्यावरण |
| ४. उच्च र समतामूलक राष्ट्रिय आय | ४. सुशासन |
| | ५. सबल लोकतन्त्र |
| | ६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

### ३.५.२ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य सम्बन्धी त प्रदेशको सोच र लक्ष्य

**सोच :**

**स्वच्छ, सुखी र समुन्नत प्रदेश**

**प्रादेशिक लक्ष्य (सार)**

सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण हुने्

### ३.६ नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य

- **दीर्घकालिन सोच**

**"स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध सिद्धिचरण नगर"**

- **लक्ष्य**

गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी, आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच, दीगो र गुणस्तरीय पूर्वाधार विकास, कृषिको आधुनिकीकरण, विविधिकरण, व्यवसायिकरण, आर्थिक, सामाजिक, संस्कृति क र ऐतिहासिक सम्पदाको संरक्षण र विकास मार्फत पर्यटन व्यवसायमा जोड दिदै

रोजगारी सिर्जना, उद्यमशीलता विकास, स्वस्थ, समुन्नत समावेशी, सहभागितामुलक, हिंसामुक्त समाजको निर्माण गरी प्रविधिमैत्री सुशासन युक्त नगरको विकास गर्ने ।

## ➢ उद्देश्य

- **समष्टिगत :** अन्तर सरकार र बाह्य सम्बन्ध सुधार गरी समावेशी पूर्वाधार विकास र व्यवस्थित बसोबासको माध्यमबाट सामाजिक तथा आर्थिक सुरक्षाको प्रत्याभूति गर्दै स्वरोजगारको अवसर सिर्जना गरि समुदायको आर्थिक समृद्धिका लागि सहयोग गर्नु, .

- **आर्थिक विकास :** समुदायको बजार र वित्तीय संस्थामा पहुँच बृद्धि गरी आधुनिक प्रविधि सहितको व्यवसायिक कृषि पशुपंछि पालन, पर्या–पर्यटन र उद्यमशिलताको विकास तथा स्थानीय स्रोतको प्रवर्द्धनमार्फत समुदायलाई दिगो आर्थिक विकास सहित आत्मनिर्भर उन्मूख बनाउनु,

- **सामाजिक विकास :** व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सहभागितामूलक कार्य पद्दति तथा विकासमा लैंगिक र समावेशी अवधारणाको अवलम्बनबाट नागरिकहरु खासगरी महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष जनशक्ति विकास गर्ने,

- **पूर्वाधार विकासः** दिगो विकासका लागि आवश्यक पूर्वाधार निर्माणको माध्यमबाट सवै नागरिकको जीवनयापनलाई सहज, स्वस्थ र मितव्ययी बनाउनु

- **वन वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन :** पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन, निजी तथा कृषि वन विकास गरी समूदायको काष्ठ जन्य बस्तुको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त नगरपालिका निर्माण गर्ने,

- **सुशासन तथा संस्थागत विकास :** पूर्ण प्रविधियुक्त तथा दक्ष मानव संसाधन सहितको शासन प्रक्रियाको माध्यमबाट नागरिकलाई चुस्त र प्रभावकारी सेवा प्रवाहका साथै नगरपालिकाको आन्तरिक तथा बाह्य वित्तीय स्रोतको अभिबृद्धिमा योगदान पुऱ्याउनु,

## ➢ प्राथमिकता क्षेत्र

नगरपालिकाले अङगिकार गरेको दीर्घकालीन सोच, आवधिक विकास योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हाँसिल  गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

क) पर्यटन, व्यवसायिक कृषि तथा पशुपंछीपालन
ख) उद्यम विकास
ग) स्वास्थ्य, शिक्षा
घ) समावेशी दीगो पूर्वाधार

### ३.७ परिमाणात्मक लक्ष्य

तालिका ७ र ८ मा **राष्ट्रिय तथा कोशी प्रदेशले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा परिकल्पना गरेको समृद्धि र सुखका लक्ष्यका आधारमा सिद्धिचरण नगरपालिकाको आवधिक लक्ष्यको अवस्था चित्रण गरिएको छ ।**

**तालिका ७ : राष्ट्रिय तथा कोशी प्रदेशको लक्ष्य**

| क स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कोशी प्रदेश | |
|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | | ०७५/७६ | ०८०/८१ | | ०७५/७६ | ०८०/८१ |
| | समृद्धिका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य | | | | | | |
| १ | आर्थिक बृद्धिदर | प्रतिशत | ६.८ | ९.६ | १०.५ | ६.५ | १०.४ |
| २ | प्रति व्यक्ति वार्षिक आय | डलर | १०४७ | १५९५ | १२१०० | ९३४ | १६२० |
| ३ | कृषि क्षेत्रको योगदान | प्रतिशत | २७ | १९.४ | ९ | | |
| ४ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | ३० | १९.०६ | २३.६१ |
| ५ | सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ६१ | | |
| ६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | १.३ | १ | १ | १.०१ | ०.९० |
| ७ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | ०.३१ | ०.२९ | ०.२५ | ०.३५ | ०.३२ |
| ८ | अपेक्षित आयु (जन्म हुँदाको) | प्रतिशत | ६९.७ | ७२ | ८० | ७०.७० | ७३.१० |
| १० | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा | संख्या | २३९ | ९९ | २० | | |
| ११ | पाँच वर्ष मुनिका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा | संख्या | ३९ | २४ | ८ | ३६ | २२ |
| १२ | साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९० | ९८ | ७९.१ | ९९ |
| १३ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष | प्रतिशत | ८५ | ९९ | १०० | | |
| | ९ देखि १२ कक्षाको खुद भर्ना दर | | | | | ४५ | ७० |
| १४ | आधारभूत तहमा (१ देखि ८ कक्षा) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९९.५ | १०० | ९१.८५ | १०० |
| १५ | श्रम शक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ४८.५ | ७२ | ३७.८ | ४७.६ |

| क स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कोशी प्रदेश | |
|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | | ०७५/७६ | ०८०/८१ | | ०७५/७६ | ०८०/८१ |
| १६ | बेरोजगार दर | प्रतिशत | ११.४ | ६ | ३ | १०.२ | ५.४ |
| १७ | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ३६.५ | ५० | ७० | ३५.२(अनौ) | ४८.२(अनौ) |
| १८ | राष्ट्रिय र प्रादेशिक लोक मार्ग (कालोपत्रे) | किमि | ६९६९ | १५००० | ३३००० | | |
| १९ | रेल मार्ग | किमि | ४२ | २०० | २२०० | ० | २५ |
| २० | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ७८.९ | ९५ | ९९ | | |
| २० क | १ घन्टाको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | | | | ७८ | ९५ |
| २१ | विद्युत सेवामा पहुँच भएको जनसंख्या | संख्या | ९०.७ | ९९ | १०० | ९१.४ | १०० |
| २२ | आधारभूत खानेपानीको पहुँच पुगेका घरपरिवार | प्रतिसत | ९४.९ | ९९ | १०० | | |
| २३ | इन्टरनेट प्रयोग कर्ता | प्रतिसत | ५५.४ | ७५ | १०० | | |
| २४ | जलविद्युत उत्पादन जडित क्षमता | मेवा | १०७४.१ | ५००० | ४०००० | | |
| २५ | प्रति व्यक्ति प्रतिवर्ष विद्युत उपभोग | कि वा | १९८ | ७०० | ३५०० | | |
| २६ | कषि उत्पादकत्व (धान मकै गहुँ | टन /हे | २.९७ | ४ | ६ | | |
| | | | | | | | |
| २७ | गरिबीको रेखा मुनी रहेको जनसंख्या | प्रतिशत | १८.७ | ११ | १ | | |
| २८ | वहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | १३ | ३ | | |
| २९ | ५ वर्ष मुनीका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ | २ | | |
| ३० | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७ | ०.६२ | ०.७६ | | |
| ३१ | आफनै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ | | | |
| ३२ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ | | | |

| क स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कोशी प्रदेश | |
|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | | ०७५/७६ | ०८०/८१ | | ०७५/७६ | ०८०/८१ |
| ३३ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६.५ | १०० | १०० | | |
| ३४ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | | |
| ३५ | हेलो सरकारमा प्राप्त उजुरीको फछ्यौंट | प्रतिशत | ४८.१३ | ९८ | ९९ | | |
| ३६ | राष्ट्रिय परिचय पत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | १०० | १०० | | |
| ३७ | पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | १०० | | |
| ३८ | आधारभूत खाद्य सुरक्षाको स्थितीमा रहेका जनसंख्या | प्रतिशत | ४८.२ | ७० | १०० | | |

**तालिका ८: सिद्धिचरण नगरपालिकाको परिमाणात्मक लक्ष्य**

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष २०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८१/८२ | २०८४/८५ | | |
| **प्रभाव :** | **आर्थिक विकास** | | | | | | | |
| | निरपेक्ष गरिबी (वार्षिक १ लाख २ हजार भन्दा कम कमाउने घरधुरी) | प्रतिशत | २० | १९ | १७ | १० | न.पार्श्व चित्र | न.पा |
| | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | ७० | ७२ | ७५ | ८५ | कृषि शाखा | |
| | बेरोजगारी दर | प्रतिशत | २० | १७ | १५ | १० | वडा सर्वे | |
| **असर - १ (आर्थिक विकास क्षेत्र)** रोजगारी अवसरहरु सिर्जना एवं आय वृद्धि | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ४० | ४५ | ५० | ५५ | | |
| | कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | ७९ | ७८ | ७७ | ७५ | रा.गणना | |
| | आयात-निर्यातको वार्षिक औसत अनुपात | अनुपात | १०:१ | १०:२ | १०:४ | १०:५ | वडा सर्वे | |
| **असर- २ (सामाजिक विकास क्षेत्र)** समन्यायिक, समतामूलक एवं सुसंस्कृत समाज निर्माण | **सामाजिक विकास** | | | | | | | |
| | माध्यामिक तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ९० | ९२ | ९४ | ९९ | शि.शाखा | |
| | साक्षरता दर | प्रतिशत | ७५ | ८० | ८५ | ९० | शि.शाखा | |
| | औसत आयु | बर्ष | ७२ | ७३ | ७४ | ७८ | स्वा शाखा | |
| | ५ वर्ष मुनीको कुपोषण | जना | २५ | २० | १० | १ | स्वा शाखा | |
| | झाडापखालाको संक्रमण दर ( प्रति हजारमा) | जना | २० | १० | ५ | २ | स्वा शाखा | |
| **असर - ३ (पूर्वाधार विकास क्षेत्र)** | **भौतिक पूर्वाधार विकास** | | | | | | | |
| | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ८० | ८२ | ८५ | ९५ | पु.शाखा | |

| **नतिजाको तह** | **सूचकहरु** | **इकाइ** | **आधार वर्ष २०७८/७९** | **आर्थिक वर्ष : लक्ष्य परिमाण** | | | **पुष्याईको आधार** | **जिम्मेवार निकाय** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८१/८२ | २०८४/८५ | | |
| आधारभूत सेवा सुविधामा पहुँच अभिवृद्धि | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ३० | ४० | ४५ | ६० | पु.शाखा | |
| | नियमित सिंचित क्षेत्र | प्रतिशत | २५ | ३० | ४० | ६० | पु.शाखा | |
| | इन्टरनेट सेवा प्रयोग कर्ता | प्रतिशत | ६० | ७० | ८० | ९० | पु.शाखा | |
| | **वन वातावरण र विपद्** | | | | | | | |
| | वन जंगलले ढाकेको क्षेत्र | बर्ग .किमि | ५५७८ | ५६५० | ५७०० | ६००० | वन शाखा | |
| **असर - ४ (संस्थागत विकास तथा सुशासन क्षेत्र)** सुशासनको अनुभूति | **सुशासन र संस्थागत विकास** | | | | | | | |
| | नगरपालिकाको सेवा प्रवाहबाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ६५ | ७० | ७५ | ८० | वडा सर्वे | |
| | | | | | | | | |

## ३.८ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम तथा आयोजना |
|---|---|
| सिद्धिचरण नगरपालिका र अन्य बजार क्षेत्र तथा नगरपालिकाबीचको सडक सम्वन्धलाई सहज वनाउने | प्रत्येक वडामा बाह्रै मास सञ्चालन हुन सक्ने सडकको स्तरोन्नती कार्यक्रम |
| | नगरपालिका देखि अन्य नगरपालिकाका मुख्य बजार केन्द्र सम्म पुग्न सहज सडक पूर्वाधारको व्यवस्थापन कार्यक्रम |
| आवास तथा बस्ती विकासलाई व्यवस्थित तथा दीगो वनाउने | जोखिम युक्त बस्ती व्यवस्थापन कार्यक्रम<br>आवास तथा बस्ती विस्तारकालागि मापदण्डको निर्माण कार्यक्रम |
| सहकार्य तथा समन्वयको पद्दतिलाई सुदृढ वनाउने | नगरपालिका तथा अन्य गाउँ तथा नगरपालिकाबीच विकासका साझा सरोकारका क्षेत्रको पहिचान र कार्यान्वयनको नीतिगत व्यवस्था कार्यक्रम |
| स्थानीय अर्थतन्त्रको सुदृढिकरणमा जोड दिने | सडक पहुँच विस्तार, भू उपयोग योजनाको कार्यान्वयनका लागि नीतिगत व्यवस्था कार्यक्रम |
| रोजगार प्रवर्द्धन र गरीवी निवारण | कृषिमा आधारित साना तथा घरेलु उद्योग, पर्यटन व्यवसाय, तथा खनिज पदार्थ उत्खनन प्रशोधन कार्यक्रम |

# परिच्छेद ४: आर्थिक क्षेत्र

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

कृषि क्षेत्र आर्थिक समृद्धि हाँसिल गर्ने प्रमुख आधार हो । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको करिव २७ प्रतिशत योगदान रहेको छ भने ६०.४ प्रतिशत जनसंख्या आवद्ध रहेको छ। कोशी प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिव ३६.७५ प्रतिशत रहेको छ। भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण उपलब्धता, दिगो कृषि प्रवर्द्धन गर्न दिगो विकास लक्ष्यले मार्गनिर्देश गरेको छ। नेपालको कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले पोषण र खाद्य सुरक्षाको मार्गचित्र पेश गरेको छ। नेपालको संविधानले कृषि र भूमिसुधार सम्बन्धी नीतिमा किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने जस्ता विषयलाई समावेश छ । साथै खाद्य सम्बन्धी अधिकार मौलिक हकका रुपमा प्रत्याभूत भएको छ ।

### ४.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

**क) कृषि क्षेत्र**

| सम्भावना/अवसर | समस्या चुनौती |
|---|---|
| ➢ नगरपालिकाका करीब ७९ प्रतिशत जनता कृषि पेशामा संलग्न भएको हुदा कृषि क्षेत्रको विकास सहज तवरले गर्न सकिने ।<br>➢ उर्वरायूक्त माटो भएको कारण आधुनिक तथा व्यवसायिक कृषि संचालन गरी उत्पादन तथा रोजगारी सिर्जना गर्न सकिने ।<br>➢ गाई, भैसी, बाखा, बंगुर पालन आदिको राम्रो सम्भावना भएको हुदा पकेट क्षेत्र घोषण गरी कार्यक्रम संचालन गर्न सकिने ।<br>➢ बेमौसमी फलफुल तथा खेतिका लागि बिरुवा उत्पादनका लागि नर्सरी निर्माण गरी सहुलियत दरमा बिरुवा वितरण र आर्थिक उपार्जत गर्न सकिने ।<br>➢ स्थानीय कृषि बजारको व्यवस्था तथा चिस्यान केन्द्रको स्थापना गरी आय आर्जन गर्न सकिने ।<br>➢ कृषकलाई उपयुक्त तालिम र आधुनिकिकरण सम्बन्धी कार्यक्रमहरुको व्यवस्था गर्न सकिने ।<br>➢ आलु तरकारी पकेट क्षेत्र ५, ६, ७ (वुङको आलु), बेमौसमी इस्कुस (१ देखि १२) रैथाने वाली(गहूँ, उवा, जुनेलो, फापर, जौ, कागुनो, कोदो, मकै, गहत,टाटे सिमी, कालो मास, | ➢ अदुवा अलैची, खुर्सानी, अम्रिसो लगायतका कृषि उपजहरुको प्रशोधन केन्द्रको स्थिापना हुन नहुनु ।<br>➢ उन्नत वीउ हराउँदै गएको आधुनिक प्रविधिको प्रयोग बडाउन नसकिनु, निर्वाहमूखी खेतीको वाहुल्यता हुनु ।<br>➢ कषिका लागि विउविजनको अभाव, रोग पहिचान प्रविधि नहुनु, बिसादीको अभाव, बादर र मृगको समस्या प्रमख रुपमा रहेको ।<br>➢ पानीको समस्या, बजार मुल्य नपाउनु काल्ला भएको जमिनको क्षेत्र अत्याधिक हुनु ।<br>➢ कृषिजन्य उत्पादनको भण्डारणका लागि कोल्ड स्टोरको अभाव हुनु ।<br>➢ उत्पादित कृषि उत्पादन बढि मात्रमा दाना तथा पशु आहारमा खर्च हुने गरेकोले साथै चामल आयात गर्नुपर्ने बाद्यता रहेको ।<br>➢ उत्पादनको उचित मुल्य प्राप्त नहनु, बजारको पहुँचभन्दा टाढा हुनु, कम मुल्यमा तरकारीको बढ्दो आयात हुनु ।<br>➢ कृषकको वर्गीकरण गर्न नसकिनु । कृषि अनुदानका कार्यक्रममा लक्षित वर्गलाई समेटन नसकिनु । |

| सम्भावना/अवसर | समस्या चुनौती |
|---|---|
| मस्याङ, धान, वोडी) किवि पकेट क्षेत्र वडा नं. ८ मा संचालन गर्न सकिने । | ➢ व्यवसायिक खेतीको प्रधानता नहुनु साथै रोग किराको नियन्त्रण हुन नसक्नु आदि । |

**ख) पशुपन्छीपालन**

| सम्भावना/अवसर | समस्या चुनौती |
|---|---|
| ➢ आधुनिक पशुपालन तथा माछा पालनका लागि अनुदानको व्यवस्था, टनेल कृषि सामग्री वितरण, उत्पादनलाई आधार मानेर व्याज अनुदान व्यवस्था ।<br>➢ व्यवसायीक कृषक उत्पादन सहायता कार्यक्रम, व्यवसायीक पशुपालन तथा कृषि उत्पादन कार्यक्रम संचालन ।<br>➢ स्थानीय बजारको व्यवस्था गरी दुधजन्य पदार्थको संकलन र प्रशोधन केन्द्र निर्माण तथा सोको निकासी गर्न सकिने ।<br>➢ वडागत रुपमा बाख्रा, भैसि, वंगुर, मौरी, माछा र कुखुरा पालनको पकेट क्षेत्र निर्माण गर्न सकिने सम्भावना रहेको<br>➢ बैदेशिक रोजगारीबाट फर्किएका तथा स्थानीय युवा उद्यमशिलता बृद्धि गरी पशुपालन सम्बन्धी तालिमको विकास गरी रोजगारीको अवसर सिर्जना गर्न सकिने । | ➢ बैंक तथा वित्तीय संस्थाको पहुँच पर्याप्त नहुनु, ऋणको व्याज बढि हुनु, पशु बीमा कार्यक्रम न्यून हुनाले सो क्षेत्रमा बैंकीङ क्षेत्रको लगानी प्राय शून्य हुनु ।<br>➢ रोगि पशु-पंछीको समयमानै उपचार हुन नसक्नु साथै पशु खोप कार्यक्रम प्रभावकारी हुन नसक्नु ।<br>➢ बजार व्यवस्थापनको समस्या ।<br>➢ चरण क्षेत्रको अभाव, पशुपालनका लागि आवश्यक घाँस, स्याउला तथा पत्करको अभाव ।<br>➢ पशुपालनमा रुची र निरन्तरताको अभाव ।<br>➢ पशु चिकित्सक र प्राविधिकको अभाव रहेको, पशु नश्ल सुधारको चुनौती ।<br>➢ गोठको व्यवस्थापन हुन नसक्नु । |

### ४.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

कृषि क्षेत्रको व्यवसायिकरण, यान्त्रीकरण र आधुनिकीकरणको माध्यमबाट आर्थिक समृद्धि हाँसिल गर्ने ।

**लक्ष,**

कृषकहरुलाई सहज र सरल रुपमा बिउँ, मल, प्रविधि र नहर कूलो तथा पाखरीको व्यवस्था गरी कृषि क्षेत्रको व्यवसायीकरण गर्दै कुल गार्हस्थ्य उत्पादनमा बृद्धि गर्ने ।

**उद्देश्य**

आधुनिक कृषि प्रणाली, प्रविधि तथा यन्त्र उपकरणको प्रयोग द्वारा कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गरी व्यावसायिकरणका माध्यमबाट आर्थिक उपार्जन तथा रोजगारीको बृद्धि गर्नु ।

पशुपालन व्यवसायको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दीगो आयश्रोतको रुपमा स्थापित भई गरिबी न्यूनीकरण गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि तथा पशुपन्छीपालनको विकासका लागि नीतिगत प्रवन्ध गर्ने | कृषि तथा पशुपन्छीपालनको नीति तयार गरिनेछ । |
| | स्थानीय रैथाने विउ तथा स्थानीय उत्पादन संरक्षण नीति तर्जुमा गरिनेछ । |
| कृषि तथा पशुपालन विकासका लागि संस्थागत क्षमता अभिबृद्धि गर्ने | नगरपालिकाको संस्थागत क्षमता (मानव संसाधन, भौतिक संरचना तथा सूचना प्रणाली विकास तथा उपयोग गरिनेछ । |
| | सक्रिय कृषक तथा पशुपंक्षीजन्य समूहको क्षमता विकास तथा अनुदान क्षेत्र विस्तार आयोजना गरिनेछ । |
| कृषि तथा पशुपंछिको उत्पादकत्व बृद्धि गर्ने | भाई घाँस, डाले घाँस, पोषण युक्त घाँसको व्यवसायिक उत्पादन गरिनेछ । |
| | जमिनको खण्डिकरण नियन्त्रण तथा कृषि योग्य भूमि संरक्षण आयोजना ( भूमि बैंक) स्थापना गरिनेछ । |
| | वाली उत्पादनका लागी आवश्यका प्राविधिक तथा संरचनामा सहजता । |
| | तरकारी, वाखापालन, कुखुरापालन, वंगुरपालन, फलफुल खेती, विउ उत्पादन, रैथाने बाली तथा नश्ल संरक्षण आयोजना गरिनेछ । |
| कृषि तथा पशुपंछि जन्य उत्पादनको सुरक्षित बजारीकरण गर्ने | रणनीतिक कृषि सडक निर्माण, स्तरोन्नती तथा व्यवस्थापन आयोजना गरिनेछ । |
| | हरित सडक निर्माणको साथै अन्तरनगरपालिका कृषि सडक संजाल विस्तार गरिनेछ । |
| | कोल्ड वुट, कोण्ड स्टोर तथा रष्टिक स्टोर निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि तथा पशुपंछि जन्य उत्पादन बृद्धि, सुरक्षण तथा व्यवस्थापनका लागि आधुनिक प्रविधि तथा सेवाको प्रयोगलाई जोड दिने | कृत्रिम गर्भाधान केन्द्र तथा नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्रको स्थापना गरिनेछ । |
| | कृषि तथा पशुपंक्षी बीमा सेवामा कृषकको संलग्नता अभिबृद्धि गरिनेछ । |
| | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) को वडागत व्यवस्थापन आयोजना गरिनेछ । |
| कृषि तथा पशुपन्छीपालन क्षेत्रमा संलग्न विपन्न तथा सिमान्तकृत समुदायको आर्थिक क्षमता अभिबृद्धि गर्ने | विपन्न तथा संरक्षित क्षेत्रका कृषकको तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरिनेछ । |
| | लक्षित समुदायलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ । |
| | लक्षित समुदायका बालबालिका केन्द्रित “कृषि तथा पशुपालनमा किशोर किशोरी” आयोजना गरिनेछ । |
| कृषि तथा पशुपंछिजन्य उत्पादन व्यापार प्रवर्द्धनमा सरोकारवालासँग सहकार्य गर्ने | बैंक तथा सहकारीसँगको सहकार्यमा सहुलियत पूर्ण कृषि कर्जा कार्यक्रम सञ्चालन गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| नीतिगत सुदृढीकरण कार्यक्रम | कृषि तथा पशुपन्छीपालन क्षेत्र लाई समेटेर योजना अबधिमा २ पटक आवश्यक नीति तर्जुमा | २० |
| | स्थानीय रैथाने विउ तथा स्थानीय उत्पादन संरक्षण नीति तर्जुमा तथा संचालन | २० |
| क्षमता अभिबृद्धि कार्यक्रम | नगरपालिकाको संस्थागत क्षमता (मानव संसाधन, भौतिक संरचना तथा सूचना प्रणाली विकास तथा उपयोग | ५० |
| | कृषि प्राविधिकको क्षमता विकास तालिम संचालन | ५० |
| | व्यवसायिक पशुपंक्षीपालनमा घरपरिवारको दक्षता अभिबृद्धि | १०० |
| | नया प्रविधिको प्रयोग गरी प्रविधि मैत्री व्यवसायिक पशुपंक्षीजन्य पालन आयोजना संचालन | ३०० |
| | (तरकारीबाली, नगदेवाली अन्नवाली) कृषि ब्लक, पकेट तथा जोन विकास तथा व्यवस्थापन आयोजना संचालन तथा प्रोत्साहान | १०० |
| | सक्रिय कृषक तथा पशुपंक्षीजन्य समूहको क्षमता विकास तथा अनुदान क्षेत्र विस्तार आयोजना | ५० |
| कृषि तथा पशुपालन योग्य भूमि व्यवस्थापन कार्यक्रम | भाई घाँस, डाले घाँस, पोषण युक्त घाँसको व्यवसायिक उत्पादन | १०० |
| | जमिनको खण्डिकरण नियन्त्रण तथा कृषि योग्य भूमि संरक्षण आयोजना (भूमि बैंक) स्थापना | ३० |
| | बाझो जमिन, उपयोग अनुसार अनुदानको व्यवस्थापन | ५० |
| | व्यवस्थित चरन क्षेत्र निर्माण | १०० |
| | प्राङ्गारिक मलको विकास, मौसमी तथा वेमैसमी विउविजन, | १०० |
| | सिँचाई पूर्वाधार (थोपा, रिचार्ज पोखरी, कुलो) विकास आयोजना | ५० |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| कृषि तथा पशुपंछि उत्पादन अभिबृद्धि कार्यक्रम | वाली उत्पादनका लागी आवश्यका प्राविधिक तथा संरचनामा सहजता । | ५० |
| | तरकारी, वाखापालन, कुखुरापालन, वंगुरपालन, फलफुल खेती, विउ उत्पादन, रैथाने बाली तथा नश्ल संरक्षण आयोजना | १०० |
| | रोग /किरा नियन्त्रण तथा व्यवस्थापन । | २० |
| कृषि सडक व्यवस्थापन कार्यक्रम | रणनीतिक कृषि सडक निर्माण, स्तरोन्नती तथा व्यवस्थापन आयोजना | ४०० |
| | हरित सडक निर्माणको साथै अन्तरनगरपालिका कृषि सडक संजाल विस्तार | |
| कृषि तथा पशुपंछि जन्य उत्पादन संकलन तथा सुरक्षण कार्यक्रम | कोल्ड वुट, कोण्ड स्टोर तथा रष्टिक स्टोर निर्माण | १०० |
| | प्रत्येक वडामा कृषि तथा पशुपंछि जन्य उत्पादन संकलन केन्द्र निर्माण | १०० |
| | संकलन केन्द्र निर्माण गर्ने, तरकारी हाटबजार संचालन गर्ने | १०० |
| | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | १८० |
| आधुनिक सेवा प्रवाह कार्यक्रम | नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | ८० |
| | कृषि तथा पशुपंक्षी बीमा सेवामा कृषकको संलग्नता अभिबृद्धि गर्ने | ५० |
| | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) को वडागत व्यवस्थापन आयोजना | २० |
| | कृत्रिम गर्भाधान केन्द्र स्थापना तथा व्यवस्थापन | ९० |
| | एक वडा, एक पशु सेवा केन्द्रको स्थापन गर्ने | १०० |
| विपन्न तथा संरक्षित क्षेत्रका कृषकको अभिलेखीकरण तथा प्रोत्साहन कार्यक्रम | विपन्न तथा संरक्षित क्षेत्रका कृषकको तथ्याङ्क संकलन तथा अभिलेखीकरण | १० |
| | लक्षित समुदायलाई उत्पादनम आधारित अनुदानको व्यवस्था | ७० |
| | लक्षित समुदायका बालबालिका केन्द्रित “कृषि तथा पशुपालनमा किशोर किशोरी” आयोजना | ८० |
| अन्तरनगरपालिका, सहकारी तथा अन्तरजिल्ला सहकार्य कायक्रम | बैंक तथा सहकारीसँगको सहकार्यमा सहुलियत पूर्ण कृषि कर्जा कार्यक्रम सञ्चालन | १०० |
| | दुध तथा दुधजन्य वस्तुको उत्पादन तथा व्यवस्थापन आयोजना | ५० |
| | खसी, सुगुँर तथा राँगा भैसीको व्यवसायिक उत्पादन तथा व्यवस्थापन आयोजना | ३० |
| | कुखुरा, कालिज लगायतका पंछिको व्यवसायिक उत्पादन अयोजना | ५० |
| | | **३०००** |

### ३.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका (कृषि क्षेत्र)

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** कृषि क्षेत्रको आधुनिकीरण तथा यान्त्रिकरणका माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी न्युनिकरण भएको हुने | | | | | | | |
| गरिबी | प्रतिशत | १९ | १८ | १४ | १० | पा.शा.विवरण | न.पा |
| **असर तहः** उपभोगमुखी कृषि प्रणालीलाई परिमार्जन गर्दै आधुनिक कृषि प्रणाली, प्रविधि तथा यन्त्रउपकरणको प्रयोगद्वारा कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गरी व्यावसायिकरणका माध्यमबाट आर्थिक उपार्जन तथा रोजगारीको बृद्धि भएको हुने । | | | | | | | |
| व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | २४० | ३०० | ३५० | ४०० | प.से.शाखा अभिलेख | न.पा |
| सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | ० | २० | २० | २५ | कृषि शाखा | न.पा |
| अगुवा वा व्यवसायिक कृषक | संख्या | २५० | ३०० | ३५० | ४०० | कृषि शाखा | न.पा |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्या | ४६ | ४८ | ५० | ५५ | कृषि शाखा | न.पा |
| क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | ४ | १० | २० | ३० | कृषि शाखा | न.पा |
| विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | ४३० | ४३५ | ४४० | ४५० | कृषि शाखा | न.पा |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | २० | २५ | २५ | ३५ | कृषि शाखा | न.पा |
| कम्पोष्ट र जैविक मल उत्पादन | मे.टन | ९० | १०० | १२० | १५० | कृषि शाखा | न.पा |
| व्यवसायिक कृषि नर्सरी | संख्या | १० | १५ | २० | २५ | कृषि शाखा | न.पा |
| व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | ७०० | १००० | १२०० | १२५० | कृषि शाखा | न.पा |
| कृषि उपज संकलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | २ | ३ | ५ | ७ | कृषि शाखा | न.पा |
| कृषि सहकारी संस्था | संख्या | १२ | १५ | २० | २५ | कृषि शाखा | न.पा |
| कृषि सहकारीमा आवद्ध कृषक | संख्या | २५४४ | २६०० | २७०० | २८०० | कृषि शाखा | न.पा |
| कोण्ड स्टोर तथा रष्टिक स्टोर क्षमता | मे.टन | ६ | १० | १५ | १७ | कृषि शाखा | न.पा |
| उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | संख्या | ५०० | ७०० | १००० | १५०० | कृषि शाखा | न.पा |
| कृषिवालीमा लाग्ने किरावाट भएको क्षति | रु.लाख | २५ | १० | ५ | ३ | कृषि शाखा | न.पा |
| जलवायु परिवर्तन, अतिवृष्टी, अनावृष्टि वाढी पहिरोवाट कृषिवालीमा भएको क्षति | रु.लाख | ३५ | ३० | २५ | १० | कृषि शाखा | न.पा |
| किसान क्रेडिट कार्डवाट लाभान्वित कृषकहरु | संख्या | ४० | ५० | ७० | १५० | कृषि शाखा | न.पा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| कृषि बीमा सेवावाट लाभान्वित कृषक | संख्या | ० | | ५० | १०० | कृषि शाखा | न.पा |
| आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषकहरु (आधुनिक औजारहरुः पावर टिलर, मिनि टिलर, ड्रम सिडर, रिपर, हाते ट्याक्टर, थ्रेसर, सिड ड्रिल आदि) | संख्या | २०० | २५० | ३०० | ३५० | कृषि शाखा | न.पा |
| प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनावाट लाभान्वित किसान | संख्या | १२५ | ३०० | ४०० | ५०० | कृषि शाखा | न.पा |
| कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषिक | संख्या | २२ | ३० | ३५ | ४० | कृषि शाखा | न.पा |
| वित्तीय संस्थाहरुवाट परियोजना धितोमा सहुलियतपूर्ण कृषि कर्जा प्रवाह रकम | रु.करोड | ० | १ | ३ | ५ | कृषि शाखा | न.पा |
| संचालनमा रहेको कृषिबजार, हाटबजार तथा कृषि थोकबजार | संख्या | ७ | ७ | ७ | ७ | कृषि शाखा | न.पा |
| कृषि सूचना तथा बजार मूल्य जानकारी का लागि वनाइएको मोवाइल एप्सवाट लाभान्वित कृषिक | संख्या | ० | ० | १० | २० | कृषि शाखा | न.पा |
| संचालनमा रहेको कृषि व्लक, पकेट, जोन तथा सुपरजोन | संख्या | ८ | ८ | १० | १५ | कृषि शाखा | न.पा |
| कृषि उपजहरु विक्रीका लागि नजिकको बजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | ३ | १ | १ | १ | कृषि शाखा | न.पा |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ४०० | ४५० | ५०० | ६०० | कृषि शाखा | न.पा |
| तरकारी उत्पादन | मे.टन | १२८० | १४०० | १६०० | २००० | कृषि शाखा | न.पा |
| तरकारी उत्पादन विक्री | रु.लाख | ६४ | १०० | १२० | १५० | कृषि शाखा | न.पा |
| फलफुल उत्पादन | मे.टन | ८० | ८५ | १०० | १२० | कृषि शाखा | न.पा |
| फलफुल उत्पादन विक्री | रु.लाख | ५० | ६० | ७० | ८० | कृषि शाखा | न.पा |
| आलु खेतीले ओगटेको भूभाग | हेक्टर | ४५० | ५०० | ५५० | ६०० | कृषि शाखा | न.पा |
| आलु खेतीवाट वार्षिक उत्पादन | मे.टन | ७५०० | ७७०० | ८००० | ९००० | कृषि शाखा | न.पा |
| आलुको वार्षिक विक्री | रु.करोड | १७ | १७.५ | १८ | १९ | कृषि शाखा | न.पा |
| अदुवा, लसुन लगायत मसलाजन्य उत्पादन | मे.टन | ५० | ५५ | ६० | ७० | कृषि शाखा | न.पा |
| अदुवा, लसुन लगायत मसलाजन्य विक्री | रु.लाख | २५ | ३० | ४० | ५० | कृषि शाखा | न.पा |
| नगदे वालीले ओघटेको क्षेत्र | हेक्टर | २० | २२ | २५ | ३० | कृषि शाखा | न.पा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| नगदेवाली वार्षिक उत्पादन | मे.टन | २५ | २७ | २९ | ३५ | कृषि शाखा | न.पा |
| नगदेवालीको वार्षिक निकासी | रु.लाख | २२ | २४ | २६ | ३१ | नगरपालिका शाखा | न.पा |
| **प्रतिफल तह** | | | | | | | |
| नगर कृषि नीति तर्जुमा भई नगरपालिकाको दीर्घकालिन कृषि योजनाको आधार तयार भएको हुने | | | | | | कृषि शाखा | न.पा |
| कृषि आयोजना निर्माण तथा सिँचाई कार्यक्रमबाट कृषकले सहज रुपमा सिँचाई सुविधा पाएका हुने | | | | | | कृषि शाखा | न.पा |
| आधुनिक कृषि सामग्री खरीदमा अनुदान कार्यक्रमबाट कृषि क्षेत्रको उत्पादन लागत घटन गई कृषकलाई राहत पुगेको हुने | | | | | | कृषि शाखा | न.पा |
| चिस्यान केन्द्र निर्माण कार्यक्रमबाट कृषि जन्य वस्तु सुरक्षित भएको हुने | | | | | | कृषि शाखा | न.पा |
| रैथाने बाली अर्गानिक उत्पादन तथा प्रशोधन कार्यक्रम बाट नगरपालिकाको पहिचान बोकेका बालीहरु संरक्षण भएको हुने | | | | | | कृषि शाखा | न.पा |
| कृषक तालिम तथा क्षमता विकासले कृषकमा क्षमता र ज्ञानको हस्तान्तरण भएको हुने | | | | | | कृषि शाखा | न.पा |
| महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय स्थापना र सञ्चालनमा सहयोग पुगेको हुने | | | | | | कृषि शाखा | न.पा |
| बेमौसमी फलफुल खेतिका लागि बिरुवा उत्पादनका लागि नर्सरीको विस्तार भएको हुने | | | | | | कृषि शाखा | न.पा |
| नगर नमुना गाँउ कृषि विकास कार्यक्रमबाट कृषि क्षेत्रको रुपान्तरणको आधारशिला तय भएको हुने | | | | | | कृषि शाखा | न.पा |

### ३.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका (पशुपन्छीपालन क्षेत्र)

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** युवा उद्यमशिलता बृद्धि गर्दै व्यवसायिक पशुपालनबाट रोजगारी सिर्जना गरी गरिबी न्युनीकरण भएको हुने | | | | | | | |
| पशुपालन क्षेत्रको रोजगारीको दर | प्रतिशत | २ | ३ | ५ | ६ | नगरपालिका शाखा | नपा |
| **असर तह :** पशुपालन व्यवसायको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दीगो आयश्रोतको रुपमा स्थापित भई गरिबी न्यूनीकरण भएको हुने | | | | | | | |
| व्यवसायिक पशुपंक्षीपालनमा संलग्न घरपरिवार | संख्या | २५० | २६० | २६५ | २७० | पशु शाखा | नपा |
| सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म | संख्या | २५० | २६० | २६५ | २७० | पशु शाखा | नपा |
| भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ३० | ३२ | ३५ | ४० | पशु शाखा | नपा |
| सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | ३ | ५ | ७ | १० | पशु शाखा | नपा |
| व्यवस्थित चरन क्षेत्र | संख्या | १५ | १७ | १९ | २१ | पशु शाखा | नपा |
| नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | संख्या | ६० | | | | पशु शाखा | नपा |
| पशुपंक्षी बीमा सेवावाट लाभान्वित कृषक | संख्या | ३४०० | ३६०० | ३८०० | ४५०० | पशु शाखा | नपा |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | १२ | १५ | २५ | ३० | पशु शाखा | नपा |
| पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) प्रयोग गर्ने कृषक | संख्या | ५५०० | ५७०० | ६००० | ६२०० | पशु शाखा | नपा |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | १ | २ | ३ | ४ | पशु शाखा | नपा |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | १ | २ | २ | पशु शाखा | नपा |
| पशुपंक्षीजन्यवाट प्रदान भएको प्रत्यक्ष रोजगारी | संख्या | ६००० | ६००० | ५५०० | ५००० | पशु शाखा | नपा |
| पशुपंक्षी जन्य वस्तु विक्रीका लागि नजिकको बजार क्षेत्रमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ३ | १ | १ | १ | पशु शाखा | नपा |
| दुध तथा दुधजन्य उत्पादन | मे.टन | ४०० | ४५० | ५०० | ६०० | पशु शाखा | नपा |
| दुध तथा दुधजन्य उत्पादनको वार्षिक विक्री | रु.करोड | १५ | १६ | १७ | १८ | पशु शाखा | नपा |
| खसी बोकाको मासु वार्षिक उत्पादन | मे.टन . | ७.७ | ८ | १० | १२ | पशु शाखा | नपा |
| खसी बोकाको मासु वार्षिक विक्री | रु.करोड | ६.२२ | ६.५ | ७ | ८.५ | पशु शाखा | नपा |
| सुंगुर वंगुरको मासु वार्षिक उत्पादन | मे.टन . | ३.५ | ४ | ४.५ | ५ | पशु शाखा | नपा |
| सुंगुर वंगुरको मासु वार्षिक विक्री | रु.करोड | १.५ | २ | २.५ | ३ | पशु शाखा | नपा |
| कुखुराको अण्डा बार्षिक उत्पादन | सं.लाख | ६ | ७ | ८ | १० | पशु शाखा | नपा |
| कुखुराको अण्डा बार्षिक विक्री | रु.लाख | ९० | १०० | १२० | १४० | पशु शाखा | नपा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| राँगा भैसीको मासु वार्षिक उत्पादन | मे.टन | १० | १२ | १५ | १८ | पशु शाखा | नपा |
| राँगा भैसीको मासु वार्षिक विक्री | रु.करोड | ४.५ | ५ | ६ | ७ | पशु शाखा | नपा |
| मौरीघार उत्पादन संख्या | संख्या | ८४ | ९० | ९५ | ११० | पशु शाखा | नपा |
| मह वार्षिक विक्री | रु.लाख | ६.७२ | ७ | ८ | १० | पशु शाखा | नपा |
| प्रतिफल तह : देहायका कार्यक्रमले नगरपालिकाको पशुपालन व्यवसायलाई आधुनिक तथा रोजगार उन्मुख बन्न सहयोग पुगेको हुने । | | | | | | | |
| बाखापालन, माछापालन भैसीपालन र कुखुरा पालनको पकेट क्षेत्र रुपमा विकास गरीने । | | | | | | पशु शाखा | नपा |
| दक्ष पशु प्राविधिक र चिकित्सालय व्यवस्थापन तथा स्वास्थ्य उपचार कार्यक्रम । | | | | | | पशु शाखा | नपा |
| कृषकको गोठ, खोर सुधार कार्यक्रम । | | | | | | पशु शाखा | नपा |
| युवा सहभागिता बृद्धि तथा तालिम र क्षमता विकास कार्यक्रम । | | | | | | पशु शाखा | नपा |
| व्यवसायिक पशुपालनमा अनुदान तथा सहुलियत कार्यक्रम । | | | | | | पशु शाखा | नपा |
| पशुपालन ऋणमा ब्याज अनुदान कार्यक्रम । | | | | | | पशु शाखा | नपा |

### ३.१.६ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाको ऐन नियमहरूमा समय सापेक्ष सुधार र अन्तर निकाय समन्वय प्रभावकारी भएमा सोही अनुसारको लगानी, अनुकुल मौसम, रोग तथा संक्रमणमा कमी, पूर्वाधारहरुको विकास र विस्तार एवं उपयुक्त बजार व्यवस्थापन, दूध, मासु र अन्डा उत्पादन गर्ने पशुपन्छीका रोगको अस्वाभाविक प्रकोप नदेखिएमा, सिँचाइको सहज व्यवस्थापन भएमा उपरोक्त लक्ष्य प्राप्त हुन सक्दछ । यद्यपी बजेटको सिमितता, रोगको अस्वाभाविक प्रकोपको संभावना तथा दिगो सिँचाइ असहज व्यवस्थापनको जोखिम पक्षलाई विशेष ध्यान दिइनेछ ।

## ४.२ सिंचाइ

### ४.२.१ पृष्ठभूमि

आर्थिक क्षेत्र विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको पूर्वाधार सिँचाइ हो । नेपाल सरकारले 'सिंचित कृषि क्षेत्रको अभिबृद्धि, संघीय नेपालको समृद्धि' भन्ने नारा तय गरको छ । यो नारालाई सार्थक बनाउन कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्दै खाद्यान्नमा आत्मनिर्भर हुने गरी सिँचाइ विकासका कार्यक्रमहरु तथा राष्ट्रिय गौरवका विभिन्न आयोजनाहरु सञ्चालन हुँदै आएका छन् । सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइ पूर्वाधारको विकास अपरिहार्य छ । सिँचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाइका आयोजना संघबाट, मझौला सिँचाइका आयोजना प्रदेशबाट र साना सिँचाइका आयोजना स्थानीय तहबाट लगानी परिचालन हुने व्यवस्था छ। स्थानीय तहले सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन, सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नतिका विविध पक्षमा काम गर्नेछ ।

यस नगरपालिकामा खेतीयोग्य जमिनमा स्थानीय नदी, नहर, तथा खोल्साहरु साथै आकाशे पानीको माध्यमबाट सिंचाई सुविधा पुर्याउने गरिएको छ । नगरपालिकामा अधेरी खोला कोलेबेसी, अधेरी नया कुलो, उत्तीसेखोला खोभाने सिस्रेखोला चुपलुवेसी, उब्रेखोला गगने भण्डारे, गहते रुम्तीखेती, चारखु चाक्ले, झागर सुरमा, टुनिखोला कामिखेत, टुनीखोला हुलाकखेत, टारली कुलो, डाँडा कटेरी, तल्लो दोलपु, तिनघरे, देविथान धारापानी, माथिल्लो धनमुडा, सउराबोटे लगायतका सिंचाई आयोजना संचालनमा रहेका छन् ।

### ४.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ स्वी सरकारको सहयोगमा नगरक्षेत्रमा साना सिंचाई आयोजना संचालन ।<br>➢ नगरपालिकामा पर्याप्त मात्रामा नदी, खोला तथा खोल्साहरु रहेको हुदा सिंचाईको दीर्घकालीन व्यवस्थापन गर्न सकिने ।<br>➢ सबै वडामा व्यवस्थित सिँचाई पक्की नहरको स्थापना गरी थप घरधुरीमा सिँचाई सुविधा पुर्याई मौसमीको साथसाथै बेमौसमी खतीको समेत सम्भावना रहेको ।<br>➢ उच्च स्थानमा रहेको खेतियोग्य जमिनको लागि बोर्रिङको व्यवस्था गर्न सकिने ।<br>➢ प्रशस्त मात्रामा पानिका मुहानहरु भएको हुदा उक्त पानिको स्रोतको उपभोगबाट सिँचाई सुविधा पुर्याई उत्पादनमा बृद्धि गर्न सकिने सम्भावना । | ➢ भौगालिक विकटता तथा आयोजना निर्माणमा बजेटको अभाब र भएका आयोजना, नहरहरुको संरक्षणमा समस्था/चुनौती<br>➢ पक्की नहरको निर्माण नभएको र प्रत्येक वर्ष जनश्रमदानबाट नहर निर्माण गर्दा श्रमदानको अभाव ।<br>➢ कच्ची नहरहरु प्रत्येक वर्ष आउने बर्षा र बाढिले क्षतिग्रस्त बनाउने समस्या ।<br>➢ बाह्रै महिना सिँचाई अभावका कारण बेमौसमी खेतीमा समस्या ।<br>➢ डिप बारिङ, आधुनिक नहर तथा कुलो कल्भर्ट निर्माणको चुनौती ।<br>➢ नहर तथा कुलो निर्माणमा सबैंको समझदारीको अभाव हुनु । |

| | |
|---|---|
| ➢ सञ्चालनमा आएका आयोजनातथम नहरहरुको मर्मत तथा सम्भारको सम्भावना रहेको ।<br>➢ उच्च स्थानमा रहेको खेतिका लागि थोपा सिंचाई तथा डिप बारिङको संभावना । | ➢ सिँचाई सुविधा सम्बन्धी पूर्वाधार निर्माण गर्दा जमिनको मुआब्जा र क्षतिपूर्तिको समस्या ।<br>➢ सबै वडामा बाह्रै महिना सिँचाई सुविधा पुर्याउन नसकीनु साथै पुरानो प्राविधिको प्रयोग हुनु । |

### ४.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

सिंचाई आयोजनाको निमांण र दिगो र दीर्घकालीन सिंचाई सुविधाको विस्तार सिद्धिचरणको व्यवसायिक कृषि प्रणलिको विकासको आधार

**लक्ष्य**

नगरपालिकामा संचालित सिंचाई आयोजनाहरुको समयमै कार्य सम्पन्न गरी सबै क्षेत्रमा सिँचाई सुविधाको विस्तार भएसँगै कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुनुको साथै नगरपालिकाको प्रतिव्यक्ति आम्दानी बृद्धि गर्ने ।

**उद्देश्य**

आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधि विस्तार सिमान्त कृषि भुमी एवं पानिको न्यून स्रोत भएका क्षेत्रमा थोपा सिंचाई प्रविधिको प्रयोग बृद्धि गर्नु ।

कृषि उत्पादकत्व बृद्धिको लागि जलाधारको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| सिँचाई सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन | नीति, कानून, मापदण्ड तर्जुमा गरी गुरुयोजना निर्माण गरिनेछ । |
| | उपभोक्ता समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि गरिनेछ । |
| विद्यमान सिंचाई पूर्वाधारको स्तरोन्नती तथा पुनर्स्थापना गर्ने । | आयोजना निर्माणका लागि सम्भाव्यता अध्ययन तथा DPR निर्माण गरिनेछ । |
| | वर्षाको आकाशे पानीमा भण्डारण तथा खोला एवं मुहानहरुको संरक्षण गरिनेछ । |
| | पानिको मुहान संरक्षण तथा बाँध निर्माण गरिनेछ । |
| | डिप टयुवेल तथा थोपा सिँचाईको व्यवस्था गरिनेछ । |
| कृषि उत्पादकत्व बृद्धिको लागि जलाधारको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने । | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) विस्तार गरिनेछ । |
| | सिंचाइका आधुनिक पूर्वाधार निर्माणवाट सिंचाइ क्षेत्र विस्तार गरिनेछ । |

| | |
|---|---|
| कृषक अभिमुखिकरण तथा क्षमता विकास | संघ र प्रदेश सरकार सँगको लागत सहभागिताम सिंचाई आयोजना संचालन गरिनेछ । |
| | पानिको मुहान संरक्षण सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिनेछ । |
| | विपन्न महिला, पिछडिएको वर्ग तथा दलित समुदायलाई सिंचाई सामग्री खरिदमा विशेष अनुदानको व्यवस्था गरिनेछ । |

| **कार्यक्रम** | **आयोजना** | **लागत (लाख)** |
|---|---|---|
| दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा तथा सञ्चालन | नीति, कानून, मापदण्ड तर्जुमा गरी गुरुयोजना निर्माण, त्यसको कार्यान्वयन र नियमन | २० |
| | उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिई उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि | २० |
| भौतिक पूर्वाधार विकास कार्यक्रम | आयोजना निर्माणका लागि सम्भाव्यता अध्ययन तथा DPR निर्माण | ३० |
| | वर्षाको आकाशे पानीमा भण्डारण | ५० |
| | खोला तथा मुहानहरु संरक्षण | १०० |
| | अधेरी खोला कोलेबेसी, अधेरी नया कुलो, उत्तीसेखोला खोभाने सिस्रेखोला चुपलुवेसी, उव्रेखोला गगने भण्डारे, गहते रुम्तीखेती, चारखु चाक्ले, झागर सुरमा, टुनिखोला कामिखेत, टुनीखोला हुलाकखेत, टारली कुलो, डाँडा कटेरी, तल्लो दोलपु, तिनघरे, देविथान धारापानी, माथिल्लो धनमुडा, सउराबोटे लगायतका सिंचाई आयोजना निर्माण | ११०० |
| | पानिको मुहान संरक्षण तथा बाँध निर्माण | ५०० |
| | डिप टयुवेल तथा थोपा सिँचाईको व्यवस्था | १०० |
| वातावरण मैत्र सिंचाई आयोजनाहरुको संचालन | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) विस्तार | ८० |
| | सिंचाइका आधुनिक पूर्वाधार निर्माणवाट सिंचाइ क्षेत्र विस्तार | ९० |
| | परम्परागत कूलो तथा पोखरी मर्मत | १०० |
| कृषक अभिकुखिकरण, आधुनिक सिँचाई सामग्री को वितरण तथा अनुदान कार्यक्रम | संघ र प्रदेश सरकार सँगको लागत सहभागिताम सिंचाई आयोजना संचालन | ५०० |
| | पानिको मुहान संरक्षण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | २० |
| | वैकल्पीक सिँचाई प्रणालीमा जोड तथा अनुदान | १०० |
| | आयोजना माथि स्थानीयहरुको अपनत्व सिर्जना | ५० |
| | विपन्न महिला, पिछडिएको वर्ग तथा दलित समुदायलाई सिंचाई सामग्री खरिदमा विशेष अनुदानको व्यवस्था | १०० |
| | | **३०००** |

### ४.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** नगरपालिकाको सबै क्षेत्रमा सिँचाई सुविधाको विस्तार भए सँगै कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुनुको साथै नगरपालिकाको प्रतिव्यक्ति आम्दानी बृद्धि भएको हुने | | | | | | | |
| कृषि उत्पादनको बृद्धिदर | प्रतिशत | प्राप्त नभएको | ४ | ६ | ८ | नगरपालिका शाखा | न.पा |
| **असर तह** : प्राविधिक, आर्थिक र वातावरणीय पक्षबाट सम्भाव्य साना, मझौला र ठुला सतह सिँचाइ आयोजना प्राथमिकीकरण, निमार्ण तथा विस्तारबाट नगरपालिकाको खेतियोग्य जमिनमा सिँचाई सुविधा पुगी मौसमी तथा बमौसमी खती प्रणाली द्वारा आर्थिक उपार्जनका कार्यहरु भएको हुने | | | | | | | |
| खेतीयोग्य जमिन मध्ये सिंचित भूमि | हेक्टर | ५११ | ६११ | ७०० | १००० | सिं.डि.कार्यालय | न.पा |
| वर्षाको आकाशे पानीमा निर्भर सिंचाई भूमि | हेक्टर | ५१४ | ७०० | ८०० | १००० | सं.डि.कार्यालय | न.पा |
| खोला तथा मुहानहरुवाट सिंचित भूमि | हेक्टर | ४८० | ६०० | ८०० | १००० | सं.डि.कार्यालय | न.पा |
| प्रयोगमा आएका सिंचाई प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) | संख्या | ४ | १० | ५० | १०० | सं.डि.कार्यालय | न.पा |
| सिंचाईका आधुनिक पूर्वाधार निर्माणवाट सिंचाई क्षेत्र विस्तार | हेक्टर | २०० | २५० | ३०० | ४०० | सं.डि.कार्यालय | न.पा |
| परम्परागत कूलो तथा पोखरीवाट भएको सिंचाई भूमि | हेक्टर | ५० | १०० | १५० | २०० | सं.डि.कार्यालय | न.पा |
| **प्रतिफल तह** | | | | | | | |
| सिँचाई आयोजनाको विकास, मर्मत संभार तथा व्यवस्थापन भएको हुने | | | | | | सं.डि.कार्यालय | न.पा |
| बार्डागी सिँचाई आयोजना, पश्चिम बबई सिँचाई आयोजना, समरसेल ठुलो कुलो नहर, समरसेल बोर्डगी कुलो, डिप बोरिङ नहर आदि सिँचाई आयोजना आदिको क्षमता विकास भएको हुने | | | | | | सं.डि.कार्यालय | न.पा |
| सिँचाई सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा तथा सञ्चालन। | | | | | | सं.डि.कार्यालय | न.पा |
| कृषक अभिकुखिकरण, आधुनिक सिँचाई सामग्री को वितरण तथा अनुदान कार्यक्रम। | | | | | | सं.डि.कार्यालय | न.पा |

### ४.२.५ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाले प्रर्याप्त नीतिगत व्यवस्था तथा बजेट बिनियोजन, सिँचाइमा आधुनिकिकरण, सिँचाइ गुरुयोजना तयार तथा आवश्यक बजेट भएमा उपरोक्त लक्ष्य प्राप्त गर्न सहज हुनेछ। कुनै दैवी प्रकोप भएमा, संघीय तथा प्रदेश सरकारबाट अनुदान कटौती भएमा लक्ष्य प्राप्तिमा जोखिम हुने देखिन्छ।

## ४.३ पर्यटन, संस्कृति  तथा सम्पदा
### ४.३.१ पृष्ठभूमि

पर्यटन क्षेत्र नेपालको समग्र अर्थतन्त्र विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्रको रुपमा लिईन्छ । नेपालको संविधानले पर्यटन सम्बन्धी नीतिमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता हुने विषय व्यवस्था गरेको छ । पर्यटन क्षेत्र तीनै तहको अधिकार सूचीमा समेटिएको छ । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रकोको योगदान २.०५ प्रतिशत रहेको छ । पर्यटन क्षेत्रको आयमध्ये ५७ प्रतिशत आन्तरिक पर्यटन र ४३ प्रतिशत बाह्य पर्यटनको योगदान रहेको छ। यसै गरी कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १.९३ प्रतिशत योगदान पर्यटन क्षेत्रको रहेको छ।

सिद्धिचरण नगरपालिका पर्यटनको राम्रो सम्भावना भएको नगरपालिका हो। यस नगरपालिकामा व्वाँसे डाँडा, गढँ डाँडा, वनिया छाप, चुहान गढि, लामिसोती भ्यू पार्क, नारायन थान लगायत ४५ भन्दा धेरै स्थानीय ऐतिहासिक ठाउँहरु, नेवारी लगायत विभिन्न संस्कृति, विभिन्न भेषभुषा, ७८ वटा धार्मीक स्थलहरु, ३७ वटा प्राकृतीक स्थलहरु, २६ वटा पर्यटकीय  स्थलहरु रहेका छन्। नगरपालिकामा पर्यटकीय  स्तरका होटलहरुको संख्या ३४ रहेको छ भने यस नगरपालिकामा दैनिक भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरु ४५० जनाले दैनिक सरदर ३००० खर्च गर्ने गरेका, पर्यटमक औषत बसाई दिन १ रहेको छ । नगरपालिकामा युगकवी सिद्धिचरण श्रेष्ठको प्रतिमास्थल, श्रष्ठा व्वासे डाँडा, गढी, कोशी, आडारे, चुहान गढी, लामिसोती भ्यू पार्क, नारायन थान, ठुलो थामडाडा देउराली, जन्तरधाप, महघार गुफा, तोलु गुफा, लामोपुल, तारेभिरडाडा, भ्यूटावर, चमेरे ओडार, चमेरे पातल, श्रष्टा पार्क सिमलडाँडा, बकुन्त बन आदि पर्यटकीय संभावना बोकेका स्थानहरु हुन् ।

### ४.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ स्थानीय ऐतिहासिक ठाउँहरु, संस्कृति, भेषभुषा, भाषा, धार्मिक, प्राकृतिक एवं पर्यटकीय स्थलहरुको संरक्षण र विकास गरी पर्यटन प्रवर्धन गर्न सकिने ।<br>➢ मठ मन्दिर, गुफा, कोट दरवार, पर्यटकीय पदमार्ग, होमस्टे, आदिको निर्माण गर्न सकिने ।<br>➢ स्थानीय पथपर्यटक, पोर्टर सेवा, ग्रामीण, कृषि, एवं पर्यापर्यटनको प्रचुर सम्भावना रहेको ।<br>➢ पार्क तथा पर्यटकीय क्षेत्र तथा कृषि पर्यटन र जलाशय क्षेत्रको सम्भावना वडा नं. १, ३, ६, ११, १२, ४, २, ८ मा ।<br>➢ साँस्कृतीका, धार्मिक, साहसिक, कृषि, स्वास्थ्य तथा खेल पर्यटन आकर्षित गर्ने कार्यक्रम संचालन गर्न सकिने ।<br>➢ पर्यटन प्रबर्धनका लागि निजी क्षेत्रहरुसँग को समन्वय गरी नगरको पर्यटकीय  स्थलहरुमा केबुलकार संचालन गर्न सकिने सम्भावना तथा अवसर रहेको । | ➢ सुरक्षित यातायात, पर्यटकीय  क्षेत्र गुरु योजना बनाउन बजेटको अभाव पर्यटन सम्बन्धी ज्ञानको अभाव, प्रचारप्रसार नहुनु<br>➢ दक्ष जनशक्तिको अभाव, खाने बस्ने होटल, पानिको अभाव र स्थानीय चासोमा नपर्नु ।<br>➢ शान्ति सुरक्षाको कमि, स्तरीय होटल र सार्वजनिक शौचालयको कमि ।<br>➢ सरकारको आर्थिक सहयोगको कमि र योजनाबद्ध विकास हुन नसक्नु साथै बैंक तथा वित्तीय संस्थाको पहुँच सर्वसुलभ नहुनु<br>➢ भौगालिक विकताका कारण पर्यटक आकर्षित कार्यक्रम नियमित तथा प्रभावकारी रुवमा संचालन गर्न नसकिनु |

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ नगरपालिकाको भौगालिक विभिदता र विकटतालाई पृथक र नविन पर्यटकीय थलोको रुपमा विकास गरी पर्यटक आकर्षित गर्न सकिने सम्भावना | ➢ रोजगारीको अवसरको कमिका कारण भएको विदेश पलायनले पर्यटन व्यवसाय सञ्चालन गर्ने जनशक्तिको अभाव । |

### ४.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

धार्मिक, पर्यटन तथा सांस्कृतीक क्षेत्रको दीर्घकालीन पूर्वाधार विकास सिद्धिचरण नगरपालिकाको समृद्धिको आधार ।

**लक्ष्य**

स्थानीय पहिचानमा आधारित संस्कृति, बाजागाजा, भेषभुषा तथा पर्यटकीय स्थलको उचित संरक्षण र प्रबर्धन गरी नगरपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने ।

**उद्देश्य**

स्थानीय ऐतिहासिक ठाउँहरु, संस्कृति, भेषभुषा, धार्मिक, प्राकृतिक एवं पर्यटकीय स्थलहरुको संरक्षण, सम्बर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटनको माध्यमबाट नगरपालिकाको दीगो आर्थिक बृद्धि हाँसिल गर्नु ।

आन्तरिक तथा बाह्य पर्यटकको बसाई तथा दैनिक खर्च दरमा बृद्धि गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटन सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन | दीर्घकालीन योजना, नीति तथा रणनीति निर्माण गरिनेछ । |
| | पर्यटन विकास, प्रवर्द्धनका लागि कानून, मापदण्ड बनाई त्यसको अनुगमन र नियमन गरिनेछ । |
| संस्कृति क, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने | स्थानीय ऐतिहासिक ठाउँहरु, संस्कृति, भेषभुषा, भाषा, धार्मिक, प्राकृतिक एवं पर्यटकीय स्थलहरुको संरक्षण र विकास गरिनेछ । |
| | साँस्कृतिक, धार्मिक, साहसिक, कृषि, स्वास्थ्य तथा खेल पर्यटन आकर्षित गर्ने कार्यक्रम संचालन गरिनेछ । |
| | स्थानीय पथपर्यटक, पोर्टर सेवा, ग्रामीण, कृषि, एवं पर्यापर्यटन कार्यक्रम सञ्चालन गरिनेछ । |
| पर्यटकीय पूर्वाधारको आधार तयार पार्ने | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटनको व्यवस्थापन गरिनेछ । |
| | सबै प्रकारका कला, भाषा र संस्कृतिहरु झल्कने गरी सँग्रहालय निर्माण गरिनेछ । |
| आन्तरिक तथा वाह्य पर्यटनको आकर्षण अभिबृद्धि गर्ने | स्थानीय स्तरमा आन्तरिक तथा वाह्य पर्यटनको आकर्षण अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| | सार्वजनिक निजी तथा सहकारी मोडलमा स्तरिय होटल, होमस्टे प्रर्वद्धनका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | भौगालिक विभिदता र विकटतालाई पृथक र नविन पर्यटकीय थलोको रुपमा विकास गरी पर्यटक आकर्षित गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा तथा सञ्चालन | दीर्घकालीन योजना, नीति तथा रणनीति निर्माण | २० |
| | पर्यटन विकास, प्रवर्द्धनका लागि कानून, मापदण्ड बनाई त्यसको अनुगमन र नियमन | १० |
| नगरपालिकाको पर्यटकीय सम्पदाको संरक्षण, सुरक्षण तथा उत्थान कार्यक्रम | स्थानीय ऐतिहासिक ठाउँहरु, संस्कृति, भेषभुषा, भाषा, धार्मिक, प्राकृतिक एवं पर्यटकीय स्थलहरुको संरक्षण र विकास | ९० |
| | साँस्कृतीका, धार्मिक, साहसिक, कृषि, स्वास्थ्य तथा खेल पर्यटन आकर्षित गर्ने कार्यक्रम संचालन | २०० |
| | स्थानीय पथपर्यटक, पोर्टर सेवा, ग्रामीण, कृषि, एवं पर्यापर्यटन कार्यक्रम | ३० |
| संस्कृति क तथा प्राकृतिक पर्यटन पूर्वाधार प्रवर्द्धन कार्यक्रम | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटनको व्यवस्थापन | ९० |
| | संचालित तथा व्यवस्थित पदमार्गको निर्माण | ४० |
| | ब्राम्हण, क्षेत्री, मगर, नेवार, मुस्लीम, कुमाल, भजन, गुरुङ आदि संस्कृति र भेषभुषा संरक्षण | ५० |
| | सबै प्रकारका कला, भाषा र संस्कृतिहरु झल्कने गरी सँग्रहालय निर्माण | ३०० |
| | युगकवी सँग्रहलय निर्माण | ८० |
| | धार्मिक पर्यटन सञ्चालन | १०० |
| | व्यवस्थित वनभोज तथा पार्क | ३० |
| पर्यटन सम्बन्धी आधारभूत ज्ञान अभिबृद्धि कार्यक्रम | टुर गाइड तालिम | १० |
| | कुक तथा वेटर तालिम | १० |
| | होटल व्यवस्थापन तालिम | १० |
| बार्षिक अन्तरनगरपालिका, जिल्ला प्रतियोगिताहरुको आयोजना | होटलको न्युनतम गुणस्तरीयता निर्धारण | २० |
| | खेलकुद प्रतियोगिता आयोजना | ५० |
| | सार्वजनिक निजी तथा सहकारी मोडलमा स्तरिय होटल, होमस्टे निर्माण कार्यक्रम | ३० |
| | साँस्कृतीका, धार्मिक, साहसिक, कृषि, स्वास्थ्य तथा खेल पर्यटन आकर्षित गर्ने कार्यक्रम | ५०० |
| बाह्य पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटन प्रबर्धनका लागि निजी क्षेत्रहरुसँगको समन्वय गरी नगरको पर्यटकीय स्थलहरुमा केबुलकार संचालन | ४०० |
| | नगरपालिकाको भौगालिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोको रुपमा विकास | १०० |
| | | **२१७०** |

### ४.३.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह : स्थानीय पहिचानमा आधारित कृषि, संस्कृति तथा जल जस्ता सांस्कृतिक तथा प्राकृतिक पूजीको उच्चतम उपभोग गरी नगरपालिकालाई आकर्षक गन्तव्यका रुपमा विकास भएको हुने** | | | | | | | |
| बाह्य तथा आन्तरिक पर्यटक आगमनको (दैनिक) | संख्या | ४५० | ४८५ | ५१५ | ५३५ | न.पा शाखा | न.पा |
| पर्यटकको औसत बसाई | दिन | १ | १.३ | १.६ | २ | न.पा शाखा | न.पा |
| **असर तह :** स्थानीय साँस्कृतिक प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटनको माध्यमबाट दिगो आर्थिक बृद्धि हाँसिल गर्नु । | | | | | | | |
| व्यवस्थित, सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | संख्या | ४ | ४ | ६ | ७ | न.पा शाखा | न.पा |
| सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल(सुरक्षा, होटेल, यातायात) | संख्या | ३ | ३ | ५ | ६ | न.पा शाखा | न.पा |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय नगर | संख्या | २ | २ | ३ | ३ | न.पा शाखा | न.पा |
| उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, मुद्रासटही, होमस्टे, होटेल रेष्टुरेण्ट, यातायात, सपिङ, एजेण्ट, आदि) | संख्या | ३ | ३ | ३ | ३ | न.पा शाखा | न.पा |
| स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संस्था | २ | ३ | ४ | ४ | न.पा शाखा | न.पा |
| संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.म. | ७ | ७ | ७ | ७ | न.पा शाखा | न.पा |
| कृषि पर्यटन संचालन स्थान | संख्या | १ | २ | ४ | ६ | न.पा शाखा | न.पा |
| धार्मिक पर्यटन संचालन स्थान | संख्या | २ | २ | ४ | ४ | न.पा शाखा | न.पा |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | १ | २ | ४ | ४ | न.पा शाखा | न.पा |
| तालिम प्राप्त टुर गाइड | संख्या | | १ | २ | ३ | न.पा शाखा | न.पा |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | १० | १० | १२ | १५ | न.पा शाखा | न.पा |
| सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या | संख्या | ५०० | १००० | ३००० | ५००० | न.पा शाखा | न.पा |
| सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको | संख्या | ५०० | १००० | २००० | २००० | न.पा शाखा | न.पा |
| भ्रमण गर्ने पर्यटकहरुको औषत वसाई | दिन | १ | १ | ७ | १० | न.पा शाखा | न.पा |
| पर्यटकहरुको औषतमा दैनिक खर्च | रु. | ३००० | ३००० | ४००० | ५००० | न.पा शाखा | न.पा |
| पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान | संख्या | १०० | २०० | ३५० | ५०० | न.पा शाखा | न.पा |
| पर्यटनवाट राजस्व संकलन | रु.लाख | | १ | ३ | ५ | न.पा शाखा | न.पा |
| **प्रतिफल तह :** | | | | | | | |
| पर्यटन विकासका लागि दीर्घकालीन योजना, नीति तथा रणनीतिले पर्यटन क्षेत्रको दिगो विकासमा योगदान पुगेको हुने | | | | | | न.पा शाखा | न.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नगरपालिका क्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको विकास, पूर्वाधार निर्माण तथा प्रबर्द्धनबाट पर्यटन आवागमनमा सहजता आएको हुने | | | | | | न.पा शाखा | न.पा |
| पर्यटन सम्बन्धी तालिम तथा उद्यमशिलताबाट पर्यटकीय क्षेत्रको रोजगारीतामा बृद्धि भएको हुने | | | | | | न.पा शाखा | न.पा |
| संरक्षित ताल तलैया, नदीनाला संरक्षण सहित पर्यटन प्रवर्द्धन कार्यक्रमबाट पर्यटकको आवागमनमा सहजता आएको हुने | | | | | | न.पा शाखा | न.पा |
| सार्वजनिक निजी तथा सहकारी मोडलमा स्तरिय होटल, होमस्टे निर्माण कार्यक्रमबाट पर्यटक व्यवस्थापनमा सहयोग पुगेको हुने | | | | | | न.पा शाखा | न.पा |

### ४.३.५ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाले प्रर्याप्त नीतिगत व्यवस्था तथा बजेट बिनियोजन, पर्यटन पूर्वाधारको विकास, होटेल तथा होमस्टेको विस्तार, तालिम प्राप्त पथप्रदर्शक तथा धार्मिक क्षेत्रको प्रचार प्रसारले पर्यटन क्षेत्रको विकास हुने अनुमान गरिएको छ । यद्यपी नगरपालिकाले अन्य क्षेत्रमा लगानी बृद्धि गर्दा लक्ष्य अनुरुप साधन स्रोत परिचालन गर्न तथा आन्तरिक तथा बाह्य पर्यटकलाई गन्तब्य स्थलको रुपमा पर्यटकीय प्रवर्द्धन, विकास र व्यवस्थापन जोखिम हुने सम्भावना पनि छ ।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिबृद्धि, तथा आवश्यक वस्तु र सेवाको उपलब्धता गराउन सहयोग पुऱ्याउँदछ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासमार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ। त्यस्तै निजी क्षेत्रलाई लगानीको वातावरण बनाई र वैदेशिक लगानीलाई नवीनतम प्रविधिका साथ भित्र्याउँदै मुलुकको उच्च, दिगो र फराकिलो आर्थिक बृद्धिदर हाँसिल  गर्न महत्वपूर्ण योगदान पु-याउँछ। पन्ध्रौं योजनाले कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको अंश १५.२ प्रतिशतबाट ३० प्रतिशत पुग्ने लक्ष्य लिएको छ। संविधानले औद्योगीकरणलाई प्रदेशको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। दिगो विकासको लक्ष्यमा समावेशी एवम् दिगो औद्योगिकरण तथा साना उद्योग एवम् अन्य व्यवसाय विस्तार गर्ने विषयलाई मार्गनिर्देश गरेको छ । सो लक्ष्य प्राप्त गर्न सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगले कुल रोजगारीमा १३ प्रतिशत योगदान हुने लक्ष्य लिएको छ। स्थानीय तहले घरेलु उद्योग, व्यवसायको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने, घरेलु उद्योगको प्रवर्द्धन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरी कुल गार्हस्थ्य उत्पादनमा योगदान दिन सक्दछ ।

यस नगरपालिकामा नगरपालिकास्तरिय मुख्य उद्योगहरुको संख्या १५ रहेको छ । नगरपालिकामा टपरी, फर्निचर, कृषि औजार, खाडीँ उद्योग, राडीँ पाखी, थुक्पा, मछिनो, तितेपाति प्रशोधन लगायतका उद्योगहरु संचालनमा रहेका छन् । नगरपालिकाको करीब ६.५ प्रतिशत जनता उद्योग क्षेत्रमा रोजगार रहेका छन् भने नगरपालिकामा कुल ७१२६ परिवारमध्ये कुनै न कुनै पेशा व्यवसायमा संलगन परिवारको संख्या ५९३ र कुनै न कुनै रोजगार तथा आ आर्जनमा संलग्न जनसंख्या १७००९ रहेको छ । नगरपालिकामा कानुन बमोजिम सम्बन्धी त निकायमा कर चुक्ता गर्ने उद्योगको संख्या १५, स्थानीय सीप शैली तथा पविधिमा संचालित उद्योगको संख्या ७, जडिबुटिमा आधारित उद्योग १, स्थानीय हस्तकलामा आधारित उद्योग २ रहेका छन् साथै नगरपालिकामा सीपमुलक तालिम आर्जन गरेको व्यक्तिहरुको संख्या ३० रहेको छ ।

### ४.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना, विकास र प्रवर्द्धन गर्न सकिने ।<br>➢ कृषि एवं गैर कृषिमा आधारित उद्योगहरुको संचालन गर्न सकिने । | ➢ भौगालिक विकटाले मेसिन तथा औजार ढवानि तथा उद्योग स्थापनामा चुनौती र बजारीकाणको समस्या रहेको ।<br>➢ औद्योगिक चेतना, दक्ष जनशक्ति, कच्चा पदार्थ तथा लगानिको श्रोतको कमी रहेको ।<br>➢ उचित अनुदान कार्यक्रमहरु र सहुलियत ऋणको अभाव रहेको । |

| | |
|---|---|
| ➢ औद्योगिक एवं प्रविधि सम्बन्धी सूचना केन्द्र तथा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न सकिने सम्भावना ।<br>➢ पशु, कृषि, लघुउद्यम कार्यक्रम तथा निर्माण व्यवसाय संचालन गर्न सकिने । वडा नं. ८<br>➢ कष्ट तथा पर्निचर उद्योग संचालन का साथै दुना तपरी उद्योग संचालन गर्न सकिने वडा नं. ९ ।<br>➢ दुध र दुधजन्य उत्पादन संकलन केन्द्र र प्रशोधन केन्द्र, तरकारी संकलन केन्द्र, धान तथा घाँसको बिउ उत्पादन केन्द्र वडा नं. ४<br>➢ सिलाई कटाई तालिम संचालन गरी नगरपालिकामा महिला उद्यमशिलता बृद्धि गर्न सकिने ।<br>➢ औद्योगिक प्रदर्शनी तथा उद्यमशिलता विकास कार्यक्रम संचालन गर्न सकिने । | ➢ उपजको बजारीकरण, भण्डारण र बिक्री वितरण चुनौतीपूर्ण भएको ।<br>➢ उद्योग व्यापारका लागि आवश्यक पुँजी जुटाउन चुनौतीपूर्ण रहेको ।<br>➢ अनियन्त्रीत आयातले स्थानीय उद्योगमा समस्या तथा नियमित कच्चा पदार्थ आपर्ति नहुनु ।<br>➢ लगानिका क्षेत्रप्रतिको लगानिकर्ताको आकर्षण नहुनु ।<br>➢ बैंक तथा वित्तीय संस्थाको उपस्थिति न्यून हुनु तथा बैंकको व्याजदर महगो हुनु ।<br>➢ विद्युत तथा उर्जा आपूर्ति नियमित नहुनु । |

### ४.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

आफ्नै उत्पादन आफ्नै उपभोग ग्रामिण उद्योगको स्थापना सिद्धिचरणको सोच

**लक्ष्य,**

सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक सहकार्यमा दिगो एवम् बृहत् आधारसहितको उद्योग व्यवसायको विकास गर्ने ।

**उद्देश्य,**

स्थानीय कच्चा पदार्थमा आधारित गुणस्तरीय तथा प्रतिस्पर्धात्मक वस्तुको उत्पादन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नु ।

निजी क्षेत्रको लगानी, उद्यमशीलता, अनुभवलाई नगरको आर्थिक विकासमा सामन्जस्य गराई व्यवसायमैत्री बातावरणको निर्माण गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्योग तथा व्यापार व्यवसायको नीतिगत तथा संरचनात्मक सुदृढीकरण गर्ने | उद्योग तथा व्यवसाय लक्षित नगरपालिका लक्षित नीति तर्जुमा गरिनेछ । |
| | लक्षित समुदायमा आधारित परम्परागत व्यवसायहरुलाई प्रोत्साहन र प्रर्वद्धन गरिनेछ । |

| | |
|---|---|
| | उद्योग तथा व्यापार व्यवसायको अध्ययन, नियमन तथा निरीक्षण गर्ने संयन्त्रको विकास गरिनेछ |
| | उद्योग तथा व्यापार व्यवसायको तथ्याङ्क, सृजित रोजगारी तथा बार्षिक आर्थिक कारोवार अद्यावधिक गर्ने संयन्त्रको विकास गरिनेछ । |
| स्थानीय पहिचानमा आधारित उद्योग विस्तारमा जोड दिने | औद्योगिक उत्पादन सम्बन्धी सीप विकास तालिम सञ्चालन गरिनेछ । |
| | दुध र दुधजन्य उत्पादन संकलन केन्द्र र प्रशोधन केन्द्र, तरकारी संकलन केन्द्र, धान तथा घाँसको बिउ उत्पादन केन्द्र स्थापना गरिनेछ । |
| | औद्योगिक क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरिनेछ । |
| लक्षित समुदायको आर्थिक क्षमता अभिबृद्धि गर्ने | उद्यम सिर्जना, व्यवसायिक विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ । |
| | स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना, विकास र प्रवर्द्धन गरिनेछ । |

| कार्यक्रम | आयोजना | **लागत (लाख)** |
|---|---|---|
| उद्योग तथा व्यवसाय व्यवस्थापन कार्यक्रम | उद्योग तथा व्यवसाय लक्षित नगरपालिका लक्षित नीति तर्जुमा | २० |
| | लक्षित समुदायमा आधारित परम्परागत व्यवसायहरुलाई प्रोत्साहन र प्रवद्धन गर्ने | २० |
| | उद्योग तथा व्यापार व्यवसायको अध्ययन, नियमन तथा निरीक्षण गर्ने संयन्त्रको विकास | २० |
| | उद्योगबाणिज्य संघ र नगरपालिका सहकार्यमा साना तथा मझौला उद्योगको स्थापना | २९० |
| | उद्योग तथा व्यापार व्यवसायको तथ्याङ्क, सृजित रोजगारी तथा बार्षिक आर्थिक कारोवार अद्यावधिक गर्ने संयन्त्रको विकास | ५० |
| स्थानीय कच्चा पदार्थ आधारित औद्योगिक क्षेत्र प्रवर्द्धन कार्यक्रम | विद्यार्थीलाई औद्योगिक उत्पादन सम्बन्धी सीप विकास तालिम | १०० |
| | दुध र दुधजन्य उत्पादन संकलन केन्द्र र प्रशोधन केन्द्र, तरकारी संकलन केन्द्र, धान तथा घाँसको बिउ उत्पादन केन्द्र स्थापना | ५० |
| | औद्योगिक क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्ने | १०० |
| लक्षित समुदाय उद्यम विकास कार्यक्रम | उद्यम सिर्जना, व्यवसायिक विकास सम्बन्धी तालिम | १०० |
| | स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना, विकास र प्रवर्द्धन | १०० |
| | जडिवुटीमा आधारित उद्योग व्यवसाय | १०० |
| | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसायको विकास | १०० |
| | सिलाई कटाई तालिम संचालन गरी नगरपालिकामा महिला उद्यमशिलता बृद्धि कार्यक्रम | ३० |
| | कृषि एवं गैर कृषिमा आधारित उद्योगहरुको संचालन | १०० |
| | महिलाद्वारा संचालित उद्योग व्यवसायको प्रवर्द्धन | ६० |
| | सीप विकास तालिम, औजार उपकरण र बजारीकरणमा अनुदान, | ९० |
| | औद्योगिक प्रदर्शनी तथा उद्यमशिलता विकास कार्यक्रम संचालन | ४० |
| समूदायको सांस्कृतिक सम्पत्तिको व्यवसायीकरण कार्यक्रम | जनजाति समूदायको पहिरन उत्पादन तथा प्रदर्शनी कार्यक्रम | ५० |
| | स्थानीय मदिराको ब्राण्डिङ | २० |
| | राडिपाखी तथा खाँडी उद्योगको स्थापना तथा रोजगार कार्यक्रम | ३० |
| | विपन्न समुदायको सीप तथा ज्ञान सर्वेक्षण | ५० |
| | आरन व्यवसायको आधुनिकीकरण | ५० |
| **जम्मा** | | **१५७०** |

### ४.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित उद्योगको स्थापनाबाट स्थानीय रोजगारीको बृद्धि सँगै जीवन यापनको दरिलो आधार सिर्जना हुने । | | | | | | | |
| उद्योग क्षेत्रको रोजगारी | प्रतिशत | ६.५ | ७.० | ७.५० | ८.० | नगरपालिका शाखा | न.पा |
| **असर तह :** औपचारिक तथा अनौपचारिक रुपमा सञ्चालित उद्योग तथा व्यवसायलाई सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा विस्तार गरी रोजगारीका अवसर सिर्जना भएको हुने | | | | | | | |
| औपचारिक र अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | १५ | १६ | १८ | २० | नगरपालिका शाखा | न.पा |
| औपचारिक र अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | १ | ० | ० | २ | नगरपालिका शाखा | न.पा |
| कानुन अनुसार सम्बन्धी त निकायमा कर चुक्ता गर्ने उद्योगहरु | संख्या | १५ | १५ | १५ | १५ | नगरपालिका शाखा | न.पा |
| सुचारु व्यापार व्यवसाय | संख्या | १२० | १२२ | १२५ | १२८ | नगरपालिका शाखा | न.पा |
| स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | ७ | ९ | ११ | १३ | नगरपालिका शाखा | न.पा |
| बाँस, अल्लो, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय | संख्या | ० | १ | २ | २ | नगरपालिका शाखा | न.पा |
| निकासीजन्य कच्चा पदार्थको उपलव्धता | क्विन्टल | ७०० | ८०० | ९०० | १००० | नगरपालिका शाखा | न.पा |
| जडिवुटीमा आधारित उद्योग व्यवसाय | संख्या | १ | १ | १ | २ | वडा सर्वेक्षण | न.पा |
| स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | २ | ३ | ४ | ६ | नगरपालिका शाखा | न.पा |
| उद्यम सिर्जना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | १० | १५ | २० | २८ | नगरपालिका शाखा | न.पा |
| सीपमूलक व्यवसायिक तालिम आर्जन गरेका व्यक्तिहरु | संख्या | ३० | ७० | १२० | २०० | नगरपालिका शाखा | न.पा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| महिलाद्वारा संचालित उद्योग व्यवसायहरु | संख्या | | ४० | ६० | ८० | नगरपालिका शाखा | न.पा |
| प्रतिफल तह | | | | | | | |
| औधोगिक चेतना तथा दक्ष जनशक्ति विकास कार्यक्रम बाट उद्यम क्षेत्रमा लाग्न युवा बर्ग अभिप्रेरित हुने | | | | | | नगरपालिका शाखा | न.पा |
| स्थानीय उद्योग स्थापना तथा सञ्चालनबाट स्थानीय उत्पादनको मागमा बृद्धि भई रोजगारीमा सकारात्मक प्रभाव परेको हुने | | | | | | नगरपालिका शाखा | न.पा |
| सम्भाव्य बजार प्रबर्धन तथा व्यापार मेला सञ्चालनबाट औद्योगिक वस्तुको बजारीकरणमा सहयोग पुगेको हुने | | | | | | नगरपालिका शाखा | न.पा |
| स्थानीय कच्चा पदार्थ संकलन तथा प्रशोधन केन्द्र निर्माण कार्यक्रमबाट स्थानीय उत्पादनले बजार र उचित मुल्य पाएका हुने | | | | | | नगरपालिका शाखा | न.पा |
| विपन्न वर्ग, महिला, दलित तथा पछाडी पारिएका परिवारको उद्यमशीलतामा सहजता भएको हुने | | | | | | नगरपालिका शाखा | न.पा |
| लगानीका क्षेत्र प्रक्षेपण तथा स्रोत व्यवस्थापन कार्यक्रमबाट नगरपालिकाले आन्तरिक आय स्रोत अभिबृद्धिको क्षेत्रमा लगानी आकर्षण गर्न सकेको हुने | | | | | | नगरपालिका शाखा | न.पा |

### ४.४.५ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाले उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको क्षेत्रमा उल्लेख्य उपलब्धि गर्न लगानीमा बृद्धि, स्थानीय उत्पादनको प्रशोधनको व्यवस्था तथा बजार व्यवस्थापन हुने र स्थानीय स्तरमा उद्योग तथा व्यवसाय सञ्चालन हुने अनुमान छ। यद्यपी होटल रेष्टुरेन्ट तथा होमस्टेहरुको व्यापारमा उल्लेख्य युवाहरुको सहभागिता नहुने र कमजोर पूर्वाधार तथा सीप विकास नभएका कारण स्थानीय स्तरमा कच्चा पदार्थको प्रयोगबाट उत्पादित बस्तु विक्रि तथा बजार व्यवस्थापन जोखिममा रहेको छ।

## ४.५ बैंक वित्तिय संस्था तथा सहकारी

### ४.५.१ विद्यमान अवस्था

नागरिकको वित्तिय क्षेत्रमा पहुँच बृद्धि गरी आय आर्जनका अवसरहरु सिर्जना गर्न बैंक वित्तिय तथा सहकारी संस्थाको महत्वपूर्ण भूमिका हुन्छ । सङ्घीय संरचना अन्तर्गत गठीत नगरपालिकाले आर्थिक तथा वित्तिय क्षेत्रको परिचालन गरी आम नागरिकको रोजगारी तथा आम्दानी अभिबृद्धिमा सकारात्मक भूमिका खेल्न सक्छ। तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकाले बैंक वित्तिय सस्था तथा सहकारीसँग गर्न सक्ने सहकार्यका आयामलाई समेट्न खोजेको छ ।

| बैंक, वित्तीय संस्था, सहकारी र समुह | संख्या |
|---|---|
| बैंक | १७ |
| लघुवित्त कम्पनी | ५५ |
| बीमा एवं सहकारी संस्था | २२ |
| आमा समुहहरु | १२२ |
| **जम्मा** | **२१६** |

सिद्धिचरण नगरपालिकामा वाणिज्य तथा विकास बैंकको संख्या १७, लघुवित्त वित्तिय संस्था ५५ बीमा एवं सहकारी संस्थाहरु २२, विषयगत सहकारी संस्थाहरु ११, मौद्रिक कारोवार गर्ने आमा समुहहरु १२२ रहेका छन् । नगरपालिकामा ५५ प्रतिशत परिवारमा बैंक खाता रहेको मा मोवाईल बैंकिङ सेवा प्रयाग गर्ने जनसंख्या २३.१७ प्रतिशत र बैंक बाट ऋण लिने कृषकको प्रतिशत २३.९२ रहेको छ त्यसैगरी नगरपालिकामा बीमा कार्यक्रममा संलग्न परिवारको संख्या ४५७ रहेकोमा कृषि बीमामा ३७० कृषक आवद्ध भएका छन् । नगरपालिकाको सबै वडामा सामाजिक सुरक्षा भत्ता, कर्मचारीको तलव भत्ता, नगरपालिकाको राजस्व, विकास आयोजनामा भएको खर्चको निकासी आदि बैंकिङ प्रणालीमा आबद्ध गरिएको छ। बैंकिङ क्षेत्रको पहुँच बृद्धि भएसँगै कृषि पेशामा संलग्न जनताले सहज रुपमा ऋण सुविधा पाउने अवस्था सिर्जना भएको भएपनि सहकारी तथा लघुवित्तको महंगो ब्याजमा कर्जा लिई व्यवसाय सञ्चालनमा जोखिम समेत विद्यमान छ।

### ४.५.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ सामाजिक सुरक्ष भत्ता, कर्मचारीको पारिश्रमीक आदिलाई बैंकङ प्रणालीमा आबद्ध गरी बैंकिङ प्रणालीको विस्तार गर्न सकिने ।<br>➢ एक वडा एक बैंकिङ शाखाको सम्भावना भएको<br>➢ वडाको लगानी सदुपयोग गर्न उचित ऋण प्रवाह गराउने वित्तीय संस्थाको स्थापना गर्न सकिने ।<br>➢ कन्द्रिय सरकारको समन्वयमा नगरपालिकाले वित्तीय संस्थाबाट ऋण प्राप्त गरी विकासका कार्यक्रम समयमानै सम्पन्न गर्न सकिने ।<br>➢ जनताको बचत गर्ने बानिको विकास भई आयश्रोत तथा जीवनस्तरमा सुधार हुने ।<br>➢ महँगो पट्टा ब्याजको मारबाट मुक्त भई सहुलियत दरमा ऋण प्रप्त गरी उद्यमशिलतामा बृद्धि हुने ।<br>➢ सरकारले लागू गरेको प्रत्येक नेपालीको बैंक खाता, सहुलियत ऋण, कृषि अनुदान लगायतका कार्यमा सफलता हाँसिल गर्न सहयोगी हुने ।<br>➢ वैदेशिक रोजगारी बाट पठाएको रेमिटान्स परिवारले नगरपालिका भित्रबाटै प्राप्त गर्न सक्ने साथै राजस्व संकलनमा बृद्धि हुने । | ➢ पर्याप्त मात्रामा वित्तीय संस्थाको अभाव, जनचेतनाको कमी, बचत गर्ने प्रवृत्ति नरहेका रहेको ।<br>➢ अनौपचारिक मौद्रिक लेनदेन धेरै हुने गरेको ।<br>➢ लघुवित्त संस्थाहरुले अनुपयुक्त ऋण प्रवाह गरी मानिसहरुलाई ऋणमा डुबाउने क्रम रोक्न चुनौती रहेको ।<br>➢ घुम्ती लघुवित्त संस्थाहरुबाट पैसा ठगिने समस्या<br>➢ सुरक्षा निकायको उपस्थिती नहुनुले भल्टको सुरक्षा सम्बन्धी समस्या ।<br>➢ लगानी भएको रकमको सावा तथा ब्याज समयमानै असुल उपर हुन नसक्दा वित्तीय संस्था घाटामा जाने र धितो लिलामिको समस्या<br>➢ वित्तीय संस्था शहर बजार र धेरै जनघनत्व भएका क्षेत्रमा केन्द्रित हुने प्रवृत्तिले सबै वडामा बैंकिङ पहुँच पर्याउन नसकिनु ।<br>➢ सहुलियत तथा विना धितोको ऋण लगानीले असिली सम्बन्धी वित्तिय जोखिममा बृद्धि गर्नु । |

### ४.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

आर्थिक कारोवारमा पारदर्शीताका साथै वित्तिय कारोवारमा बैंकिङ पहुँच तथा सहजता सिद्धिचरणको प्रतिबद्धता ।

**लक्ष्य**

वित्तीय पहुँच अभिबृद्धि सँगै जनताको बचत गर्ने बानिको विकास गर्दै बैंक खाता, सहुलियत ऋण, कृषि अनुदान लगायतका कार्यमा बैंक तथा वित्तीय संस्थाहरुसँगको सहकार्यबाट कृषि, उद्योग र सेवा क्षेत्रमा रोजगारी सिर्जना गर्दै सम्मुन्नत नगरपालिकाको निर्माण गर्ने ।

**उद्देश्य**

नगरपालिकाको सम्पुर्ण आर्थिक कारोवार बैंक खातामार्फत संचालन गर्दै आर्थिक समृद्धिका लागि स्थानीय साधन, श्रोत, सीप तथा रोजगारीको सदुपयोग, विकास एवं प्रवर्द्धनमा सहयोग पुग्ने क्षेत्रहरुमा वित्तीय श्रोतहरु परिचालन गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|---|
| वित्तिय क्षेत्रको संरचनात्मक तथा नीतिगत अवस्थालाई प्रभावकारी वनाउने | वित्तिय क्षेत्र सुदृढीकरण कार्यक्रम | नगरपालिका–बैंक–सहकारी वित्तिय सहकार्यको नीतिगत व्यवस्था | २० |
| | | आमा समुह लगायतका अनौपचारिक रुपमा सञ्चालित वित्तिय संस्थाको परिचालन निर्देशिका | २० |
| | | नगरपालिका भित्र रहेका सहकारीहरुको एकिकरण गरी विषयगत सहकारी निर्माण | २० |
| | | निजी तथा सहकारी क्षेत्रको वित्तिय परिचालन नियमन | २०० |
| समुदायमा बैंकिङ पहुँच अभिबृद्धि गर्ने | नगरपालिका बैंक–सहकारी वित्तिय सहकार्य | तरकारी, फलफूल खेति तथा पशुपन्छीपालनमा सहुलियतपूर्ण ऋणको व्यवस्था | ५० |
| | | वडागत घुम्ती बैंकिङको व्यवस्था (विशेष गरी सामाजिक सुरक्षा भत्ताका लागि) | ५०० |
| | | स्थानीय विषयगत सहकारी तथा नगरपालिका वीच वित्तिय सहकार्य | १००० |
| | | कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणको व्यवस्थापनमा सहकारीसँग सहकार्य | १० |
| | | कृषि क्षेत्रको विकासका लागि नगरपालिका–बैंक–सहकारी संयुक्त कोषको स्थापना | ५ |
| | | बैंकबाट ऋण लिने कृषकको अभिलेखकीकरण | ५ |
| | | बैंकिङ वचत अभियान | ३० |
| स्थानीय वित्तिय तथा सहकारी संस्थाको संरचनात्मक क्षमता अभिबृद्धि गर्ने | सहकारी तथा वित्तिय संस्था सवलीकरण कार्यक्रम | स्थानीय सहकारी तथा वित्तिय संस्थाको अभिलेखीकरण गर्ने | २० |
| | | सहकारी तथा वित्तिय संस्थाको क्षमता अभिबृद्धि कार्यक्रम | २० |

| | | | |
|---|---|---|---|
| | | सहकारी तथा वित्तिय संस्थाको वित्तिय प्रभाव, दायरा र ऋण प्रवाहको नियमन गर्ने | २० |
| | | स्थानीय स्तरमा दर्ता भएका सहकारी संस्थाहरुको जोखिम लेखाजोखा तथा अवस्था सार्वजनिकीकरण | २० |
| | | सहकारीले तोकिएको क्षेत्रमा लगानी गरे नगरेको अनुगमन तथा निरिक्षण | २० |
| | | सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन | २० |
| | | कृषि क्षेत्रमा भएको लगानीको नियमन | २० |
| | | कृषि विमा संलग्न कृषकको अभिलेखीकरण | २० |
| | | सहकारी संस्थाको ऋणकर्जाबाट उद्योग व्यापार,व्यवसाय संचालन गर्नेहरु अभिलेखीकरण | २० |
| | | सहकारी संस्थावाट भएको कूल कर्जा लगानी अभिलेखीकरण | २० |
| | | सहकारी संस्थामा संकलित कुल निक्षेप अभिलेखीकरण | ५० |
| अनौपचारिक क्षेत्रको वित्तिय कारोबारलाई मुलप्रवाहीकरण गर्ने | ग्रामिण क्षेत्रको मौद्रिक कारोवार व्यवस्थापन कार्यक्रम | अनौपचारिक मौद्रिक कारोवार गर्ने समुहको अभिलेखीकरण | ५० |
| | | अनौपचारिक मौद्रिक कारोवार गर्ने समुहको क्षमता अभिबृद्धि | १०० |
| | | अनौपचारिक मौद्रिक कारोवार गर्ने समुहको नियमन तथा सहकार्य | २०० |
| विपन्न समुदायको वित्तिय पहुँच सुदृढ गर्ने | लक्षित समुदाय केन्द्रित वित्तिय पहुँच कार्यक्रम | विपन्न समुदाय लक्षित सहुलियत ऋण प्रवाह कार्यक्रम | २०० |
| | | सामुहिक खेती, साना तथा घरेलु उद्योग प्रबर्द्धन तथा बजारीकरणमा सहुलियत कार्यक्रम | १८० |
| | | विपन्न लक्षित समुदायको लागि सहकारी मार्फत सीपमुलक कार्यक्रम सञ्चालन गर्ने । | २०० |
| | | युवा लक्षित कृषि/पशुपालन कार्यक्रम सञ्चालनका लागि कृषि कर्जाको व्याजमा अनुदानको व्यवस्था गर्ने | २०० |
| **जम्मा (लाखमा)** | | | **३२४०** |

### ४.५.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** वित्तीय पहुँच अभिबृद्धि सँगै जनताको बचत गर्ने वानिको विकास गर्दै सरकारले लागू गरेको प्रत्येक नेपालीको बैंक खाता, सहुलियत ऋण, कृषि अनुदान लगायतका कार्यमा बैंक तथा वित्तीय संस्थाहरुसँगको सहकार्यबाट सम्मुन्नत नगरपालिकाको निर्माण भएको हुने । | | | | | | | |
| वैकिङ पहुँच | प्रतिशत | ५५ | ५९ | ६६ | ७५ | आर्थिक शाखा | न.पा |
| **असर तह :** आर्थिक समृद्धिकालागि स्थानीय साधन, श्रोत, सीप तथा रोजगारीको सदुपयोग, विकास एवं प्रवर्द्धनमा सहयोग पुग्ने क्षेत्रहरुमा वित्तीय श्रोतहरु परिचालन भएको हुने | | | | | | | |
| सुचारु बैंक तथा वित्तीय संस्था | संख्या | १७ | १८ | १९ | २० | आर्थिक शाखा | न.पा |
| बैंक तथा वित्तीय संस्थाहरुमा संकलित निक्षेप रकम | रु.करोड | ८० | ८२ | ८४ | ८५ | आर्थिक शाखा | न.पा |
| बैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह | रु.करोड | १२० | १२५ | १२८ | १३० | आर्थिक शाखा | न.पा |
| बैंक तथा वित्तीय संस्थाहरुवाट उपलब्ध सेवा तथा कारोबारको प्रकार ( बचत र लगानी/रेमिट/मुद्रा सटही/व्यवसायिक परामर्श) | संख्या | ३ | ४ | ४ | ५ | आर्थिक शाखा | न.पा |
| आर्थिक रुपमा सक्रिय जनसंख्याको (१५-६४) बैंक खाता | संख्या | २००० | २५०० | ३००० | ३५०० | आर्थिक शाखा | न.पा |
| वचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | २० | २० | २१ | २२ | आर्थिक शाखा | न.पा |
| महिलाद्वारा संचालिन सहकारी संख्या | संख्या | १५ | १६ | १७ | १८ | आर्थिक शाखा | न.पा |
| कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | २५ | २६ | २७ | २८ | आर्थिक शाखा | न.पा |
| सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | २५४४ | २६०४ | २७६८ | २८९५ | आर्थिक शाखा | न.पा |
| सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय संचालन गर्ने | संख्या | १५०० | १५२० | १५५० | १५७० | आर्थिक शाखा | न.पा |
| सहकारी संस्थावाट भएको कूल कर्जा लगानी | रु. | १० करोड | ११ | १३ | १५ | आर्थिक शाखा | न.पा |
| सहकारी संस्थामा संकलित कुल निक्षेप | रु. | १५ करोड | १२ | १४ | १६ | आर्थिक शाखा | न.पा |
| **प्रतिफल तह** | | | | | | | |
| एक वडा एक बैंक कार्यक्रमबाट समुदायमा बैंकिङ पहुँच बृद्धि भएको हुने | | | | | | आर्थिक शाखा | न.पा |
| बैंकिङ साक्षरता बृद्धि तथा सीप मूलक उद्यमशिलता विकास कार्यक्रमबाट उद्यमी र बैंक बीचको दुरी कम भएको हुने | | | | | | आर्थिक शाखा | न.पा |
| कृषि अनुदान तथा सहुलियतपुर्ण कृषि कर्जा कार्यक्रमबाट किसान लाभान्वित भएका हुने | | | | | | आर्थिक शाखा | न.पा |
| गाउँगाउँमा सहकारी घरघरमा रोजगारी कार्यक्रम युवा वर्गको रोजगारी सुनिश्चितता बढेको हुने | | | | | | आर्थिक शाखा | न.पा |
| बैंक तथा सहकारी संस्थासँगको समन्वयमा बजार प्रवर्द्धन भएको हुने । | | | | | | आर्थिक शाखा | न.पा |

## ४.६ श्रम रोजगार र सामाजिक सुरक्षा
### ४.६.१ पृष्ठभूमि

नेपालको संविधान २०७२, ले रोजगारी तथा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गरेको छ । पन्ध्रौं योजनाले विप्रेषण आयको उत्पादनमूलक लगानीबाट तिब्र आर्थिक बृद्धि गरी स्वदेशमा रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई बसाइँ सराइ दर्ता र पारिवारिक अभिलेखको व्यवस्थापन गर्ने जिम्मेवारी तोकेको छ । त्यस्तै गरी नागरिकहरूको रोजगारीको अवस्थाको अभिलेखीकरण र बेरोजगारको तथ्यांक संकलन र व्यवस्थापनका साथै सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना र तथ्यांक संकलन र व्यवस्थापन गर्ने अहम् जिम्मेवारी तोकेको छ। स्थानीय आर्थिक सामाजिक विकासमा रोजगारीका अवसर बृद्धिले महत्वपूर्ण स्थान रहने गरेकोले योजनाबद्ध विकासका माध्यमबाट यस क्षेत्रको विकास गर्नुपर्ने आवस्यकता महसुस गरिएको छ ।

सिद्धिचरण नगरपालिकामा हाल २८.४२ प्रतिशत युवा बैदेशिक रोजगारीमा गएका छन् जसमध्ये महिलाको संख्या ६.१७ प्रतिशत रहेको छ। नगरपालिकामा २५ प्रतिशत युवा वित्तिय साक्षरता सम्बन्धी जानकार भई बैदेशिक रोजगारीमा जाने गरेका छन् त्यसैगरी रोजगारीका लागी भारत जाने युवाहरुको संख्या ३ प्रतिशतको हाराहारीमा रहेको छ। स्थानीय तथा स्वदेशी रोजगारी अन्तर्गत नगरपालिकामा ईन्जीनियर ११० जना, डाक्टर ९० जना, व्यापारी ३८२ जना, शिक्षक ३२२ जना, देश विदेशमा गएर ख्याती कमाएका व्यक्तिहरु ३३ जना रहेका छन् भने नगरपालिका भित्रमै रोजगार भएको जनसंख्या १२३७ जना रहेको छ। नगरपालिकामा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण घरायसी उपभोग, जग्गा तथा घर खरिद, शिक्षा, स्वास्थ्य, स्थानीय व्यावसाय संचालन, विलासिताका सामान खरिद, कृषि सामग्री खरिद आदि कार्यमा प्रयोग हुने गरेको छ। नगरपालिकामा उपलब्ध सीप तथा अनुभवलाई आफ्नो थाकथलोमा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न सकेको खण्डमा स्थानीय आर्थिक विकासमा योगदान पुग्नका साथै रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

### ४.६.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ बैदेशिक रोजगारीमा जाने युवाका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गर्न सकिने<br>➢ वैदेशिक रोजगारीबाट फर्किआएका युवाहरुको सीप अभिबृद्धि तथा उद्यमशीलता विकास गरी स्वरोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।<br>➢ वैदेशिक रोजगारीबाट पठाएको रेमिटान्स परिवारले नगरपालिका भित्रबाटै प्राप्त गर्न सक्ने साथै राजस्व संकलनमा बृद्धि हुने । | ➢ स्थानीय सरकारले संचालन गर्ने योजना तथा कार्यक्रममा प्रत्यक्ष रोजगारी र गरीबी निवारणलाई प्राथमिकता दिन नसक्नु ।<br>➢ दक्ष श्रमिकको कामको सम्मान, उपर्युक्त पारिश्रमिक र सामाजिक सम्मान सहितको श्रम व्यवस्थापनको नीति लाई प्रयागमा ल्याउन नसक्नु ।<br>➢ युवा पलायन तथा स्थानीय स्तरमानै रोजगारिका अवसर श्रीजना गर्ने चुनौती । |

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ परिवारको आधारभूत तथा अतिरिक्त आवश्यकता पूरा गर्न योगदान पुग्ने<br>➢ प्राप्त रेमिटान्स रकमले जिविकोपार्जनका अतिरिक्त कृषि तथा व्यावसायिक कार्यक्रम संचलन गर्न सकिने सम्भावना रहेको ।<br>➢ होटेल व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सकिने ।<br>➢ विपन्न वर्ग, पिछडिएका वर्ग, सामाजिक तथा सांस्कृतिक बहिस्करणमा परेका वर्ग लक्षित सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्न सकिने । | ➢ भारत तर्फ रोजगारीमा जाने युवाको एकिन तथ्याङ्क नहुने नहुने ।<br>➢ बेरोजगार युवा लक्षित घरेलु तथा साना र मझौला उद्योग स्थापना नीति अबलम्बन गर्नु नसक्नुले युवा जोश जागरमा नैराश्यता बृद्धि हुँदै जाने चुनौती रहेको ।<br>➢ बैदेशिक रोजगारीमा जाने युवा लक्षित तालिम तथा क्षमता विकास कार्यक्रम संचालनमा समस्या तथा चुनौती रहेको ।<br>➢ सामाजिक सुरक्षा प्रबर्धनलाई जनताको आधारभुत आवस्यकताको रुपमा प्रबर्धन गर्न नसकिनु । |

### ४.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

**सोच**

दक्ष, सीपयूक्त, क्षमतावान रोजगार युवा जनशक्ति, समृद्ध सिद्धिचरणको मुख्य नीति ।

**लक्ष्य**

स्थानीय तथा बाह्य रोजगारीको सिर्जनामार्फत आर्थिक विकास हाँसिल  गर्ने ।

**उद्देश्य**

श्रम संस्कृतिको विकास गरी स्थानीय स्तरमा आत्मनिर्भर तथा स्वरोजगार युवा जनशक्तिको विकास गर्नु ।

स्थानीय स्तरमा सीप विकास तथा स्वरोजगारका कार्यक्रमहरु संचालन गरी युवाको व्यवसायिक सोचमा अभिबृद्धि गरी रोजगार युवा जनशक्तिको विकास गर्दै समुन्नत नगरपालिका निर्माण गर्ने ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| सीप विकास तथा क्षमता अभिबृद्धि | व्यावसायीक सीप विकासका लागि विभिन्न सीपमुलक तालिम सञ्चालन गरिनेछ । |
| | रैथाने बाली तथा बेमौषमी खेति सम्बन्धी तालिम संचालन गरिनेछ । |
| | मान्यता प्राप्त संस्थाहरुबाट होटेल व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान गरिनेछ । |
| | गन्तव्य राष्ट्र/स्थानका बारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण गरिनेछ । |
| न्यायमा सहज पहुँच | गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरुमा पिडित पक्षलाई कानूनी सहायता सेवा उपलब्ध गराउन सम्बन्धीत निकायमा समन्वय गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी | सम्बन्धी त परिवारमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न अन्तर्क्रिया तालिमको व्यवस्था गरिनेछ। |
| | सम्बन्धी त परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यावसायिकता विकास तालिम सञ्चालन गरिनेछ। |
| | वैदेशिक रोजगारीबाट फर्किआएका युवाहरुको सीप अभिबृद्धि तथा उद्यमशीलता विकास गरी स्वरोजगारीका अवसरहरु सिर्जना गर्न साझेदारीमा सीप अनुसार लगानीको वातावरण तयार गरिनेछ। |
| व्यवसाय प्रबर्धन तथा विस्तार कार्यक्रम | स्थानीय कच्चा पदार्थमा आधारित फर्निचर, तरकारी, दुग्ध उत्पादन, उद्योगको स्थापनाबाट रोजगारी सिर्जना गरिनेछ। |
| | वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई सीप अभिबृद्धि तथा उद्यमशिलताका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। |
| | जडिबुटी संकलन तथा उत्पादन उद्योगको माध्यमबाट रोजगारी सिर्जना गरिनेछ। |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| तालिम कार्यक्रम संचालन | व्यवसायीक सीप विकासका लागि विभिन्न सीपमुलक तालिमहरुमा लेखा, एप्लिकेशन, इलेक्ट्रिक, वायरिङ्ग, आल्युनियम फेब्रिकेटर तालिम सञ्चालन, निर्माण मजदुरको लागि क्षमता अभिबृद्धि तालिम, | ३० |
| | गन्तव्य स्थानबारे अभिमुखीकरण | २० |
| | रैथाने बाली तथा बेमौषमी खेति सम्बन्धी तालिम संचालर्न | २० |
| | मान्यता प्राप्त संस्थाहरुबाट होटेल व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान | ३० |
| | गन्तव्य राष्ट्र/स्थानका बारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण | २० |
| कानुनी सहायता कार्यक्रम | गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरुमा पिडित पक्षलाई कानूनी सहायता सेवा उपलब्ध गराउन सम्बन्धी त निकायमा समन्वय गर्ने | ५० |
| | सम्बन्धी त परिवारमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न अन्तर्क्रिया तालिमको व्यवस्था | २० |
| वित्तीय अभिमूखीकरण कार्यक्रम | सम्बन्धी त परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यवसायिकता विकासका लागि उखु, तरकारी, फलफूल, वेर्ना सम्बन्धी तालिम संचालन | ३० |
| | वैदेशिक रोजगारीबाट फर्किआएका युवाहरुको सीप अभिबृद्धि तथा उद्यमशीलता विकास गरी स्वरोजगारीका अवसरहरु सिर्जना गर्न साझेदारीमा सीप अनुसार लगानी | ५० |
| स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना कार्यक्रम | सामुहिक खेति कार्यक्रम संचालन | ५० |
| | स्थानीय कच्चा पदार्थमा आधारित फर्निचर, तरकारी, दुग्ध उत्पादन, उद्योगको स्थापनाबाट रोजगारी सिर्जना | २५० |
| | वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई सीप अभिबृद्धि तथा उद्यमशिलता विकास गरी कृषि क्षेत्रमा प्रोत्साहन सामग्री खरिदमा सहयोग, अनुदान बजारीकरणका लागि कृषि एम्वुलेन्स खरिद | २३० |
| | जडिबुटी संकलन तथा उत्पादन उद्योगको माध्यमबाट रोजगारी सिर्जना। | १०० |
| | | **९००** |

### ४.६.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८०/८१ | २०८२/८३ | २०८४/८५ | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव तह :** नगरपालिकामा रोजगार सूचना केन्द्र डिजिटलाइज भई व्यवस्थित भएको हुनेछ साथै बैदेशिक रोजगारको संख्या घटेर स्थानीय रोजगारमा आवद्ध भएको हुनेछ । | | | | | | | |
| प्राविधिक दक्षता सहितका रोजगार युवा | प्रतिशत | १.२५ | १.५ | २ | ४ | वडा सर्वेक्षण | न.पा |
| **असर तह :** भारत, खाडी मुलुक तथा अन्यत्र वैदेशिक रोजगारीमा जाने युवाको श्रम संरक्षण, प्रविधि र ज्ञान हस्तान्तरणका लागि युवा वर्गमा प्राविधिक दक्षता अभिबृद्धि गर्नु | | | | | | | |
| वैदेशिक रोजगारीमा जानेको संख्या | संख्या | ३६०० | ३००० | २५०० | २००० | वडा सर्वेक्षण | न.पा |
| सीपमूलक तालिम सहित वैदेशिक रोजगारीमा जानेको संख्या | संख्या | ८०० | ८५० | १००० | १५०० | वडा सर्वेक्षण | न.पा |
| वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | ० | ० | १ | २ | वडा सर्वेक्षण | न.पा |
| सुरक्षित वैदेशिक रोजगारका लागि संचालित सूचना केन्द्रवाट लाभान्वित | संख्या | ० | १ | २ | २ | वडा सर्वेक्षण | न.पा |
| विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने जनसंख्या (वैदेशिक रोजगारीमा जाने कूल संख्याको) | प्रतिशत | २५ | २७ | ३० | ३२ | वडा सर्वेक्षण | न.पा |
| वित्तीय साक्षरता कार्यक्रमवाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारी मा जाने कूल संख्याको) | प्रतिशत | २५ | २६ | ३० | ३५ | वडा सर्वेक्षण | न.पा |
| वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्नेहरुको | संख्या | ७०० | ७३० | ७५० | १००० | वडा सर्वेक्षण | न.पा |
| विप्रेषणवाट वार्षिक रुपमा प्राप्त रकम | रु. | ० | ० | १०००० | ३०००० | वडा सर्वेक्षण | न.पा |
| विप्रेषण प्राप्त गर्ने घरधुरी संख्या | संख्या | ० | ० | ५० | १०० | वडा सर्वेक्षण | न.पा |
| **प्रतिफल तह** | | | | | | | |
| वैदेशिक रोजगार हेल्प डेस्कको स्थापनाबाट रोजगारका लागि विदेश जाने युवा सुसुचित भएका हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| विद्यालय स्तरीय सीप सबै बाट नगरपालिका भित्र विविध प्राविधिक सीप भएका विद्यार्थीको तथ्याङ्क अद्यावधिक हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| वैदेशिक रोजगारका लागि उपयुक्त तालिम कार्यक्रमबाट विदेश जाने युवाले आफनो सीप अनुसारको जागिर प्राप्त गर्ने सम्भावना बढेको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

### ४.६.५ अनुमान तथा जोखिम पक्ष

पर्यटन, कृषि, पूर्वाधार विकासमा रोजगार केन्द्रित विकास शिक्षित जनशक्ति र रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप स्वरोजगारीका विषयमा उपयोग भई आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा र श्रम बजारमा दक्ष जनशक्ति मागको आपुर्ति भई श्रम, रोजगारी र सामाजिक सुरक्षा योगदान भएको हुने अनुमान गरिएको छ। साथै स्थानीय तहमा उद्योग, व्यवसाय तथा अन्य आर्थिक क्रियाकलापहरु आवश्यकता अनुसार सञ्चालन कुरामा जोखिम रहेको देखिन्छ ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

सामाजिक क्षेत्रको विकासमा स्वास्थ्य र पोषण क्षेत्रको भुमिका महत्वपुर्ण छ। संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिकहकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैंको स्वस्थ्य जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ। दिगो विकास लक्ष्य नं ३ आधारभूत स्वास्थ्य सेवासँग सम्बन्धी त रहेको छ। यो विषय स्थानीय तहको अधिकार सूचीमा समेत पर्दछ । यस सम्बन्धी दिगो विकास लक्ष्यमा मातृ मृत्युदर, नवजात शिशु तथा अन्य सर्ने र नसर्ने रोगहरूको नियन्त्रण लगायतका विषयहरू पर्दछन् । सन् २०३० सम्ममा सबैखाले कुपोषणको घटाउने र २०२५ सम्म ५ वर्ष मुनिका बालबालिकाहरुमा तौल कम हुने र दुब्लो पातलो हुने जस्ता रोगसम्बन्धी अन्तर्राष्ट्रिय लक्ष्य हाँसिल  गर्ने तथा किशोरी, गर्भवती र सुत्केरी महिला र वृद्धवृद्धाहरुको पोषणसम्बन्धी आवश्यकता सम्बोधन गर्ने लक्ष्य छ। अहिलेपनि ५ वर्ष मुनिका बालबालिका मध्ये २५ जनामा पुड्कोपन र ८ जनामा ख्याउटेपन रहेको छ। बालबालिकामा हुने कुपोषणले दीर्घकालमा मानव पुँजी निर्माणमा गम्भीर असर गर्दछ। नेपालको संविधानमा स्वास्थ्य र पोषण तीनै तहको सरकारको कार्यजिम्मेवारीमा रहेको छ। तसर्थ तीनै तहका सरकारको सहकार्य र समन्वयमा स्वास्थ्य र पोषणका योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

सिद्धिचरण नगरपालिकामा सबै प्रकारका गरी १५ वटा स्वास्थ्य चैकिहरु रहेका छन् जसबाट जनताले खोप, वर्थिङ सेन्टर, गाउँघर क्लिनिक, प्राथमिक उपचार, स्वास्थ्य सम्बन्धी प्रतिकात्मक तथा प्रबर्धनात्मक सेवा, आ.पि.डि, परिवार नियोजन लगायतका सेवा प्राप्त गरिरहेका छन् । नगरपालिकामा मुख्यतय हात्तिपाईले, रुघा, खोकी, ज्वरो, दम, पखाला, प्रशर, सुगर लगायतका विरामीहरु रुहेका छन् ।

### ५.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य केन्द्रको स्तरउन्नती गरी स्वास्थ्य चौकी बनाउन र अस्पतालको स्तरउन्नती गरी स्वास्थ्य सेवाको गुणस्तरमा बृद्धि गर्न सकिने ।<br>➢ जेष्ठ नागरिक, बालबालिका, सुत्केरी महिला र अपांगता भएका व्यक्तिको निःशुल्क र सहुलियत दरमा स्वास्थ्य उपचारको व्यवस्था गर्न सकिने ।<br>➢ चौविसै घन्टा एम्बुलेन्स सेवाको व्यवस्था गरी विपन्न वर्गलाई एम्बुलेन्स सेवामा निश्चित छुटको व्यवस्था गर्न सकिने ।<br>➢ सदरमुकाम केन्द्रित औषधि पसलहरुलाई गाउँ गाउँ मा विस्तार गर्न सकिने, आयुर्वेदिक केन्द्रको शाखा विस्तार गर्न सकिने ,<br>➢ अहेव तथा ल्याव एसिस्टेन्टेको दरवन्दी थप गरी सेवा विस्तार गर्न सकिने । | ➢ स्वास्थ्य अस्पताल सम्म पुग्न लाग्ने समय पैदल ४ घण्टा (औसत) सवारी साधनमा १ देखि १:३० घण्टा लाग्ने भएको हुदा स्वास्थ्य पहुँचको अभाव रहेको ।<br>➢ एम्बुलेन्स सेवा उपलब्ध नभएकोले व्यवस्थाको चुनौती (सबै वडा ।<br>➢ प्रयोशालाको अभाव, सबै प्रकारका औषधी निःशुल्क गराउन नसकिएको ।<br>➢ बर्थिङ सेन्टरको व्यवस्था हुन नसकेको ।<br>➢ परम्परागत स्वास्थ्य उपचार पद्धतिको व्यवस्थापनमा समस्या तथा जनसंख्याको आकार अनुसार स्वास्थ्य संस्थाको कमि रहेको<br>➢ विभिन्न वडामा भौतिक पूर्वाधार निर्माणका लागि जग्गा प्राप्तिको समस्या रहेको ।<br>➢ सुविधायुक्त ल्याव स्थापनाको चुनौती, बजेटको अभाव साथै बजेट र कार्यक्रममा तालमेल नहुनु । |

| | |
|---|---|
| ➤ अतिआवश्यक ल्यावको व्यवस्था गर्न र आवश्यक प्रविधि विकासकालागि प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरी कार्य गर्न सकिने ।<br>➤ उच्चशिक्षा (डाक्टर, नर्स, अ.हे.व.) अध्यनरत स्थानीय विद्यार्थिसँग सेवा तथा रोजगार करार गरी छात्रावृति प्रदान कार्यक्रम मार्फत दीर्घकालीन दक्ष जनशक्ति विकास गर्न सकिने सम्भावना । | ➤ भौगालीक विकटता र यातायातको अभाव ।<br>➤ आयुवेर्दिक स्वास्थ्य केन्द्र स्थापना चुनौतिपूर्ण रहेको ।<br>➤ स्वास्थ्य कर्मी लाई टिकाई राख्न सेवा सुविधा थप गर्ने चुनौती रहेको । |

### ५.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

एम्बुलेन्स सेवाको पहुँच सहितको सर्वसुलभ आधारभुत स्वास्थ्य सेवाको उपलब्धता सिद्धिचरण नगरपालिकाको प्रतिवद्धता,

**लक्ष्य,**

हरेक नागरिकको स्वस्थ तथा पोषणयुक्त जीवनशैली सुनिश्चित गर्दै मानव पुँजीको निर्माण गर्ने ।

**उद्देश्य**

आधारभूत तथा गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवाको उपलब्धता एवं पहुँचबाट नागरिकहरुको स्वास्थ्य स्तर अभिबृद्धि गर्नु ।

सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप पोषण, क्षय, औलो, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनीति अवलम्बन गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| स्वास्थ्य क्षेत्रको संरचनात्मक तथा नीतिगत सुधार गर्ने | स्वास्थ तथा पोषण नीति तर्जूमा तयार गरिनेछ । |
| | स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ । |
| | घुम्ती स्वास्थ्य सेवाको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । |
| | स्वास्थ्य सेवालाई जेष्ठ नागरिक, लैङ्गिक तथा आपाङ्ग मैत्री बनाइने छ । |
| | स्वस्थ्य संस्थाबाट पाईने सेवा सुविधा तथा सेवा पश्चातको रिपोर्ट अनलाईन उपलब्ध गराईनेछ । |
| | जेष्ठ नागरीक/महिलाको पाठेघरको क्यान्सर लगाएत निशुल्क परिक्षणको व्यवस्था मिलाइनेछ । |
| | मातृ मृत्यु घटाउन समुदाय स्तरमा आमा समुहलाई सक्रिय वनाइनेछ । |
| वैकल्पिक स्वास्थ्य उपचारको व्यवस्था | नगर क्षेत्रमा सार्वजनिक व्यायामशालाको निर्माण गरिनेछ । |
| | जङ्क फुट जस्ता स्वास्थ्यमा दीगो असर पुऱ्याउने खाद्यवस्तुलाई निरुत्साहित गरी स्थानीय स्तरमा उत्पादन हुने अर्गानिक उत्पादनको प्रयोगलाई प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| स्वास्थ्य सुविधामा आम नागरिकको पहुँच अभिबृद्धि गर्ने | सवै वडामा वर्थिङ सेन्टर सहितको न्युनतम पूर्वाधार विस्तार गरिनेछ । |
| | अन्तरनगरपालिका सहकार्यमा टेलिमेडिसिनको व्यवस्था गरिनेछ । |
| | वृद्ध बृद्धाका लागि घर घरमा स्वास्थ्य सुविधा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २० शैयाको आधारभूत सेवा सहितको अस्पताल निर्माण तथा सञ्चालन गरिनेछ । |
| | गैरसरकारी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ सेवा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | आँखा, नाक, कान, घाटी तथा मुख सम्बन्धी स्वास्थ्य सेवालाई विकास तथा विस्तार गरिनेछ । |
| | मानसिक स्वास्थ्य सेवा लाई सवै स्वास्थ्य संस्थामा बिस्तार गरिनेछ |
| नगरबासीको खानपानमा पोषण अभिबृद्धि गर्ने | परिवारको खानपानको प्रबृत्तिको अध्ययन अभिलेखीकरण गरिनेछ । |
| | गर्भवती महिला र शिशुको पोषण अभिबृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| | स्थानीय स्तरमा उत्पादित खाद्यान्नमा आधारित पोषण युक्त लिटोजन्य वस्तुको उत्पादन र प्रयोगको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | स्वास्थ्य तथा पोषण शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | पूर्ण संस्थागत सुत्केरी, पोषण मैत्री स्वास्थ्य र पोषण मैत्री वडा तथा नगरपालिका घोषणाका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| स्वास्थ्य सेवालाई प्रभावकारी वनाउने | गैरसरकारी क्षेत्रसँग समन्वय गरी घुम्ती सेवा सञ्चालन गरिनेछ । |
| | गर्भवती महिला र दुई वर्ष मुनिका आमा (१०००दिनका) लाई पोषण कार्यक्रम सञ्चालन तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | नगरवासीको स्वास्थ्य विमा सञ्चालन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | विद्यालय स्वास्थ्य शिक्षा/आमा समुह स्वास्थ्य शिक्षा/बाल क्लव/किशोरकिशोरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । |
| | सामुदायिक मिसन अस्पतालको क्षमता विस्तारबाट विशेषज्ञ सेवा प्रदान हुने व्यवस्था गर्न एक व्यवस्थित रणनीति तयार गर्न प्रदेश केन्द्र सरकारसँग समन्वय गरिनेछ । |

| **कार्यक्रम** | **आयोजना** | **लागत ( लाख)** |
|---|---|---|
| स्वास्थ्य क्षेत्रको आधारभूत रुपान्तरण कार्यक्रम | स्वास्थ तथा पोषण नीति तर्जूमा | २० |
| | स्वास्थ्य भवन निर्माण गर्न खानेपानी शौचालय, व्याकअप तथा आधारभूत औजार खरिद सामग्री खरिद गर्ने १५ वटा स्वास्थ्य चौकी, १ वटा आयूर्वेद,-जम्मा १६ स्वास्थ्य संस्था) | ७०० |
| | घुम्ती स्वास्थ्य सेवाको कार्यविधि बनाई कार्यान्वयन | १०० |
| | दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन | २० |
| | आयुर्वेदिक तथा प्राकृतिक चिकित्साको अभिलेखीकरण र विकास | २० |
| | विद्यार्थीलाई योग शिक्षा सम्बन्धी तालिम | ७० |
| | स्वस्थ्य संस्थाबाट पाईने सेवा सुविधा तथा सेवा पश्चातको रिपोर्ट अनलाईन प्रतिवेदन संयन्त्रको विकास | १०० |
| | जेष्ठ नागरीक/महिलाको पाठेघरको क्यान्सर लगाएत निशुल्क परिक्षण | १०० |

| | | |
|---|---|---|
| | मातृ मृत्यु घटाउन समुदाय स्तरमा आमा समुहलाई सक्रिय वनाउने | १०० |
| निविनतम स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रम | नगर क्षेत्रमा सार्वजनिक व्यायामशालाको निर्माण | ३० |
| | एक वडा एक जडीवुटी उद्यानको निर्माण | २० |
| | जङ्क फुड जस्ता स्वास्थ्यमा दीगो असर पुऱ्याउने खाद्यवस्तुलाई निरुत्साहित गरी स्थानीय स्तरमा उत्पादन हुने अर्गानिक उत्पादनको प्रयोगलाई जोड | १० |
| स्वास्थ्य पूर्वाधार विस्तार कार्यक्रम | सवै वडामा वर्थिङ सेन्टर सहितको न्युनतम पूर्वाधार विस्तार | १० |
| | विद्यार्थी (किशोर किशोरी) लाई योग तथा प्राकृतिक चिकित्सा सम्बन्धी तालिम | १० |
| | अन्तरनगरपालिका सहकार्यमा टेलिमेडिसिनको व्यवस्था | ५० |
| | वृद्धबृद्धाका लागि घर घरमा स्वास्थ्य सुविधा कार्यक्रम | २० |
| | २० शैयाको आधारभूत सेवा सहितको अस्पताल निर्माण तथा सञ्चालन | २० |
| | गैरसरकारी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन | २० |
| | आँखा, नाक, कान, घाटी तथा मुख सम्बन्धी स्वास्थ्य सेवालाई विकास तथा विस्तार | २० |
| | मानसिक स्वास्थ्य सेवालाई सवै स्वास्थ्य संस्थामा बिस्तार | २० |
| पोषण अभिबृद्धि कार्यक्रम | परिवारको खानपानको प्रबृत्तिको अध्ययन अभिलेखीकरण | २० |
| | गर्भवती महिला र शिशुको पोषण अभिबृद्धि आयोजना | २० |
| | स्थानीय स्तरमा उत्पादित खाद्यान्नमा आधारित पोषण युक्त लिटोजन्य वस्तुको उत्पादन र प्रयोग | २० |
| | स्वास्थ्य तथा पोषण शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम | ३० |
| | पूर्ण संस्थागत सुत्केरी, पोषण मैत्री स्वास्थ्य र पोषण मैत्री वडा तथा नगरपालिका घोषणा | ५० |
| स्वास्थ्य सेवा विस्तार तथा क्षमता अभिबृद्धि कार्यक्रम | गैरसरकारी क्षेत्रसँग समन्वय गरी घुम्ती सेवा प्रर्वद्धन | २० |
| | आँखा, नाक, कान, घाटी तथा मुख सम्बन्धी स्वास्थ्य सेवा विस्तार | १० |
| | मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी व्यवस्थापन | १० |
| | गर्भवती महिला र दुई वर्ष मुनिका आमा (१०००दिनका) लाई पोषण कार्यक्रम सञ्चालन तथा सचेतना कार्यक्रम सञ्चालन | २० |
| | स्वास्थ्य विमा सञ्चालन | ५० |
| | स्वास्थ्य महिला स्वयं सेविका प्रोत्साहन कार्यक्रम सञ्चालन | ४० |
| | दैविक प्रकोप /महामारी व्यवस्थापन | १०० |
| | स्वास्थ्य सुचना, संचार कार्यक्रम सञ्चालन | १५ |
| | PNC /गाँउघर क्लिनिक /खोप कार्यक्रम सञ्चालन | २५ |
| | विद्यालय स्वास्थ्य शिक्षा/आमा समुह स्वास्थ्य शिक्षा/बाल क्लव/किशोरकिशोरी लक्षित कार्यक्रम | ५० |
| | निशुल्क अत्यावश्यक औषधी खरिद कार्यक्रम | १०० |
| | वृहत स्वास्थ्य शिविर संचालन | ५० |
| | आयूर्वेद चिकित्सालय सञ्चालन तथा व्यवस्थापन | ७०० |
| | मजदुर (सँगठित) विमा कार्यक्रम | २५ |
| | एम्वुलेन्स सेवा व्यवस्थित गर्ने कार्यक्रम (जि.पि.एस) प्रणाली | ५० |
| | स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम् सेविका पुरुस्कार तथा अवलोकन भ्रमण कार्यक्रम | १० |
| | मासिक-अर्धवार्षिक तथा वार्षिक समिक्षा कार्यक्रम संचालन | २० |

| | | |
|---|---|---|
| | सामुदायिक मिसन अस्पतालको क्षमता विस्तारबाट विशेषज्ञ सेवा प्रदान हुने व्यवस्था गर्न एक व्यावस्थित रणनीति तयार गर्न प्रदेश केन्द्र सरकारसँग समन्वय | १०० |
| नगरपालिकाको दीर्घकालिन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने | मेयरसँग दीर्घरोगी (सुगर, प्रेसर, दम, मुटु रोगी) र ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम सम्बन्धी औषधि खरिद गरी निशुल्क वितरण | ७५ |
| | नगर उपप्रमुख सुत्केरी पोषण कार्यक्रम अन्तर्गत बालबालिकाको पोषण सुधारका कार्यक्रम साथै बालबालिकाका लागि पोषण लक्षित प्याकेज व्यवस्था | ६० |
| | शिक्षा, आयुर्वेद, महिला तथा बालबालिका स्वास्थ्य कार्यक्रम | ३० |
| | | **३१५०** |

### ५.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८०/८१ | २०८२/८३ | २०८४/८५ | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| प्रभाव तह :स्वास्थ्य संस्थाको क्षमता अभिबृद्धि भई स्वास्थ्य सुविधाको पहुँच सहज हुनुका साथै स्वास्थ्य संस्थाको स्तरोन्नती भएको हुने | | | | | | | |
| औसत आयु | आयु | ६८.२७ | ६८.५० | ६८.७५ | ६९ | रा.ज.२०७८ | न.पा |
| असर तह : आधारभूत तथा गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवाको उपलब्धता एवं पहुँचबाट नागरिकहरुको स्वास्थ्य स्तर अभिबृद्धि गर्नु । | | | | | | | |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | ९० | ९१ | ९२ | ९४ | स्वास्थ्य शाखा | न.पा |
| नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय | घण्टा | १ | ३० मि | १५ मि | ५ मि | स्वास्थ्य शाखा | न.पा |
| २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरु | संख्या | १० | ९ | ८ | ७ | स्वास्थ्य शाखा | न.पा |
| कुपोषणका कारण ५ वर्ष मुनीका बाल बालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु | संख्या | २५ | २० | १९ | १८ | स्वास्थ्य शाखा | न.पा |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | १६० | २०० | २५० | ३०० | स्वास्थ्य शाखा | न.पा |
| ४ पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | संख्या | १५० | २०० | २२० | २३० | स्वास्थ्य शाखा | न.पा |
| प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ८ | १० | १० | ११ | स्वास्थ्य शाखा | न.पा |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | २० | १८ | १७ | १५ | स्वास्थ्य शाखा | न.पा |
| स्वाप्रश्वासको संक्रमण (ARI) दर प्रति हजारमा | संख्या | ४० | ३९ | ३८ | ३७ | स्वास्थ्य शाखा | न.पा |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ६४ | ६५ | ६५ | ६५ | स्वास्थ्य शाखा | न.पा |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | स्वास्थ्य शाखा | न.पा |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ६० | ६२ | ६४ | ६६ | स्वास्थ्य शाखा | न.पा |
| स्वास्थ्य बीमा गर्ने नागरिक | प्रतिशत | ४० | ४५ | ४६ | ५० | स्वास्थ्य शाखा | न.पा |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | संख्या | ३४०० | ३६०० | ३८०० | ४००० | स्वास्थ्य शाखा | न.पा |
| घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | ४ | ४ | ५ | ६ | स्वास्थ्य शाखा | न.पा |
| नागरिक आरोग्य कार्यक्रम संचालन | संख्या | ० | १ | १ | १ | स्वास्थ्य शाखा | न.पा |
| क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्षयरोग, एड्स, कुष्ठरोगको निशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित | संख्या | २०० | ३०० | ३५० | ४०० | स्वास्थ्य शाखा | न.पा |
| क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्षयरोग, एड्स, कुष्ठरोग जस्ता रोगवाट मृत्यु भएकाहरु | संख्या | ३५ | ३० | २८ | २५ | स्वास्थ्य शाखा | न.पा |
| आधारभूत स्वास्थ्य सेवाहरु उपलव्ध भएका वडाहरु | संख्या | १२ | १२ | १२ | १२ | स्वास्थ्य शाखा | न.पा |

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | ८ | ९ | १० | १२ | स्वास्थ्य शाखा | न.पा |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ११७ | ११८ | ११९ | १२० | स्वास्थ्य शाखा | न.पा |
| योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति संचालन गर्ने संस्था | संख्या | ४ | ५ | ५ | ५ | स्वास्थ्य शाखा | न.पा |
| सामुदायिक संस्थाको सहभागितामा संचालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | १ | १ | १ | १ | स्वास्थ्य शाखा | न.पा |
| गाउँघर /शहरी स्वास्थ्य क्लिनिकको संख्या | संख्या | ३९ | ४० | ४० | ४० | स्वास्थ्य शाखा | न.पा |
| संचालनमा रहेको नगरपालिका स्तरीय अस्पतालमा उपलब्ध शैया संख्या | संख्या | ० | ० | ० | १ | स्वास्थ्य शाखा | न.पा |
| महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारको अभावमा मृत्यु | संख्या | ० | ० | ० | ० | स्वास्थ्य शाखा | न.पा |
| महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थाल | संख्या | २ | २ | २ | २ | स्वास्थ्य शाखा | न.पा |
| प्रतिफल तह | | | | | | | |
| स्वास्थ्य क्षेत्रको योजनाबद्ध विकासबाट दक्ष जनशक्ति तथा सुविधायुक्त पूर्वाधारको विकास भएको हुने | | | | | | स्वास्थ्य शाखा | न.पा |
| | | | | | | स्वास्थ्य शाखा | न.पा |
| | | | | | | स्वास्थ्य शाखा | न.पा |
| प्रत्येक वडामा एम्बुलेन्स खरिद कार्यक्रम । | | | | | | स्वास्थ्य शाखा | न.पा |
| विपन्न वर्ग, महिला, दलित, पिछडिएका क्षेत्र जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था भएको हुने | | | | | | स्वास्थ्य शाखा | न.पा |
| घुम्ती स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन र आधारभूत औषधि वितरणबाट नगरवासीमा औषधि प्राप्त गर्न सहजता आएको हुने | | | | | | स्वास्थ्य शाखा | न.पा |

### ५.१.५ अनुमान तथा जोखिम पक्ष

स्वास्थ्य तथा पोषणका कार्यक्रम सञ्चालन गर्न जनशक्ति प्रर्याप्त उपलब्धता, भैतिक सामग्री र आधुनिक उपकरण जस्ता सामान्य पूर्वाधार, गुणस्तरीय स्वास्थ्यको पहुँच हुने अनुमान गरिएको छ । प्राकृतिक प्रकोप, कोभिड, भूकम्प जस्ता माहामारी र अन्य भवितव्यले लक्ष्य प्राप्तिमा जोखिम हुने देखिन्छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन
### ५.२.१ पृष्ठभूमि

गुणस्तरीय शिक्षा नै समृद्धिको आधार हो। माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको दायित्वभित्र पर्दछ। प्रत्यक्ष रूपले स्थानीय तहको जिम्मेवारीभित्र पर्ने भएकाले दिगो विकास लक्ष्य ४ हाँसिल गर्न स्थानीय तहले धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्। स्थानीय प्रतिनिधिले समुदायमा विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान र प्रोत्साहनमा महत्वपुर्ण भूमिका हुन्छ। सन् २०३० सम्ममा झण्डै शत प्रतिशतले प्राथमिक शिक्षामा भर्ना भई प्राथमिक शिक्षा पूरा गरेका हुने, ९५ प्रतिशत विद्यार्थी कक्षा आठसम्म पुग्ने ध्येयले कक्षा एकमा भर्ना भएका हुने र ९० प्रतिशत केटाकटीहरू पूर्व प्राथमिक विद्यालयमा अध्ययनरत हुने दिगो विकास लक्ष्य रहेको छ। स्थानीय तहलाई आफ्नो क्षेत्रका शिक्षाको अवसरबाट वञ्चित सीमान्तकृत व्यक्ति एवम् समुदायसम्म पुग्न सहज हुनाले उनीहरूको आवश्यकताअनुसार तालिम तथा शिक्षामा पहुँच सुनिश्चित गर्न सक्दछन्।

सिद्धिचरण नगरपालिका शिक्षा क्षेत्रको पहुँचमा विस्तारको अवस्थामा रहेको छ, नगरपालिकामा कुल विद्यालय संख्या ६४ रहेको छ जसमध्ये सामुदायिक विद्यालयको संख्या ४९, निजी विद्यालय १३, क्याम्पस २ रहेका छन् त्यसैगरी नगरपालिकामा उच्च मा.वि. १७ वटा, मा.वि. ६ वटा, आधारभुत विद्यालय ४० वटा, पक्की संरचना भएका शैक्षिक संस्था ३४, पक्की शौचालय भएका विद्यालय ५३, महिला मैत्री शौचालय भएका विद्यालय ४८, अपांगमैत्री शौचालय भएका विद्यालय १८, बालमैत्री विद्यालय ६३ रहेका छन्। नगरपालिकामा विद्यालय तहको शिक्षामा एउटा परिवारले सरदर बार्षिक रु.१५००० खर्च गर्ने गरेका छन् भने निजी विद्यालयमा २२२७ परिवारले बालवालिका अध्यायन गराउने गरेका छन्। नगरपालिकाको कुल जनसंख्या २५५७५ मध्ये साक्षर जनसंख्या १९४७८, निरक्षर जनसंख्या ५९६२, लेख्न नजान्ने पढ्न मात्र जान्ने जनसंख्या १३५ जना रहेका छन्। नगरपालिकामा मर्मत गर्नु पर्ने अवस्थाका विद्यालय ३० वटा, शौक्षिक रामाग्री उपलब्ध भएका विद्यालय ५० वटा, विज्ञान प्रयोगशाला भएका विद्यालय १५ वटा, विषयगत शिक्षको व्यवस्था भएका विद्यालय ५ वटा, विद्यालय सुधार योजना लागू भएका विद्यालय ५० वटा, दिवा खाजाको व्यवस्था भएका विद्यालय ५० वटा रहेका छन्।

### ५.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ विद्यालयको भौतिक संरचना निर्माण तथा सुधार साथै शिक्षक दरवन्दी थप गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने।<br>➢ प्रत्येक विद्यालयमा स्थानीय पाठयक्रम लागू गरी स्थानीय भाषा, संस्कृति, रितिरिवाज, चालचलन आदिको संरक्षण तथा विकास गर्न सकिने।<br>➢ प्राविधिक विद्यलयको निर्माण, स्तरउन्नती गर्न सकिने र उच्च मा.वि. तथा क्याम्पसको स्थापना गर्न सकिने | ➢ शिक्षक दरबन्दी अभाव, पर्याप्त मात्रामा शैक्षिक सामग्री र विज्ञान प्रयोशालाको अभाव।<br>➢ शैक्षिक भौतिक पूर्वाधार निर्माणका कार्यमा निरन्तरता, खेलमैदानको निर्माण लगायतका कार्य समयमै सम्पन्न गर्ने चुनौती<br>➢ विद्यालयका लागि दीगो आर्थिक स्रोतको अभाव<br>➢ विद्यार्थी निरन्तरता कायम राख्न चुनौती रहेको, विद्यार्थीहरु पढाई छोडने समस्या।<br>➢ शैक्षिक जनचेतनाको अभाव रहेको।<br>➢ बाल र अपाङ्ग मैत्री विद्यालयको अभाव। |

| | |
|---|---|
| ➢ शिक्षकलाई बैयक्तिक विकासका लाई तालिम प्रदान गर्ने साथै नेपाल सरकारको पढदै कमाउदै भन्ने नीतिलाई कार्यान्वयन गर्न सकिने । <br>➢ शिक्षा गणस्तर बृद्धिका लागि आधारभूत तहसम्म पुर्ण अंग्रेजी माध्यममा पठनपाठनको व्यवस्था गर्न सकिने । <br>➢ किशोरी हरुको लागि स्यानिटरी प्याड वितरण कार्यक्रमलाई सबै वडामा विस्तार गर्न सकिने । <br>➢ दिवा खाजा कार्यक्रमलाई सबै विद्यालयमा विस्तार गर्न सकिने सम्भावना रहेको । | ➢ दक्ष तथा प्राविधिक शिक्षकहरुको अभाव । <br>➢ सबै किसिमको उच्च शिक्षा नगरपालिका स्तरमानै उपलब्ध हुन नसक्नु ले बसाई सराई बढ्न सक्ने चुनौती रहेको । <br>➢ नगरशिक्षा योजना तयार गरी लागू गर्नु । <br>➢ दिवाखाजा रकम बृद्धि गर्दै लैजानु । <br>➢ सबै विषयको अध्ययन अवसर विस्तार गर्दै विज्ञ प्राध्यापकहरुको व्यवस्था गर्नु । |

### ५.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

प्राविधिक ज्ञान सहितको दक्ष शैक्षिक जनशक्तिको उपलब्धता सिद्धिचरण नगरपालिकाको प्रतिवद्धता ।

**लक्ष्य,**

गुणस्तरिय शिक्षा प्रणाली विकास गर्न प्राविधिक शिक्षाको माध्यमबाट दक्ष तथा प्राविधिक जनशक्तिको विकास गरी शिक्षालाई रोजगारीसँग आबद्ध गराउने ।

**उद्देश्य**

सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न अंग्रेजी माध्यममा अध्यापनको साथै प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारबाट स्वरोजगारीको अवसर सिर्जना गर्नु ।

पलिकामा रहेका शैक्षिक संस्थाहरुको स्तरोन्नती गरी उच्चशिक्षा हाँसिल गर्न अन्य नगरपालिका तथा जिल्लाहरुमा जानुपर्ने अवस्थाको अन्त्य गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको नीतिगत तथा संरचनात्मक आधार तयार गर्ने | शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्बन्धी नीति तर्जुमा गरिनेछ । |
| | हरित विद्यालय बनाउन र कृषिप्रति सकारात्मक धारण विकास गर्न विद्यालयहरुमा फुलबारी तथा करेसावारी निर्माणमा बालक्लब मार्फत विद्यार्थिहरुलाई सक्रिय बनाईनेछ । |
| | बालमैत्री, अपांगमैत्री, कक्षाकोठा खेलमैदान बालउद्यान निर्माण गरिनेछ । |
| | प्रौढ शिक्षा, गृहिणी एवं अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | विद्यालयमा न्युनतम मापदण्ड भएको आधारभूत संरचना निर्माण गरिनेछ । |
| | विद्यालयमा सूचना प्रविधि सिकाई, उत्पादन तथा नवप्रवर्तन सिकाई कक्षाको स्थापना तथा व्यवस्थापन गरिनेछ । |
| शैक्षिक कृयाकलापलाई | पढ्दै कमाउदै कार्यक्रमको शुरुवात गरिनेछ । |
| | विद्यालय कर्मचारी तथा शिक्षकहरुको क्षमता विकास गरिनेछ । |

| | |
|---|---|
| गुणस्तरीय, व्यवहारिक तथा आकर्षक वनाउन | प्रारम्भिक बाल विकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । |
| विद्यालयमा न्युनतम पूर्वाधारको व्यवस्था | आइसिटि सेवा तथा व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिनेछ । |
| | सूचना प्रविधिका माध्यमवाट अध्यापनको व्यवस्था गर्न सक्ने विद्यालयको विकास गरिनेछ । |
| | आधारभूत तहमा स्थानीय पाठ्यक्रम पठनपाठन गरिनेछ । |

| **कार्यक्रम** | **आयोजना** | **लागत (लाख)** |
|---|---|---|
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन रुपान्तरण कार्यक्रम | शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्बन्धी नीति तर्जुमा | २० |
| | हरित विद्यालय बनाउन र कृषिप्रति सकारात्मक धारण विकास गर्न विद्यालयहरुमा फुलबारी तथा करेसावारी निर्माणमा बालक्लब मार्फत विद्यार्थिहरुलाई सक्रिय बनाईने | २० |
| | बालमैत्री, अपांगमैत्री, कक्षाकोठा खेलमैदान बालउद्यान निर्माण | ५०० |
| | सबै नागरिकलाई साक्षर बनाउने नीति अनुरुप शिक्षाको मुलधारबाट वंचित समूहहरुलाई प्रौढ शिक्षा, गृहिणी एवं अभिभावक शिक्षा कार्यक्रम सञ्चालन । | २०० |
| | प्रत्येक विद्यालयमा न्युनतम आधारभूत संरचनाको मापदण्ड निर्माण तथा व्यवस्थापन (वालमैत्री, छात्रामैत्री, अपाङगतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना), | २० |
| | विद्यालयमा सूचनाप्रविधि सिकाई, उत्पादन तथा नवप्रवर्तन सिकाई कक्षाको स्थापना तथा व्यवस्थापन | २०० |
| | शिक्षकको क्षमता, सीप तथा विज्ञता अभिलेखीकरण | ५० |
| शैक्षिक प्रणाली विकास कार्यक्रम | पढ्दै कमाउदै कार्यक्रमको शुरुवात | ५० |
| | विद्यालयहरुमा पुस्ताकलय, कम्प्यूटर ल्याब, ई-लाईब्रेरी, विज्ञान प्रयोगशालाका साथै ICT का अन्य सामग्री को व्यवस्थापन । | २६० |
| | विद्यालय कर्मचारी, प्र.अ लाई IEMIS र लेखा सम्बन्धी अभिमुखिकरण तालिम प्रदान | २० |
| | मन्टेश्वरी बाल शिक्षा ( बालमैत्री सिकाइ विधि) आयोजना | २० |
| | एक वडा एक नमुना वालविकास केन्द्रको व्यवस्था | ४०० |
| | बाल तथा आधाभूत तहमा तालिम प्राप्त महिला शिक्षिकाको व्यवस्था | १०० |
| | अन्तर तथा जिल्ला विद्यालय शिक्षक आदान प्रदान कार्यक्रम | ३० |
| | नमुना आवासिय विद्यालय प्रवर्द्धन | ३० |
| | नमुना विद्यालयलाई अनुसान्धान मुलक प्राज्ञिक केन्द्रको रुपमा विकास | १०० |
| | विभिन्न पत्र पत्रिकामा लेख, रचना, अनुसन्धनात्मक कार्यपत्र प्रकाशन गर्ने शिक्षक शिक्षिकालाई पुरस्कृत गर्ने | १०० |
| | शैक्षिक गतिविधि आदान प्रदान कार्यक्रम | १०० |
| गुणस्तरीय सेवा प्रवाह कार्यक्रम | आइसिटि सेवा तथा व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था | १०० |
| | श्रममा आधारित शैक्षिक प्रणाली | ३० |
| | दिवा खाजा, सेनीटरी प्याड र नर्स सेवा सहितको विद्यालय | २०० |
| | सूचना प्रविधिका माध्यमवाट अध्यापनको व्यवस्था गर्न सक्ने विद्यालयको विकास | २०० |

| | | |
|---|---|---|
| सँग ठनात्मक तथा अतिरिक्त कृयाकलापको विकास | वाल तथा किशोर किशोरी क्लवको गठन र व्यवस्थापन | १० |
| | कला तथा साहित्य समुह गठन | १० |
| | स्काउट रेडकस तथा परोपकारी संस्था गठन र तालिम | २० |
| | सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन | ३०० |
| | आधारभूत तहमा स्थानीय पाठ्यक्रम पठनपाठन | २० |
| | | **३०१०** |

### ५.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **नतिजा तह** गुणस्तरिय शिक्षा प्रणाली विकास गर्न प्राविधिक शिक्षाको माध्यमबाट दक्ष तथा प्राविधिक जनशक्तिको विकास गरी शिक्षालाई रोजगारीसँग आबद्ध भएको हुने | | | | | | | |
| साक्षर जनसंख्या | प्रतिशत | ७६.१६ | ७८ | ८३ | ८८ | रा.ज.२०७८ | न.पा |
| **असर तह** सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गरी प्राविधिक र व्यवसायिक शिक्षाको विस्तारबाट स्वरोजगारीको अवसर सिर्जना भएको हुने | | | | | | | |
| विद्यालय वाहिर रहेका ५-१५ वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | ० | | | | रा.ज.२०७८ | न.पा |
| आधारभूत तह सम्मको उत्तिर्ण दर | संख्या | ९० | ९१ | ९२ | ९३ | शिक्षा शाखा | न.पा |
| माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | शिक्षा शाखा | न.पा |
| कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ८५ | ८७ | ८९ | ९२ | शिक्षा शाखा | न.पा |
| कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ७२ | ७५ | ८० | ८५ | शिक्षा शाखा | न.पा |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९८ | ९९ | १०० | १०० | शिक्षा शाखा | न.पा |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | शिक्षा शाखा | न.पा |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | ३० | ३५ | ४३ | ५० | शिक्षा शाखा | न.पा |
| वालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय | संख्या | २० | २५ | ३० | ३५ | शिक्षा शाखा | न.पा |
| आइसिटि सेवा उपलब्ध भएको विद्यालय | संख्या | ९ | १२ | १५ | २० | शिक्षा शाखा | न.पा |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ४ | ६ | ८ | १० | शिक्षा शाखा | न.पा |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | २५०० | २५०० | २५०० | २५०० | शिक्षा शाखा | न.पा |
| वालक्लव गठन भएका विद्यालय | संख्या | १३ | १८ | ३० | ४० | शिक्षा शाखा | न.पा |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | ३० | ३० | ३० | ३० | शिक्षा शाखा | न.पा |
| महिला शिक्षकको अनुपात (शिक्षकसँग ) | संख्या | ०.४ | ०.४५ | ०.४८ | ०.५० | शिक्षा शाखा | न.पा |
| महिलामैत्री विद्यालय | संख्या | ५० | ५० | ५० | ५० | शिक्षा शाखा | न.पा |
| अपाङ्ग मैत्री विद्यालय | संख्या | २० | २५ | ३० | ३५ | शिक्षा शाखा | न.पा |
| बालमैत्री विद्यालय | संख्या | ३० | ३५ | ४५ | ५० | शिक्षा शाखा | न.पा |
| विषयगत तालिम प्राप्त शिक्षकहरु | संख्या | २८० | २८० | २८० | २८० | शिक्षा शाखा | न.पा |
| दिवा खाजा प्रदान गर्ने विद्यालयहरु | संख्या | ५० | ५० | ५० | ५० | शिक्षा शाखा | न.पा |
| सेनीटरी प्याड र नर्स सेवा उपलव्ध भएको विद्यालय | संख्या | २० | २० | २० | २० | शिक्षा शाखा | न.पा |

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| विपद्, महामारी लगायत विविध कारण वाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमवाट अध्यापन गर्ने विद्यालय | संख्या | १० | १५ | २० | २५ | शिक्षा शाखा | न.पा |
| उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | ३ | ३ | ३ | ३ | शिक्षा शाखा | न.पा |
| सिटिइभिटिवाट सम्वर्द्धनमा संचालित प्राविधिक विद्यालय | संख्या | २ | ३ | ४ | ५ | शिक्षा शाखा | न.पा |
| सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन गराउने विद्यालय | संख्या | २ | ३ | ४ | ५ | शिक्षा शाखा | न.पा |
| आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ० | १ | २ | ३ | शिक्षा शाखा | न.पा |
| नियमित अध्ययन गर्न नसक्ने विद्यार्थीका लागि माध्यामिक तह सम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | १ | १ | १ | १ | शिक्षा शाखा | न.पा |
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय | संख्या | ८ | १३ | १८ | २३ | शिक्षा शाखा | न.पा |
| **प्रतिफल तह** | | | | | | | |
| न्युनतम शैक्षिक पूर्वाधार मापदण्ड तयारीबाट शैक्षिक क्षेत्रको विकासको आधारशिला तयार भएको हुने | | | | | | शिक्षा शाखा | न.पा |
| विद्यालय क्षेत्र समावेशी पूर्वाधार विकास कार्यक्रमबाट विद्यालयमा सहज तथा समावेशी पूर्वाधार विकासको शुरुवात भएको हुने | | | | | | शिक्षा शाखा | न.पा |
| विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रमबाट विद्यालय क्षेत्रको गुणस्तरीयता अभिबृद्धि भएको हुने | | | | | | शिक्षा शाखा | न.पा |
| एक वडा एक आवासिय व्यवसायिक विद्यालयबाट लक्षित वर्गका विद्यार्थीको आर्थिक सुरक्षण भएको हुने | | | | | | शिक्षा शाखा | न.पा |
| स्थानीय भाषामा पाठयक्रम विकासबाट स्थानीय पहिचान युक्त विषयमा विद्यार्थी सुसुचित हुने | | | | | | शिक्षा शाखा | न.पा |

### ५.२.५ अनुमान तथा जोखिम पक्ष

यो आवधिक योजनाको अवधिमा नगरपालिकाले शिक्षा, प्रविधि र नवपर्वतन क्षेत्रको पूर्वाधारमा आवश्यक नीतिगत व्यवस्था र यस क्षेत्रमा लगानी बढाउने, सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल शिक्षा, सूचना प्रविधिमैत्री कक्षाहरु सञ्चालन तथा शिक्षकहरुको क्षमता अभिबृद्धि भई शैक्षिक गुणस्तरमा उल्लेख्य सुधान हुने अनुमान गरिएको छ । यद्यपि शैक्षिक सेवा प्रवाहका लागि अप्रर्याप्त पूर्वाधार, विद्यालय छोड्ने दर जस्ता पक्षहरु शैक्षिक विकासका जोखिमको रुपमा लिईएको छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रत्याभूत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले खानेपानी तथा सरसफाइसम्बन्धी कार्यजिम्मेबारी स्थानीय तहको हो । खानेपानीको पहुँचकालागि खानेपानीको प्रणाली विस्तार र गुणस्तर बृद्धि, खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ । प्रस्तुत आवधिक योजनामा खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र नगरपालिकालाई पुर्णसरसफाइ क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ । यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हाँसिल गर्ने अपेक्षा गरिएको छ। यस नगरपालिकाले स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन जस्ता कार्यहरु सम्पादन गर्न जरुरी छ ।

सिद्धिचरण नगरपालिकाको ७१२६ परिवार मध्ये ६५२६ (९१.५८ प्रतिशत) परिवारमा खानेपानी सुविधा पुगेको छ जसमध्ये आफ्नै धाराको पानी प्रयोग गर्ने परिवारको संख्या ४९५९ रहेको छ । नगरपालिकामा संचालित खनेपानी आयोजनाहरुमा छिपछिपे खानेपानी आयोजना, अधेरी खोला खानेाीनी, पिपिरीधारी खानेपानी, छरछरे, गणेशमानसिंह गैरीधारा, गगटेखोला, ओपी खोला, तल्लो वारी, भीरपानी, विगुटार खानेपानी आयोजना, मुयुने, देवीस्थान, अल्ले, लाटी ओडार, जोर धारा, बगरेखोला, चन्दने, जोरधारा,, उक्तिसे खोल्सा, ज्यामिरे कुलकुले खोल्सा खानेपानी आयोजना, खाल्टे, हरिवोले,रुप्से, बलेसी, बेसी, दशधारा, १८ छागा, निगुरनी, छ्यारछ्यारे,, सिम, पाँच मुरे, कोप्ची खर्क खानेपानी, भुजापाते, भुलभुले,, अल्ले, चोकाचिपि खानेपानी आयोजना मुख्य हुन् । नगरपालिकामा वडाबासीले प्रसोधन गरिएको पिउने पानी प्रयोग गर्न पाएका छैनन् । नगरपालिकाको वडा नं. ११ र १२ को फोहोरमैला नगरपालिकाले व्यवस्थापन गर्ने गरेको छ भने अन्य वडामा जलाउने तथा गाड्ने गरिएको छ। नगरपालिकामा ७०५१ परिवारले फ्लस तथा प्यान शौचालयको प्रयोग गर्ने गरेका छन् भने १२ परिवारले सार्वजनीक शौचालयको प्रयोग गर्ने गरेका छन् त्यसैगरी शौचालय विहिन परिवारको संख्या ६३ रहेको छ ।

### ५.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ फिल्टर वितरण, खानेपानी टयांकी निर्माण, पक्की शौचालय निर्माण, टोल तथा विद्यालय सरसफाई गर्न सकिने । सबै वडा<br>➢ फोहोरको वर्गीकरण गरी रिसाईक्लीन प्रविधी मार्फत कम्पोष्ट मल र पुनःप्रयोग गर्न सकिने वस्तु निर्माणको सम्भावना । वडा नं. १ देखि १० सम्म<br>➢ मेरो टोल म सफा गर्छु भन्ने मुल नाराका साथ स्वास्थ्य तथा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रमको सञ्चालन गर्न सकिने ।<br>➢ निर्माणधीन अवस्थामा रहेका खानेपानी आयोजना छिटो सम्पन्न गर्न सकिने साथै सम्भाव्यता अध्ययन | ➢ नगर क्षेत्रभित्रमा प्लास्टिक जन्य सामग्रीको प्रयोगमा कमी ल्याई प्लास्टिक झोला रहित क्षेत्र घोषणा गर्ने चुनौती ।<br>➢ नगरक्षेत्रमा ढल निकास तथा नाली व्यवस्थापनको समस्या ।<br>➢ नगरपालिकाको करिब ८.४२ प्रतिशत जनसंख्या खानेपानी सुविधाबाट वञ्चित रहेकाले सबै नगरवासीलाई खानेपानी सुविधा पुर्याउने तथा धारा, खानेपानी आयोजना र टयांकी निर्माण गर्ने चुनौती । |

| | |
|---|---|
| गरी नया आयोजना निर्माण कार्यको थालनी गर्न सकिने ।<br>➢ शुद्ध खानेपानीमा पहुँच भएको जनसंखया बृद्धिका लागि सहलगानीका खानेपानी आयोजनामा नगरपालिकाको तर्फबाट सहभागिता जनाउन सकिने ।<br>➢ नगरपालिकामा रहेका पानिको मुहान संरक्षण, धारा निर्माण, पानी सुद्धिकरण विधी अपनाई सुद्ध खानेपानी वितरण गर्न सकिने । | ➢ पानी शुद्धीकरण गर्ने र मुहान संरक्षणको प्राविधिको विकास गरी स्वच्छ खानेपानी वितरण गर्न नसकिनु ।<br>➢ आयोजना निर्माणर्मा आर्थिक स्रोतको अभाव तथा गैह्र सरकारी र नीजी क्षेत्रसँग को साझेदारीके अभाव रहेको ।<br>➢ विद्यालय तथा सार्वजनिक स्थानमा खानेपानीको सुविधा पुर्याउनु र सरसफाईका कार्यक्रम सञ्चालन गर्नु । |

### ५.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

सुरक्षित तथा स्वच्छ पिउने पानीको सर्वसुलभता र सिद्धिचरण नगरपालिकाको प्रतिबद्धता ।

**लक्ष्य,**

सबै नागरिकलाई स्वच्छ, सफा, सुरक्षित खानेपानी वितरण गर्ने र सरसफाईमा जनचेतना अभिबृद्धि गरी स्वस्थ समाजको निर्माण गर्ने,

**उद्देश्य,**

स्वच्छ, सफा, सुरक्षित खानेपानीको वितरण तथा व्यवस्थित सरसफाईबाट स्वस्थ समाजको निर्माण भएको हुनेछ ।

मेरो टोल म सफा गर्छु कार्यक्रमलाई अभियानको माध्यमबाट स्वच्छ तथा प्रदुषणमुक्त नमुना सिद्धिचरण नगरपालिकाको निर्माण भएको हुनेछ ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| खानेपानी व्यवस्थापनका लागि संरचनात्मक व्यवस्थाको विकास गर्ने | एकीकृत खानेपानी व्यवस्थापन ऐन लागू गरिनेछ । |
| | खानेपानी प्रसारण लाईन विस्तार तथा एक घर एक धाराको व्यवस्था गरिनेछ । |
| | खानेपानी व्यवस्थापनको न्युनतम मापदण्ड निर्माण गरिनेछ । |
| | खानेपानी वितरणको तथ्याङ्क अद्यावधिक गरिनेछ । |
| | खानेपानी उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिनेछ । |
| | नगर स्तरीय खानेपानी वोर्डको स्थापना गरिनेछ । |
| शुद्ध तथा प्रशोधित खानेपानी प्रणालीको व्यवस्था गर्ने | पानीको परम्परागत स्रोतको संरक्षण, शुद्धिकरण तथा व्यवस्थापन गरिनेछ । |
| | बस्ती स्तरमा सामुदायिक पाइपमा आधारित खानेपानी व्यवस्थापन गरिनेछ । |
| | लिफ्टिङ सहितको प्रविधि मैत्री खानेपानी वितरण प्रणालीको विकास गरिनेछ । |
| | खानेपानी संयन्त्रको मर्मत संभारमा उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिनेछ । |
| फोहोरमैला व्यवस्थापन प्रणालीको विकास गर्ने | बजार क्षेत्रको फोहोर मैला व्यवस्थापनकालागि उपयुक्त क्षेत्र तथा ल्याण्डफिल्ड साईडको निर्माण, विकास गरिनेछ । |
| | पुर्ण सरसफाइ नगरपालिका निर्माण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | फोहोर व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिनेछ । |

| कार्यक्रम | आयोजना | **लागत ( लाख)** |
|---|---|---|
| खानेपानी आयोजना व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रम | एकीकृत खानेपानी व्यवस्थापन ऐन | २० |
| | खानेपानी प्रसारण लाईन विस्तार तथा एक घर एक धाराको व्यवस्था | १०० |
| | विपन्न वर्ग सहुलियत दरामा पानी उपलब्ध गराउने | ३० |
| | खानेपानी व्यवस्थापनको न्युनतम मापदण्ड निर्माण | ५ |
| | खानेपानी वितरणको तथ्याङ्क अद्यावधिक | १५ |
| | खानेपानी उपभोक्ता समितिको क्षमता अभिबृद्धि | २० |
| | नगर स्तरिय खानेपानी वोर्डको स्थापना | १०० |
| | फिल्टर वितरण, खानेपानी टयांकी निर्माण, वितरण संजाल निर्माण, टोल तथा विद्यालय सरसफाई | ५०० |
| खानेपानी वितरण प्रणाली | खानेपानीको स्रोत व्यवस्थापन तथा शुद्धिकरणको व्यवस्था | १०० |
| | पानीको परम्परागत स्रोतको संरक्षण, शुद्धिकरण तथा व्यवस्थापन | ५० |
| | बस्ती स्तरमा सामुदायिक पाइपमा आधारित खानेपानी व्यवस्थापन | २०० |
| | मर्मत सम्भार कोषको स्थापना | ३०० |
| | लिफ्टिङ सहितको प्रविधि मैत्री खानेपानी वितरण प्रणालीको विकास | २० |
| | खानेपानी संयन्त्रको मर्मत संभारमा उपभोक्ता समितिको क्षमता अभिबृद्धि | २०० |
| फोहोरमैला व्यवस्थापन कायक्रम | बजार क्षेत्रको फोहोर मैला व्यवस्थापनकालागि उपयुक्त क्षेत्र तथा ल्याण्डफिल्ड साईडको निर्माण, विकास | २०० |
| | खुल्ला दिसामुक्त नगरपालिका निर्माण कार्यक्रम | |
| | फोहोर व्यवस्थापनका लागि नीतिगत व्यवस्था गर्ने | १०० |
| | साधारण खाल्टे शौचालय घरधुरी प्रयोग गर्ने घरधुरीका लागि प्यान भएको शौचालय निर्माणमा अनुदान | २०० |
| | बजार क्षेत्रबाट निस्कासित फोहोरको वर्गीकरण गरी संकलन तथा व्यवथापन | १०० |
| | घर आँगन तथा शौचालयवाट निष्कृत जैविक फोहोरलाई प्रांगारिक मलका रुपमा व्यवस्थापन | २० |
| | बजार क्षेत्रमा उत्पादित जैविक फाहोरलाई ग्रामिण क्षेत्रमा मलको रुपमा प्रयोग गर्ने प्रणालीको विकास | ४०० |
| | प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने | |
| | नगर क्षेत्रमा व्यवस्थित ढल निकासको व्यवस्था गर्ने | २०० |
| | सडक, भू उपयोग लगायतका योजनामा खानेपानी तथा सरसफाईको योजनालाई समेट्ने | १०० |
| | | **२९८०** |

### ५.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** सबै नागरिकलाई स्वच्छ, सफा, सुरक्षित खानेपानी वितरण गर्ने र सरसफाईमा जनचेतना अभिबृद्धि गरी स्वस्थ समाजको निर्माण भएको हुने | | | | | | | |
| सबै प्रकारको खानेपानी सुविधा उपभोग गर्ने परिवार संख्या | संख्या | ६५२६ | ६७५० | ७०५० | सबै परिवार | रा.ज.२०७८ | न.पा |
| **असर तह :** स्वच्छ, सफा, सुरक्षित खानेपानीको वितरण तथा व्यवस्थित सरसफाईबाट स्वस्थ समाजको निर्माण भएको हुने । | | | | | | | |
| पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | ६० | ६१ | ६५ | ८० | वडा सर्वेक्षण | न.पा |
| पाइपालाइनवाट खानेपानी उपभोग गर्ने घरधुरी (निजी तथा सामुदायिक धारा समेत) | प्रतिशत | ९० | ९२ | ९४ | ९५ | वडा सर्वेक्षण | न.पा |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | २५ | ३० | ४० | ५० | वडा सर्वेक्षण | न.पा |
| कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | ९ | ७ | ४ | ० | वडा सर्वेक्षण | न.पा |
| नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | १ | ० | ० | ० | वडा सर्वेक्षण | न.पा |
| खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समय | मिनेट | १० मिनेट | ७ | ५ | २ | वडा सर्वेक्षण | न.पा |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ९५ | ९६ | ९८ | ९९ | वडा सर्वेक्षण | न.पा |
| खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | ५ | ३ | १ | ० | वडा सर्वेक्षण | न.पा |
| शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | ० | ० | ० | ० | वडा सर्वेक्षण | न.पा |
| सार्वजनिक शौचालयहरु | संख्या | ५ | ७ | १० | १५ | वडा सर्वेक्षण | न.पा |
| जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या | प्रतिशत | ८० | ८२ | ८५ | ९६ | वडा सर्वेक्षण | न.पा |
| फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ५० | ५५ | ६५ | ८० | वडा सर्वेक्षण | न.पा |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ४० | ५० | ५५ | ७० | वडा सर्वेक्षण | न.पा |
| घर आँगन तथा शौचालयवाट निष्कृत फोहोरलाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | ६० | ६५ | ६८ | ७२ | वडा सर्वेक्षण | न.पा |
| **प्रतिफल तह** | | | | | | | |
| फिल्टर वितरण, खानेपानी टयांकी र पक्की शौचालय निर्माण, टोल तथा विद्यालय सरसफाई कार्यक्रमबाट लक्षित वर्गको सरसफाईमा अभिबृद्धि हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| स्वास्थ्य तथा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालनबाट नागरिकमा सरसफाई सम्बन्धी चेतना अभिबृद्धि भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| पानीमा रहेको आर्सेनिकको मात्रा जाँच गरी पानी शुद्धीकरण सम्बन्धी तालिमबाट लक्षित वर्गलाई पानी शद्धिकरण बारे ज्ञान भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणबाट फाहोर मैला व्यवस्थापन सहज भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| व्यवस्थित शहरिकरण, ढल निकास गुरुयोजना निर्माणबाट व्यवस्थित ढल निर्माण योजना निर्माण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

### ५.३.५ अनुमान तथा जोखिम पक्ष

यस नगरपालिकाको प्रत्येक घरधुरीमा खानेपानी सुविधा तथा शौचालयको सुविधा, पानीका मुहान संरक्षण, समुदाय तहमा सरसफाई अभ्यास भएको हुने अनुमान गरिएको छ । यद्यपी वातावरणीय प्रभाव, जलवायु परिवर्तन, र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु जोखिम पक्ष हुन ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संबिधानले महिला, बालबालिका तथा लक्षित वर्गको सहभागिता र हक अधिकारको सम्बन्धी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले संबिधान प्रदत्त अधिकारसूचीलाई नगरपालिकाको काम कर्तब्य र अधिकारको व्यवस्था गरेको छ। महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन्। बालबालिका तथा किशोरकिशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धी रणनीति लिई विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। नेपालको संविधानले क्षेत्रगत विकास नीतिहरु बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेअनुरूप उनीहरूका हक-अधिकारहरूको उपभोगका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको छ। नगरपालिका क्षेत्रभित्रका महिला, बालबालिका, दलित, जनजाति, सीमान्तकृत र अपाङ्गता भएका जनसंख्या लक्षित कार्यक्रम सञ्चालन गर्न जरुरी छ।

नगरपालिकामा लक्षित बर्ग, महिला तथा बालबालिकाको क्षेत्रमा धैरै कार्यहरु गर्नुपर्ने आवस्था रहेको छ। वडामा अपांग, महिला, बालबालिका मैत्री संरचना नगन्य मात्रमा निर्माण भएका छन् त्यसैगरी भेदभाव र हिंसा पिडित घटनाहरु छिटफुट देखिने गरेको र बालबिबाह पूर्ण रुपमा उल्मुलन हुन सकेको छैन। नगरपालिकामा महिलाको नाममा घर तथा जमिनको स्वामित्व १४३६ परिवारमा रहेको, घरको मात्र स्वामित्व १७६ परिवारमा, जग्गाको मात्र स्वामित्व ११५२ जनामा रहेको छ साथै घर तथा जमिनको स्वामित्व महिलाको नाममा नहुने परिवार संख्या ४२७५ रहेको छ। नगरपालिकामा न्युनतम २० बर्षको उमेरमा विवाह हुने गरेको छ।

सिद्धिचरण नगरपालिकामा सबै प्रकारका जातजाती, भेष भुषा तथा समुदायको बसावास रहेको छ। पिछडिएका तथा सामाजिक रुपमा बंचितिमा परेका परिवारहरुको संख्या १२५ को हाराहारीमा रहेको। नगरपालिकामा दलित अन्पसंख्यक तथा पिछडिएका परिवारका साबै बालबालिका लाई विद्यालय भर्ना गराउन सकिएको देखिदैन, उल्लेखित परिवारहरुबाट करिव ५५ प्रतिशतको बालबालिका विद्यालय जाने गरेका छन्। नगरपालिकामा आदिवासी जनजातीको संख्या ३१८६ परिवार रहेको छ तयसैगरी दलित परिवार संख्या ९४२ रहेको छ। नगरपालिकामा नगरपालिकाको तर्फबाट ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई पौष्टीक आहार उपलब्ध गराउने गरिएको छ त्यसैगरी नगरपालिकामा जेष्ठ नागरीक तथा दिवा सेवा केन्द्रको स्थापना भएको छ। लैंगिक हिंसा नियन्त्रणका लागी सबै वडामा मनोसामाजिक कार्यकताहरुको व्यवस्था गरिएको छ।

### ५.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ सामाजिक कुप्रथाको अन्त्य तथा छुवाछुत अत्य गरी सामाजिक विविधता र सदभाव कायम गरी लैङ्गिक भेदभाव मुक्त समाज निर्माण गर्न सकिने।<br>➢ जातजाती धर्म र संस्कृतिको संरक्षण गर्दै सामाजिक रितिरिवाज चालचलन आदिको विकास गर्न सकिने। | ➢ आदिबासी/जनजाती, दलित, मुस्लिम, दरै, बोटे, कुमाल, यौनिक अल्पसंख्यक वर्ग विकास कार्यक्रम सञ्चालन गरी जीवनउत्थानका विषयमा अगाडि बढाउन नसकिएको।<br>➢ लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी ऐन नियम तथा |

| | |
|---|---|
| ➢ दलित, असहाय, सुकुम्वासी, पछाडी परेका समुदायमा लक्षित वर्ग विकास कार्यक्रम सञ्चालन गरी जीवनउत्थानका विषयमा अगाडि बढाउने ।<br>➢ राज्यद्वारा लागू गरिएको सामाजिक समावेशीकरण सिद्धान्तहरुलाई अवलम्बन गरी सामाजिक विभेदको अन्त्य गर्न सकिने ।<br>➢ आदिबासी/जनजाती, दलित, मुस्लिम, माझी, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत समूदायका व्यक्तिहरुलाई जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>➢ सबै वडामा उपप्रमुख ग्रामिण महिला उत्थान कार्यक्रम संचालन गरी महिलाई सीपमुलक बनाई स्वरोजगारका अवसरमा बृद्धि गर्न सकिने । | कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने चुनौती<br>➢ उचित सार्वजनिक संरचना र पूर्वाधारको कमी<br>➢ रुढीबादी विचारहरु अन्त्य गर्न चुनौती ।<br>➢ अपाङ्ग, महिला र बालमैत्री संरचना अभाव ।<br>➢ समावेशीकरण सम्बन्धी कार्यक्रम अभाव ।<br>➢ समाजमा उचित जनचेतनाको अभाव रहेको ।<br>➢ भेदभावका केही घटना भईहाले पनि त्यसलाई ढाकछोप गरेर सतहमा आउन नदीने प्रवृत्ति रहेको ।<br>➢ नगन्य रुपमा रहेको बालविवाह लाई अन्त्य गरी त्यस्ता कार्यलाई कानुनी दायरामा ल्याउने चुनौती रहेको । |

### ५.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

सामाजिक कुप्रथा तथा छुवाछुत अत्य, सामाजिक विविधता र सदभाव कायम गरी लैङ्गिक भेदभाव मुक्त समाज निर्माण ।

**लक्ष्य**

महिला, बालबालिका दलित, अपांग, पिछडिएका समुदाय, अल्पसंख्यक समुदायको सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने ।

**उद्देश्य**

नेपालको संविधानले लक्षित वर्ग भनी निर्देशित गरेका समुदायको क्षमता अभिबृद्धि गर्दै आत्मासम्मान, लैङ्गिक, वर्गिय तथा जातिय विभेदको अन्त्य, सार्वजनिक सेवा सुविधामा समान हक, निर्णय र नेतृत्वतहमा सहज पहुँच अभिबृद्धि गरी सभ्य, न्यायिक र समावेशी समाज निर्माण गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| बालमैत्री पूर्वाधारको विकास गर्ने | विद्यालयमा बालमैत्री संरचनाको निर्माण गरिनेछ । |
| किशोर किशोरीको व्यवसायिक क्षमता अभिबृद्धि गर्ने | किशोर किशोरीको सीप , रुचि, क्षमता अभिलेखीकरण |
| | विद्यालय स्तरका किशोर किशोरीलाई व्यवसायिक कृषि तथा उद्यम विकासमा संलग्न गराइनेछ । |
| | किशोर किशोरीहरुकालागि जीवनोपयोगी सीप तथा क्षमता अधिबृद्धि गरिनेछ । |
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | महिला संजाल तथा आमा समूहहरुको क्षमता अभिबृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| आर्थिक रुपमा सकृय जनसंख्याको उत्पादनशील प्रयोग | लक्षित वर्गहरुको लागि आवश्यक वित्तिय स्रोतको व्यवस्था गरिनेछ । |
| दलित महिलाहरूको क्षमता विकास तथा जिविकोपार्जन | पछाडी परिएका महिलाहरुको लागि आर्थिक सशक्तिकरण गर्न जीवीकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्रको स्थापना गरिनेछ । |
| | बाल विवाह, बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटनाको अभिलेखीकरण गरिनेछ । |
| अपाङ्गता फरक क्षमता भएका व्यक्ति, मनोवैज्ञानिक प्रभाव परेका व्यक्तिको सुरक्षण तथा उत्पादनशीलता बृद्धि | क्रियाशील अपाङगता क्लवको गठन तथा विस्तार |
| | भएका अपाङगताा भएका व्यक्तिको व्यवसायिक सीप तथा क्षमता अभिलेखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | नगरपालिकाभित्र निर्माण हुने सम्पूर्ण सार्वजनिक संरचनाहरुलाई अपाङ्गता समावेशी तथा पहुँचयुक्त बनाइनेछ । |
| | अपाङ्गता भएका व्यक्तिहरुको प्रभावकारी पहिचान गर्दै परिचयपत्रको व्यवस्था गरिनेछ । |
| जेष्ठ नागरिक जिवनयापनलाई सहज वनाउने | सम्पूर्ण जेष्ठ नागरिक, असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको तथ्याङ्क अद्यावधिक गरिनेछ । |
| | स्थानीय संस्थाबाट संचालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लवको क्षमता अभिबृद्धि गरिनेछ । |
| | सामाजिक सुरक्षा भत्ताको प्रयोगको नियमन गरिनेछ । |
| | जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सुविधा तथा स्याहार कार्यक्रम सञ्चालन गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| बालमैत्री शिक्षण सिकाइ कार्यक्रम, बालबालिकाहरूको हक र अधिकारका बारे सचेतना कार्यक्रम | विद्यालयमा बालमैत्री संरचनाको निर्माण | २०० |
| | मन्टेश्वरीमा आधारित सिकाईको अवलम्बन | ५० |
| | बालबालिका मैत्री पार्क तथा हरियाली क्षेत्रको निर्माण | १०० |
| | बालबालिका मैत्री पोषण युक्त खाना र खाजाको व्यवस्थापन | २०० |
| | वडास्तरीय बालसंजाल, समूह, क्लव गठन | |
| | सूचनाप्रविधि मैत्री शिक्षण शिकाईको व्यवस्था | १०० |
| किशोर किशोरी लक्षित रोजगारीता ( रोजगारी प्राप्त गर्न सक्ने क्षमता) अभिबृद्धि कार्यक्रम | किशोर किशोरीको सीप , रुचि, क्षमता अभिलेखीकरण | २० |
| | विद्यालय स्तरका किशोर किशोरीलाई व्यवसायिक कृषि तथ उद्यम विकासमा संलग्न गराउने | २० |
| | पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | ४५ |
| | प्राविधिक रुचि भएका किशोर किशारीलाई तदअनुरुपको तालिमको व्यवस्था | २० |
| | पूर्वाधार निर्माण सम्बन्धी आयोजनामा युवाको श्रम अभियान | ५० |
| | पुर्नस्थापना केन्द्र (Safe House) प्रभाबकारीता अभिबृद्धि कार्यक्रम | ५० |
| | छुवाछुत जस्ता कुरुतिहरु निरुत्साहित गर्न चेतनामूलक कार्यक्रम | ३० |
| | किशोर किशोरी लक्षित अन्तरनगरपालिका कार्यक्रम | ५० |
| | किशोर किशोरी लक्षित प्राज्ञिक कार्यक्रम सञ्चालन | २० |
| महिला उद्यमशीलता तथा सुरक्षण कार्यक्रम | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रम | ५० |
| | महिला संजाल तथा आमा समूहहरुको क्षमता अभिबृद्धि | १०० |
| | महिला सहकारी संस्था तथा आवद्ध सदस्यको उद्यमशीलता अभिबृद्धि | २० |
| | एकल महिला तथा पुरुष सुरक्षा कोषको स्थापना | ५० |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| | लक्षित वर्गहरुको लागि आवश्यक वित्तिय स्रोतको व्यवस्था | ३० |
| एकल महिला सशक्तिकरण कार्यक्रम | पछाडि परिएका महिलाहरुको लागि आर्थिक सशक्तिकरण गर्न जीवीकोपार्जन कार्यक्रम | ३० |
जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा देशकै प्रचुरु आर्थिक विकासको सम्भावना भएको क्षेत्र हो । संविधानले जलश्रोतको बहुपयोगी विकास गर्न, विद्युत् तथा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभत् आवश्यकता परिपूर्तिका लागि सुपथ तथा सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने कुरा निर्देशित गरेको छ । नवीकरणीय ऊर्जा भन्नाले सौर्य ऊर्जा, वायु ऊर्जा, बायो ग्याँस आदिलाई प्रमुख रुपमा लिन सकिन्छ । नवीकरणीय ऊर्जाले नगरपालिका भित्र आवश्यकता पूरा गर्न महत्वपुर्ण परिपुरकको भूमिका खेल्न सक्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार स्थानीय तहले एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन, स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिबृद्धि र प्रवर्द्धन जस्ता कार्य गर्नुपर्ने देखिन्छ ।

यस नगरपालिकामा सबै वडामा विद्युत सुविधाको पहुँच पुगेको छ । नगरपालिकाका कुल परिवार संख्या ७१२६ मध्ये विद्युत सेवा उपभोग गर्ने परिवार संख्या ६५०३, सोलार प्रयोग गर्ने संख्या ५४४, मटितेल प्रयोग गर्ने संख्या ३७ र अन्य उर्जाका स्रोत प्रयोग गर्ने परिवार संख्या ४२ रहेको छ । नगरपालिकाले विद्युत पोल नपुगेका स्थानहरुमा पोलको व्यवस्थापन र नगरभित्रका भहत्वपुर्ण सडकहरुमा विद्युत तथा सौदर्य बत्ति जडान कार्यलाई प्रमुख महत्वको रुपमा राखि कार्य अगाडी बढाई राखेको छ ।

### ६.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ नगरपालिकाभित्रका विद्युत पोलहरुमा सडक वित्ति जडान गरी नगरपालिकाको सौदर्यतामा बृद्धि गर्न सकिने ।<br>➢ निर्माणाधिन अवस्थामा रहेका जलविद्युत आयोजनाहरुको समयमानै निर्माण सम्पन्न गरी प्रशारण लाईन विस्तार गर्ने, (वडा नं २,४,१० मा)<br>➢ परम्परागत उर्जा स्रोतहरुलाई नासिन नदीनका लागि समयसमयमा वृक्षारोपणको कार्य सञ्चालन गर्ने ।<br>➢ विद्यत प्रशारण लाईनको विस्तार, ट्रान्फर्मरको व्यवस्था, विपन्न वर्गलाई विद्युत मिटरको वितरण ।<br>➢ चोक र सार्वजनिक स्थानमा उज्यालोका लागि हेलोसिन लाइटको व्यवस्था गर्न सकिने ।<br>➢ वैकल्पिक उर्जाको प्रयोग सम्बन्धी जनचेतनाका कार्य सञ्चालन गरी सौर्य उर्जा, गोवर ग्यास आदिको प्रबर्धनमा अनुदानको व्यवस्था ।<br>➢ सबै वडामा सहज विद्युत पहुँच बृद्धि गरी उद्योग तथा व्यवसाय विस्तार गर्न सकिने सम्भावना ।<br>➢ विपन्न वर्ग तथा दलित समुदायलाई निःशुल्क विद्युत विटर उपलब्ध गराई सहुलियत दरमा विद्युत सुविधा पुर्याउन सकिने । | ➢ विद्युत मिटर, ट्रान्सफर्म तथा पर्याप्त मात्रमा विद्युत पोलको अभाव रहेको ।<br>➢ काठको पोलको प्रतिस्थापन नहुनु, होचा पोलबाट करेन्ट लाग्ने समस्या हुनु साथै तहरुको व्यवस्थापन गर्न नसकिनु ।<br>➢ सबै वडामा विद्युतको पहुँच समान नहुनु<br>➢ प्राकृतिक प्रकोपले विद्युत आपुर्तीमा असहजता ल्याउनु<br>➢ आर्थिक अभाव र समन्वयका कारण समयमा विद्युत मर्मत सम्हार नुहुन<br>➢ पर्याप्त भोल्टेजमा विद्युत प्रशारण नहुनु ।<br>➢ विद्युत नीति तथा सञ्चालन, उपयोग मापदण्डको अभाव रहेको ।<br>➢ विपन्न वर्गलाई अनुदानका कार्य सञ्चालन गरी विद्युत पहुँचको अवस्था सम्म पुर्याउनु चुनौतिपुर्ण रहेको ।<br>➢ नगरपालिकाका सबै सडकमा सुरक्षित सडक बत्ति निर्माणमा बजेटको अभाव तथा सुरक्षा चुनौति रहेको । |

### ६.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

सिद्धिचरण नगरपालिकाको प्रतिवद्धता विद्युत र बैंकल्पिक उर्जाको सहज उपलब्धता ।

**लक्ष्य**

जलविद्युत तथा ऊर्जाको विकासबाट विद्युत्मा आत्मनिर्भरता हाँसिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुऱ्याउने ।

**उद्देश्य,**

सबै किसिमका नविकरणीय उर्जा विकास र प्रयोगलाई विस्तार गर्दै विद्युत माथिको निर्भरता कम गर्दै लैजाने, विद्युतीय पहुँच विस्तार गरी कृषि, उद्योग, व्यवसाय लगायतका क्षेत्रमा हुने आर्थिक गतिविधिको अभिबृद्धिमा योगदान पुऱ्याउनु,

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय स्तरमा विद्युत आयोजना सञ्चालन गर्ने | नगरपालिकाभित्रमा रहेका खोलानालाबाट लघु जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ । |
| | केन्द्रीय प्रसारण लाइन सबै वडामा विस्तार गरिनेछ । |
| वैकल्पिक उर्जा विकास गर्ने | वडाकेन्द्रसम्म जोडने सडकमा सडक सोलार बत्ति जडान गरिनेछ । |
| | गोवरग्याँस प्लान्ट निर्माण गर्ने परिवारका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ । |
| विद्युत प्राधिकरणसँगको सहकार्यमा दीगो विद्युतीय पूर्वाधारको व्यवस्थापन | विपन्न वर्ग तथा लक्षित समुदायमा नि:शुल्क विद्युत मिटर वितरण गरिनेछ । |
| | विद्युत चुहावटलाई नियन्त्रण गर्दै नगरपालिकामा रहेका सबैखाले क्रसर उद्योग हरुमा अनिवार्य मिटरको व्यवस्था गरिनेछ । |
| स्थानीय आर्थिक कृयाकलापमा विद्युतको प्रयोग वढाउने | कोल्ड स्टोर निर्माण गरिनेछ । |
| | नगरपालिकामा रहेका पिकनिक स्पार्ट हरुमा नियमित विद्युत आपूर्तिको व्यवस्था गरिनेछ । |
| | नगरपालिकामा ग्यासको खपतलाई कम गर्दै लौजानका लागि ईन्डक्सन लगायत चुलो प्रयोगलाई बढाउदै लैजाने व्यवस्था मिलाइनेछ । |
| | नगरपालिकामा रहेका सबै सार्वजनिक स्थल पार्टि पौवा, धार्मि तथा पर्यटकीय स्थलहरुमा विद्युत सेवा विस्तार तथा बत्ति जडान गरिनेछ । |
| | नगरपालिकामा रहेका सडकहरुमा सडक बत्तिको व्यवस्था गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| जलविद्युत विकास कार्यक्रम | नगरपालिकाभित्रमा रहेका खोलानालाबाट लघु जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन | १००० |
| | केन्द्रीय प्रसारण लाइन विस्तार (१-१२) वडा | २०० |
| वैकल्पिक उर्जा विकास कार्यक्रम | वडाकेन्द्रसम्म जोडने सडकमा सडक सोलार बत्ति जडान | १०० |
| | गोवरग्याँस प्लान्ट निर्माण गर्ने परिवारका लागि विशेष अनुदानको व्यवस्था | २०० |
| विद्युतीय उर्जा वितरणमा सहकार्य | विपन्न वर्ग तथा लक्षित समुदायमा नि:शुल्क विद्युत मिटर वितरण गर्ने | २०० |
| | विद्युत चुहावटलाई नियन्त्रण गर्दै नगरपालिकामा रहेका सबैखाले क्रसर उद्योग हरुमा अनिवार्य मिटरको व्यवस्था | १०० |
| | विद्युतपोल तथा ट्रान्सफरमर खरिद (वडा नं. १-१२ सम्म) | ४६० |

| | | |
|---|---|---|
| विद्युतीय उर्जाको उत्पादनशील क्षेत्रमा प्रयोग | कोल्ड स्टोर निर्माण | ३० |
| | नगरपालिकामा रहेका पिकनिक स्पोर्ट हरुमा नियमित विद्युत आपूर्तिको व्यवस्था | १० |
| | नगरपालिकामा ग्याँसको खपतलाई कम गर्दै लैजानका लागि ईन्डक्सन लगायत चुलो प्रयोगलाई बढाउदै लैजाने, | १० |
| | नगरपालिकामा रहेका सबै सार्वजनिक स्थल पार्टि पौवा, धार्मिक तथा पर्यटकीय स्थलहरुमा विद्युत सेवा विस्तार तथा बत्ति जडान | ३० |
| | नगरपालिकामा रहेका सडकहरुमा सडक बत्तिको व्यवस्था, | १० |
| | | **२३५०** |

### ६.३.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तहः** विद्युत सुविधामा सबै नागरिकको अपनत्व कायम गर्ने र वैकल्पिक उर्जाको प्रयोगबाट जीवनयापन तथा आर्थिक गतिविधी सञ्चालन गर्दै आर्थिक सम्मुन्नती हाँसिल भएको हुने | | | | | | | |
| उर्जाको पहुँचले वढेको रोजगारी | प्रतिशत | ० | ६ | १० | १५ | वडा सर्वेक्षण | न.पा |
| **असर तह :** विद्युतीय पहुँच विस्तार गरी कृषि, उद्योग, व्यवसाय लगायतका क्षेत्रमा हुने आर्थिक गतिविधिको अभिबृद्धिमा योगदान पुगेको हुने | | | | | | | |
| स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | ७० | ७० | २७० | १०००० | वडा सर्वेक्षण | न.पा |
| स्थानीय स्तरमा जलविद्युत र लघु जलविद्युतको उत्पादन गर्ने संस्था | संख्या | १ | १ | | | वडा सर्वेक्षण | न.पा |
| सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरघुरी | संख्या | ६००० | ६३०० | ६५०० | ७००० | वडा सर्वेक्षण | न.पा |
| सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | संख्या | १०३६ | १५०० | २५०० | ५००० | वडा सर्वेक्षण | न.पा |
| सुधारिएको वा धुँवारहित चुल्हो जडान भएका घरधुरी | संख्या | ३५०० | ३७०० | ४००० | ४४०० | वडा सर्वेक्षण | न.पा |
| केन्द्रिय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | संख्या | ५६०० | ५९०० | ६००० | ६३०० | वडा सर्वेक्षण | न.पा |
| सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | १५० | २०० | २५० | ५०० | वडा सर्वेक्षण | न.पा |
| विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी | संख्या | ७०० | ३०० | १०० | ० | वडा सर्वेक्षण | न.पा |
| **प्रतिफल** | | | | | | | |
| सौर्य उर्जा तथा बायोग्याँस, गोवरग्याँस लगायत वैकल्पिक उर्जा प्रबर्द्धन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| विद्युत संरचना निर्माण तथा काठका पोल प्रतिस्थापन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| सुधारिएको चुलो तथा वायोग्यास निर्माण सम्बन्धी तालिम कार्यक्रम सञ्चालन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| प्राकृतिक उर्जाका स्रोत संरक्षण गर्न जनचेतना बृद्धि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

### ६.३.५ अनुमान तथा जोखिम पक्ष

जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको स्पष्ट नीति तथा योजनाका लागि स्रोत व्यवस्थापन र परिचालन भएको हुने अनुमान गरिएको छ भने प्राकृतिक प्रकोप तथा विपद् जोखिम पक्षको रुपमा रहेको छ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि
### ६.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीणलगायत सहरी क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउनुपरेको छ। पछिल्लो समयमा यस क्षेत्रबाट प्रदान हुँदै आएको सेवामा सङ्ख्यात्मक बृद्धि तथा पहुँच विस्तार उत्साहजनक रहेको छ भने गुणात्मक सुधारका लागि थप प्रयास जारी रहेको छ। यस नगरपालिकाका सम्पूर्ण वडाहरुमा ईन्टरनेटको पहुँच पुगेको छ भने सार्वजनिक स्थानहरु जस्तै सबै स्वास्थ्य चौकि, वडा कार्यालय र सामुदायिक विद्यालयहरुमा ईन्टरनेटको पहुँच पुगेको छ। सूचना प्रवाह गर्न प्रविधि अन्तर्गत सामाजिक संजाल, विभिन्न सञ्चारमाध्यम, टेलिफोन तथा नगरपालिकाको आफ्नै वेभसाईट रहेको छ।

सिद्धिचरण नगरपालिकमा सूचना, सञ्चार तथा प्रविधि सम्बन्धी कुनै न कुनै सुविधा उपभोग गर्ने परिवार संख्या ६५३२ रहेको छ जसमध्ये सामान्य मोवाईल फोन प्रयोग गर्ने परिवार ५५७६, स्मार्ट फोन प्रयोग गर्ने परिवार ३८९३, रेडियो प्रयोग गर्ने परिवार ३४५०, टेलिभिजन प्रयोग गर्ने परिवार २७६३, ईन्तरनेट प्रयोग गर्ने परिवार ५६८, कम्प्यूटर ल्यापटप प्रयोग गर्ने परिवार ४८१, मोटरसाईकल स्कुटर प्रयोग गर्ने परिवार ६५७, जिप भ्यान प्रयोग गर्ने परिवार ९१, रेफ्रिजेरेटर प्रयोग गर्ने ३२८ र वासिङ मेसिन प्रयोग गर्ने परिवार संख्या २२ र AC प्रयोगकर्ता परिवार ७ रहेको छ। नगरपालिकाको वडा नं. १२ बहेकका सबै वडा कार्यालयमा ईन्टरनेट सुविधा पुगेको, वडा नं. ६,८, १०, १२ बाहेकका स्वास्थ्य चौकी, सार्वजनिक सेवा प्रदायकमा सूचना प्रविधिको पहुँच पुगेको छ। नगरपालिकामा संचालित विद्यालयहरु हालसम्मपनी प्रविधिमैत्री हुन नसकेको कारण त्यसतर्फ विशेष योजना बनाई पहल कदमी अगाडी बढाउनु पर्ने आवस्यकता रहेको छ।

### ६.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ इन्टरनेट प्रदायक संस्थाहरुको उपस्थिति बढदै गएकोले प्रतिष्पर्धात्मक रुपमा सबै वडामा इनटरनेट सुविधा विस्तार गर्न सकिने।<br>➢ सूचना प्रविधि मैत्री सिद्धिचरण श्रेष्ठ सँग्राहलय र साहित्यीक प्रतिष्ठान निर्माण गर्न सकिने।<br>➢ विद्यालयहरुमा प्राविधिक तथा सूचना प्रविधी मैत्री शिक्षा लागू गर्न सकिने सम्भावना।<br>➢ सार्वजनिक स्थल, पार्क, पिकनिक स्पोर्ट आदिमा फ्रि-वाईफाई तथा विद्युतिकरणको सम्भावना।<br>➢ प्राविधिको प्रयोगबाट शिक्षा, स्वास्थ्य, कृषि तथा सञ्चारमा आधुनिकिकरण ल्याउन सकिने।<br>➢ सार्वजनिक स्थल तथा व्यस्त बजार एरियामा सि.सि क्यामरा र सडक बत्ति जडान।<br>➢ सूचना केन्द्र, विद्युतिय पुस्तकालय, कम्प्यूटर तालिम केन्द्र आदिको स्थापना गर्न सकिने। | ➢ सबै वडा केन्द्रमा ल्याण्ड लाईन टेलिफोन सेवा विस्तारमा चुनौती।<br>➢ सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था आदिमा सूचना प्राविधिको सहज पहुँच पुर्याउने चुनौती।<br>➢ मेवाइल नेटवर्कको समस्याका कारण फोन सम्पर्क हुन नसक्नु<br>➢ पालिकाभित्रका सबै क्षेत्रमा इनटरनेट सेवा प्रदायकको उपस्थिति पुर्याउने चुनौती।<br>➢ सार्वजनिक स्थानमा राखिएका सञ्चारका सामग्री को सुरक्षाको चुनौती।<br>➢ रेडियो एफ एम टेलिभिजन तथा पत्रपत्रिका आदिमा जनसाधारणको पहुँच बृद्धि गर्दै लैजान नसक्नु। |

| | |
|---|---|
| ➢ नगरपालिकाबाट उपलब्ध हुने सबै किसिमका सूविधाहरुको फर्म अनलाईनबाटै उपलब्ध हुने व्यवस्था मिलाउन सकिने । ➢ सबै प्रकारका सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम लाई अनलाईनमा आवद्ध गरी विवरण अद्यावधिक गर्न सकिने । | ➢ सूचना प्रविधीलाई आम्दानीमैत्री मात्र नभई उपभोग र उपयोगमुखी बनाई सर्वसाधारणको आवश्यकता लाई पूर्ति गर्ने गरी विकास गर्न नसकिनु । ➢ सबै प्रकारका सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम लाई अनलाईनमा आवद्ध गर्न नसकिनु । |

### ६.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

सिद्धिचरणको सोच सूचना तथा संचारको विस्तारबाट प्रविधिमैत्री शिक्षित जनशक्तिको विकास ।

**लक्ष्य**

नविनतम सूचनार संचारमा आधारित प्रविधिमैत्री प्रशासनिक क्रियाकलाप संचालनको माध्यमबाट जनमुखी सार्वजनिक प्रशासन संचालन गर्दै नगरपालिकालाई प्रविधिमैत्री नमुना नगरपालिकाको रुपमा विकास गर्ने ।

**उद्देश्य**

नगरपालिकामा भरपर्दो, सर्वसुलभ, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार गर्दै नगरवासीमा सूचनाको पहुँचमा बृद्धि गर्नु ।

नागरिक बडापत्र तथा नगरपालिका खवरको माध्यमबाट नगरपालिकाका हरेक क्रियाकलापमा नगरवासीको सकारात्मक सहयोग तथा उपस्थिती बृद्धि गर्दै लैजानु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| सूचनाप्रविधि मैत्री नगरपालिका निर्माण गर्ने | सबै वडा कार्यालय सम्म फाइवरनेट विस्तार गरिनेछ । |
| | वडा कार्यालय तथा विद्यालयमा ई-हाजिरी व्यवस्था गरिनेछ । |
| | प्रत्येक विद्यालयमा इ-लाइब्रेरी तथा माध्यमिक विद्यालयहरुमा ICT ल्यावको स्थापना गरिनेछ । |
| नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रविधिमार्फत सहज वनाईने | डिजिटल प्रो-फाइल तथा डिजिटल नागरिक वडापत्र तयार गरिनेछ । |
| | कार्यालयहरुमा भिडियो डिस्प्ले बोर्डको व्यवस्था गरिनेछ । |
| | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई अनलाईन मार्फत नियमित गरिनेछ । |
| | इमेल र अन्य सामाजिक सञ्जाल मार्फत नगरपालिकाबाट प्रदान गरिने सेवालाई सहज तथा सर्वसुलभ बनाइनेछ । |
| नगरपालिकामा सूचनातथा संचार प्रयोगलाई विस्तार गर्ने | नगरपालिकामा रहेका व्यस्त बजार तथा सार्वजनिक स्थानहरुमा सि.सि क्यामरा जडान गरिनेछ । |
| | सूचना केन्द्र, विद्युतिय पुस्तकालय, कम्प्यूटर तालिम केन्द्र आदिको स्थापना तथा सञ्चालन गरिनेछ । |

| **कार्यक्रम** | **आयोजना** | **लागत (लाख)** |
|---|---|---|
| सूचनाप्रविधिको दयारा विस्तार कार्यक्रम | सवै वडा कार्यालय सम्म फाइवरनेट विस्तार | १०० |
| | प्रत्येक वडा कार्यालयमा ई-हाजिरी व्यवस्था | २० |
| | विद्यालयमा ई-हाजिरी व्यवस्था | ३० |
| विद्यालय, स्वास्थ्य चौकी लगायतका संस्थामा सूचनाप्रविधिको प्रयोग | प्रत्येक विद्यालयमा ईन्टरनेट विस्तार | १०० |
| | प्रत्येक विद्यालयमा इ-लाइब्रेरीको व्यवस्था | १०० |
| | वडाका माद्यमिक  विद्यालयमा ICT ल्याव स्थापना | १२० |
| डिजिटल पालिका निर्माण कार्यक्रम | डिजिटल प्रो-फाइल तथा डिजिटल नागरिक वडापत्र | २० |
| | कार्यालयहरुमा भिडियो डिस्प्ले बोर्डको व्यवस्था गर्ने | १० |
| | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई अनलाईनमा आवद्ध गर्ने कार्यक्रम | २० |
| | इमेल र अन्य सामाजीक सञ्जाल मार्फत पालिकाबाट प्रदान गरिने सेवालाई सहज तथा सर्वसुलभ बनाउने | १० |
| सार्वजनिक स्थानहरुमा सि.सि. क्यामरा जडान कार्यक्रम | नगरपालिकामा रहेका व्यस्त बजारहरुमा सि.सि क्यामरा जडान | ५० |
| | सूचना केन्द्र, विद्युतिय पुस्तकालय, कम्प्यूटर तालिम केन्द्र आदिको स्थापना तथा सञ्चालन | १०० |
| | पूरातात्विकस्थल, मठ मन्दीर तथा सार्वजनिक स्थलहरुमा हुने अनियमित गतिविधिको नियन्त्रण । | २० |
| | | **७००** |

### ६.४.४अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** नगरपालिकाको सबै क्षेत्रमा सूचना तथा संचार प्राविधिको विकास तथा विस्तार भई सु:सुचित समाज र प्रविधियुक्त जनशक्ति निर्माण भएको हुने | | | | | | | |
| सेवा प्रवाहमा प्राविधिको प्रयोग | प्रतिशत | ४५ | ५२ | ६० | ७५ | वडा सर्वेक्षण | न.पा |
| **असर तह :** नगरपालिकामा भरपर्दो, सर्वसुलभ, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार गर्दै नगरवासीमा सूचनाको पहुँचमा बृद्धि गर्नु । | | | | | | | |
| संचारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ८५ | ९० | ९५ | १०० | वडा सर्वेक्षण | न.पा |
| संचार सेवावाट वञ्चित घरधुरी | प्रतिशत | १५ | ५ | २ | ० | वडा सर्वेक्षण | न.पा |
| मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ८० | ८५ | ९० | १०० | वडा सर्वेक्षण | न.पा |
| ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | ५०० | ५५० | ७०० | ८०० | वडा सर्वेक्षण | न.पा |
| स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | २ | १० | १५ | २० | वडा सर्वेक्षण | न.पा |
| स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | १ | २ | २ | ४ | वडा सर्वेक्षण | न.पा |
| सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय संख्या | संख्या | २०० | २५० | ३५० | ४०० | वडा सर्वेक्षण | न.पा |
| विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | ५० | १०० | १५० | २०० | वडा सर्वेक्षण | न.पा |
| स्थानीय स्तरमा संचालित एफएम रेडियो | संख्या | ४ | ४ | ५ | ५ | वडा सर्वेक्षण | न.पा |
| सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | १०० | १५० | २०० | ३०० | वडा सर्वेक्षण | न.पा |
| क्रियाशील पत्रकारहरु | संख्या | १० | १० | १५ | २५ | वडा सर्वेक्षण | न.पा |
| प्रतिफल | | | | | | | |
| सूचना प्राविधिको विस्तारबाट नागरिकले प्राप्त गर्ने सेवामा सहजता आएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| | | | | | | वडा सर्वेक्षण | न.पा |
| विद्यालयहरुलाई प्राविधिक तथा सूचना प्रविधिमैत्री शिक्षाबाट विद्यार्थीको दक्षता तथा क्षमता अभिबृद्धि भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

### ६.४.५ अनुमान तथा जोखिम पक्ष

नगरपालिकामा ल्यान्डलाइन र इन्टरनेट सेवा प्रदायक, टावर विस्तारका लागि सरकार र निजी क्षेत्रहरुसँग समन्वय भएको हुने अनुमान गरिएको छ भने पूर्वाधारमा लगानीमा कमी, प्राकृतिक प्रकोप तथा विपद्का घटना जोखिमका पक्षमा लिईएको छ ।

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

देशमा रोजगारीको सजृना, आय बृद्धि, स्थानीय समदुायको आधारभतू आवश्यकता जस्तैः काठ, दाउरा, घाँसपातका साथै कृषि, पशुपालन, पयर्टन र सिँचाइमा समेत वन तथा जैविक विविधताको उल्लेखनीय भूमिका रहेको छ। संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने राज्यका नीतिहरूमा प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धमा उल्लेख भएको छ। वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि नगरपालिकाको भूमिका महत्वपुर्ण छ। जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ।

सिद्धिचरण नगरपालिकामा वन तथा जैविक विभिधता अन्तर्गत सामुदायिक वन संख्या ६६, निजी वन संख्या ७८, कबुलियती वन संख्या २ रहेको छ। नगरपालिकाका ६००६ परिवारले खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने गरेका छन् भने वनको प्रयोग घाँस दाउरा, चरिचरण, जडिबुटी संकलन र काठ तथा फर्निचरका लागि हुने गरेको छ। नगरपालिकाका वनजंगलमा चितुवा, बाँदर, घोरल, मृग, स्याल, खराये, मयुर, कालीज, दुम्सी, बाघ, भालु, तिथ्रा आदि वन्यजन्तुको उपस्थिती रहेको छ भने शीलाजीत, हर्रो, वर्रो, चिराईतो, पाखनवेत, ठूलो ओखति, खोर्साने, मछिनो, तितेपाती, सतुवा, पाँचऔले, जटामसी, खुसिङ, लोक्ता, जेठी मधु, टिमुर, हरचुर, चिरैतो, हरजो, बाभ्को आदि जडिबुटी पाईन्छ।

### ७.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ वन संरक्षण सम्बन्धी जनचेतना अभिबृद्धि गर्दै वृक्षारोपण कार्यहरु सञ्चालन गर्न सकिने।<br>➢ वैकल्पिक उर्जाका स्रोतहरुको विकास गरी वन जंगलमाथिको निर्भरता कम गर्दै लैजान सकिने।<br>➢ वन संरक्षणका लागि तारवार लगाउने।<br>➢ स्थानीय जडिबुटी प्रशोधन केन्द्र र काष्टकला उद्योग स्थापना गर्न सकिने<br>➢ पसुपंछी उध्यान पार्क निर्माण गर्न सकिने।<br>➢ नगरपालिकामा शीलाजीत, हर्रो, वर्रो, चिराईतो, पाखनवेत, ठूलो ओखति, खोर्साने, मछिनो, तितेपाती, सतुवा, पाँचऔले, जटामसी, खुसिङ, लोक्ता, जेठी मधु, टिमुर, हरचुर, चिरैतो, हरजो, बाभ्को लगायतका जडिबुटी प्रसस्त मात्रमा पाईने हुदा वडागत रुपमा जडिबुटी र उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरी पर्यटन आकर्षण र आम्दानी बृद्धिगर्न सकिने।<br>➢ वनको वैज्ञानिक व्यवस्थापनबाट काष्ठ र गैरकाष्ठ पैदावरको व्यवसायिक लाभ लिन सकिने। | ➢ वन क्षेत्रमा अतिक्रमण, बाढीपहिरो, भूक्षय आगलागीको समस्या।<br>➢ काठ, जडिबुटी र जिवजन्तु चोरी तथा सिकारीको नियन्त्रण गर्न नसकिनु।<br>➢ समय समयमा बृक्षारोपण नहुनु।<br>➢ वन पैदावरको व्यवस्थापन गर्न चुनौती।<br>➢ संरक्षण कार्यक्रम, संरक्षणका लागि तारवार र कार्यक्रम सञ्चालनका लागि आर्थिक अभाव हुनु।<br>➢ वनजंगल फडानी नियन्त्रण गर्न नसकिनु।<br>➢ वनजंगल क्षेत्रमा नदीकटान नियन्त्रणको समस्या।<br>➢ जिविकोपार्जनका लागि वन क्षेत्रमा आत्मनिर्भर हुनु<br>➢ मनव वन्यजन्तु बीचको द्वन्द्व अन्त्य गर्ने चुनौती।<br>➢ पूर्वाधार विकास र वातावरण संरक्षण बीच सन्तुलन कायम राख्नु चुनौती रहेको। |

| | |
|---|---|
| ➢ वन क्षेत्रबाट हुने काठदाउरा र पशु पंछीको चोरी सिकारी नियन्त्रण गरी जैविक विभिधता संरक्षण गर्न सकिने । | ➢ सरकारवालसँग सहकार्य गरि एकीकृत जलधार व्यवस्थापनका लागि स्थानीय तथा प्रदेश स्तरमा सहकार्य गर्न चुनौती । |

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

जैविक विभिधताले सुन्दर, जडिबुटी र वन पैदावारले भरिपुर्ण हरीयो वन, सिद्धिचरणको धन ।

**लक्ष्य,**

वन तथा वन्यजन्तुको संरक्षणः पारिस्थितिक पद्धती र जैविक विविधताको आधारः लाई व्यवहारमा लागू गर्न सहकार्य, समन्वय र सहअस्थित्वलाई अंगिकार गर्दै वन तथा जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन गरी आर्थिक उपार्जन गर्ने,

**उद्देश्य**

वन तथा जैविक विविधता र प्राकृतिक श्रोतको संरक्षण र दिगो उपयोगमा बृद्धि गर्ने ।

**रणनीति, कार्यक्रम, आयोजना तथा नतिजा खाका**

| रणनीति | कार्यनीति |
|---|---|
| वन पैदावर र जडिबुटी मार्फत नागरिकको स्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने | भिरालो जमिनमा वृक्षरोपण गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ । |
| | स्थानीय स्तरमा पाईने जडिवुटी र वोटविरुवाको संरक्षण प्रवर्द्धन र व्यवसायीकरण गरिनेछ । |
| | पर्यटनका कार्यक्रमहरु सञ्चालन गरेर सामुदायीक वन भित्रका खाँली ठाउँहरुमा जडीवुटी, डालेघास तथा फलफुलहरु बृक्षारोपण, संरक्षण तथा सदुपयोग गरी खाली नाङगा डाँडाहरुलाई हरियाली बनाउने उदेश्यका साथै, विपन्न वर्गका निम्ती कवुलियती वन कार्यक्रम मार्फत कवुलियती वन हस्तान्तरण गरिनेछ । |
| | वडाका उपयुक्त क्षेत्रमा बृक्षारोपण गरिनेछ । |
| वनमा आधारित उद्यमशिलता विकास गर्ने | श्रीखण्ड, रुद्राक्ष, एवोकार्डो जस्ता आयमुलक निजी वनको विकास गरिनेछ । |
| | शीलाजीत, हर्रो, वर्रो, चिराईतो, पाखनवेत, ठूलो ओखति, खोर्सानि, मछिनो, तितेपाती, सतुवा, पाँचऔले, जटामसी, खुसिङ, लोक्ता, जेठी मधु, टिमुर, हरचुर, चिरैतो, हरजो, बाभ्रो आदिको व्यवसायिक खेती पर्वद्धन गरिनेछ । |
| भौतिक संरचना विकास | नगरपालिकामा पायक पर्ने स्थानमा जडिबुटी संकलन केन्द्र स्थापना गरिनेछ । |
| | स्थानीय जडिबुटी प्रसोधन केन्द्रको माध्यबाट नगरपालिकामा आयूर्वेदिक औषधालयको निर्माण गरिनेछ । |
| | नगरपालिका अर्न्तगत पाइने जैविक विविधताको अभिलेख तथा प्रोफाइल तयारी गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| एक घर ५ वृक्षारोपण कार्यक्रम | भिरालो जमिनमा वृक्षरोपण गर्ने नीति तयार | १०० |

| | | |
|---|---|---|
| वन क्षेत्र संरक्षण तथा सम्वर्द्धन कार्यक्रम | वन क्षेत्रमा अग्नी रेखाको निर्माण | ६० |
| | स्थानीय स्तरमा पाईने जडिवुटी र वोटविरुवाको संरक्षण प्रवर्द्धन र व्यवसायीकरण | ५० |
| व्यावसायिक वन क्षेत्र विस्तार कार्यक्रम | पर्यटनका कार्यक्रमहरु सञ्चालन गरेर सामुदायीक वन भित्रका खाँली ठाउँहरुमा जडीवुटी, डालेघास तथा फलफुलहरु वृक्षारोपण, संरक्षण तथा सदुपयोग गरी खाली नाङगा डाँडाहरुलाई हरियाली बनाउने उदेश्यका साथै, विपन्न वर्गका निम्ति कवुलियती वन कार्यक्रम मार्फत कवुलियती वन हस्तान्तरण | २९० |
| हरित नगरपालिका कार्यक्रम | वडाका उपयुक्त क्षेत्रमा बृक्षारोपण | ५० |
| | बजारलाई हरित शहरको रुपमा विकास गर्ने | ५० |
| | सडकको छेउछाउ बृक्षारोपण तथा पार्क, बगैंचा आदि निर्माण | १०० |
| निजी वन विकास कार्यक्रम | श्रीखण्ड, रुद्राक्ष, एवोकार्डो जस्ता आयमुलक निजी वनको विकास | १०० |
| आयुर्वेद जन्य वनस्पतीको व्यावसायिक खेती | शीलाजीत, हर्री, वर्रो, चिराईतो, पाखनवेत, ठूलो ओखति, खोर्सानी, मछिनो, तितेपाती, सतुवा, पाँचऔले, जटामसी, खुसिङ, लोक्ता, जेठी मधु, टिमुर, हरचुर, चिरैतो, हरजो, बाभ्रो आदिको व्यवसायिक खेती | ३०० |
| जडिबुटी औषधि, संकलन तथा प्रशोधन केन्द्र निर्माण | नगरपालिकामा पायक पर्ने स्थानमा जडिबुटी संकलन केन्द्र निर्माण | ५० |
| | स्थानीय जडिबुटी प्रसोधन केन्द्रको माध्यबाट नगरपालिकामा आयूर्वेदिक औषधालयको निर्माण | ३० |
| | नगरपालिका अर्न्तगत पाइने जैविक विविधताको अभिलेख तथा प्रोफाइल तयारी | १०) |
| | नगरपालिकामा उपलब्ध जडिबुटीको प्रयोग, उपयोगिताका बारेमा ज्ञान अभिबृद्धि | १० |
| | | **१२००** |

### ७.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८०/८१ | २०८२/८३ | २०८४/८५ | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव तह** | | | | | | | |
| जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नीरेखा, झाडी सफाई जस्ता कार्यहरु भएको | संख्या | ४० | ४० | ५० | ६० | वडा सर्वेक्षण | न.पा |
| सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | ५७८ ब.मि | ५७८ | ५७८ | ५७८ | वडा सर्वेक्षण | न.पा |
| सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य संख्या | संख्या | ६५०० | ६५५० | ६६०० | ६६५० | वडा सर्वेक्षण | न.पा |
| कबुलियती वनले ओगटेको क्षेत्र | हेक्टर | ५० | ५५ | ६० | ६५ | वडा सर्वेक्षण | न.पा |
| कवुलियती वनमा आवद्ध सदस्य संख्या | संख्या | १९३ | ११० | १२५ | १४० | वडा सर्वेक्षण | न.पा |
| सरकारद्वारा व्यवस्थित वन क्षेत्र (धार्मिक वन समेत) | प्रतिशत | वि.नभएको | | | | वडा सर्वेक्षण | न.पा |
| चोरी शिकारी, आगलागी, डढेलो लगायतवाट लोपोन्मुख एवं वन्य जन्तुहरुको क्षति | संख्या | वि.नभएको | | | | वडा सर्वेक्षण | न.पा |
| वन्यजन्तुहरुवाट अन्नवालीमा पुगेको वार्षिक औषत क्षति | रु.लाख | ५० | ३० | २० | १० | वडा सर्वेक्षण | न.पा |
| वन प्रजाती प्रति हेक्टर | संख्या | ४ | ५ | ६ | ७ | वडा सर्वेक्षण | न.पा |
| वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | ४० | ४२ | ४५ | ४९ | वडा सर्वेक्षण | न.पा |
| आयमूलक कार्य संचालित वन क्षेत्र | प्रतिशत | ५ | ६ | ९ | ११ | वडा सर्वेक्षण | न.पा |
| गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको क्षेत्र | संख्या | ५ | ७ | ८ | १० | वडा सर्वेक्षण | न.पा |
| खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार | संख्या | ६००६ | ५८०० | ५४०० | ५००० | रा.ज.२०७८ | न.पा |
| वन तथा जडीवुटीमा आधारित उद्योग, व्यवसाय | संख्या | ५ | ७ | ९ | १२ | वडा सर्वेक्षण | न.पा |
| **असर तह** | | | | | | | |
| सामुदायिक वनको संख्या | संख्या | ६६ | ६७ | ६८ | ६८ | वडा सर्वेक्षण | न.पा |
| निजी बन | संख्या | ७८ | ७९ | ७९ | ८० | वडा सर्वेक्षण | न.पा |
| कबुलियति बन | संख्या | २ | ३ | ५ | ७ | वडा सर्वेक्षण | न.पा |
| प्रतिफल | | | | | | | |
| वनमा आधारित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| सबै वडामा वृक्षारोपण कार्यक्रम सञ्चालन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| जडिबुटि तथा वन पैदावार उत्पादन, संकलन तथा प्रशोधन केन्द्रको स्थापना भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| जैविक विविधता संरक्षण गुरुयोजना तयार भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

### ७.१.५ अनुमान तथा जोखिम पक्ष

वन तथा जैविक विविधता नगरपालिकाको अधिकार सूचीमा नपरेकोले नगरपालिका भित्रको वन तथा जैविक विविधता संरक्षण तथा सम्बर्द्धन गर्न नसक्ने भएकोले जनशक्ति परिचालन र व्यवस्थापनमा जोखिम पक्षको रुपमा रहेको छ । साथै पूर्वाधार विकास र वातावरण संरक्षण बीच सन्तुलन कायम राख्नु, सरोकारवालसँग सहकार्य गरी एकीकृत जलधार व्यवस्थापनका लागि समयमा नै स्थानीय तथा प्रदेश स्तरमा सहकार्य हुन सकेको अवस्थामा उल्लेखित लक्ष्य प्राप्त गर्न कठिन देखिन्छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

भिरालो भूवनोट, कमलो तथा अस्थिर भौगर्भिक अवस्था तथा मनसून केन्द्रीत भारी बर्षा जस्ता प्राकृतिक कारणले नै नेपाल भुक्षयको दृष्टिकोणले अत्यन्त सम्वेदनशील छ भने मानवजन्य कृयाकलाप खासगरी अनुपयुक्त भू उपयोग, वन जंगल लगायत प्राकृतिक श्रोतहरुको विनास, वातावरणीय पक्षलाई बेवास्ता गरी संचालन गरिने विकास निर्माण कार्यहरु एवं जनचेतनाको कमीका कारण भएका अन्य मानवीय क्रियाकलापहरुका कारणले प्राकृतिक रुपमा हुने भूक्षयलाई बढाई भूक्षय, पैह्रो र बाढीको समस्यालाई झनै भयावह बनाएको छ । भूक्षयको कारण बर्सेनी खेतवारीको मलिलो माटो बगाई कृषि जमिनको उत्पादकत्वमा ह्रास ल्याएको छ भने पैह्रो र बाढीको कारण खेतीयोग्य जमिन र बिकासका पूर्वाधारको बिनाश तथा जनधनको क्षति गरेको छ । क्षतिबाट बचाउन यस्ता जलाधार क्षेत्रको संरक्षण आवश्यक छ । भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि यस नगरपालिकामा संरक्षित पानी मुहान क्षेत्र संरक्षण, नदी नियन्त्रण, स्पर तथा बाँध, चेकड्यामहरुको व्यवस्था, तालतलैया र सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, जलउत्पन्न प्रकोपवाट प्रभावित घरपरिवारलाई जोगाउन वायोइञ्जिनियरिङ प्रविधि प्रयोग वैज्ञानिक रुपले हुनुपर्ने देखिन्छ ।

सिद्धिचरण नगरपालिकामा सार्वजनिक जग्गा ८५२ रोपनी, सुरक्षित पानीको मुहान ४५० वटा, संरक्षित खेतिवारीको क्षेत्रफल १० प्रतिशत, नदी नियन्त्रण ३ किलोमिटर, जलउत्पन्न प्रकोपबाट प्रभावित घरपरिवार संख्या ५० रहेका छन् । दुधकोशी, टुनिखोला, आईतवारे खोल्सा, गुरुङ खोल्सा, सिस्नेखोला, बोहारे, गगटे, जामुने, मसारा, ठेटुने, रिठ्ठे खोल्सा, मग्ने, मनउले, बाहुनी, रुप्से, ठूलो खोला, फोम्टे खोला, खारी खोला, लट्टेवारी, भुजापाते, खारी खोल्सा, नागविले, पोक्तिङ, लिञ्चर, सुन्तारे, लप्सि खोला, घोरपु खोला, मोलुंग, अधेरी, पहरे खोल्सा, खहरे खोल्सा, उत्तिसे, धारा खोल्सा, निगाले, अधेरी, पापीहरिवोले, मोलुंग खोला आदि नगरपालिकाका जलाधार क्षेत्र तथा खोला, नदीहरु हुन् ।

यस नगरपालिकमा मुलघाट, कोशीले कटान गरेको, विमिरे पहिरो, बतासे पहिरो, सिम्ले पहिरो, मोहिनीटार कटान, कोशेली चौर, खनिया खर्क पुछार, केउरीनी पुछार, स्यावन, चुहानछाप, सिस्नेखोलाले कटान गरेको बस्ती र माने खोला, तिलंगे दोभान पहिरो जोखिम, चुप्लु, सुनार खोप, रयाले, कल्लेरी, कात्तिके, बाहुनी खोला, छाँगे, ठूलोसिम, आरुबोटे, पोखरी, भस्नुथुम्का, दोल्पु, धनेपु, डाँडा गाउँ, घुन्सर, बुके भँगेरी, तिलखोरिया पहिरो, भञ्ज्याङ्ग पाखा, टाडे दोभान, कोईराले, डडुवा पाखा, सोती दोभान, कामी चौतारा, महाभिभर रुप्से पहिरोको जोखिम, गोगुने पहिरो ग्रस्त क्षेत्र आदि पहिरो जस्ता संवेदनशिल नक्शांकन भएका क्षेत्रहरु हुन् ।

### ७.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ नदी, खोला प्रभावित क्षेत्रमा बाँध तथा तटबन्ध निर्माण गर्न सकिने ।<br>➢ जलाधार र भूसंरक्षणका लागि वृक्षारोपण<br>➢ नगरपालिकामा पोखरी निर्माण गरी माछापालन व्यवसाय सञ्चालन गर्न सकिने ।<br>➢ संवेदनसील क्षेत्रको रुपमा पहिचान भएको क्षेत्रको बस्ती स्थानान्तरण गरी वृक्षारोपण कार्य गर्न सकिने । | ➢ भू तथा जलाधार व्यवस्थापनका लागि आवश्यक बजेटको अभाव ।<br>➢ पहिरो तथा भूक्षय सम्बन्धी जनचेतनाको अभाव, विपद् परेका घर परिवार तथा समुहलाई तत्काल राहातको व्यवस्था र प्रतिकार्यका लागि आधुनिक प्रविधि र संरचना निर्माणमा चुनौती ।<br>➢ पानीका मुहानहरु सुक्दै जानु, भएका मुहानको व्यवस्थित संरक्षण हुन नसक्नु । |

| | |
|---|---|
| ➢ वागवनी केन्द्र निर्माण गरी विरुवा उत्पादन तथा विक्रि गर्न सकिने सम्भावना रहेको ।<br>➢ भु:क्षय नियन्त्रणका लागि तारजाली लगाउन र वृच्छारोपण कर्यक्रम संचालन गर्न सकिने ।<br>➢ पानी मुहान क्षेत्र संरक्षण, तालतलैया र सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, जलउत्पन्न प्रकोपवाट प्रभावित घरपरिवारलाई जोगाउन वायोइञ्जिनियरिङ प्रविधि प्रयोग गर्न सकिने सम्भावना । | ➢ वृच्छारोपणका लागि विरुवा उत्पादन तथा बागवनी केन्द्र स्थापनाको चुनौती रहेको ।<br>➢ नदी तथा पहिरो प्रभावित क्षेत्रहरुको व्यवस्थापन<br>➢ वर्षाको समयमा पहिरो र भूक्षय हुने क्षेत्रहरुबाट बस्ती स्थानान्तरण गर्ने चुनौती<br>➢ नगरपालिकाभित्रमा सडक निर्माण कार्य गर्दा वनजंगल फडानी हुने र जलाधार क्षेत्र नासिने समस्या ।<br>➢ जलाधार संरक्षणका लागि तर्जुमा गरिएको नीति बमोजिम योजना निर्माणगरी कार्य सञ्चालनको चुनौती । |

### ७.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

विच्छारोपण, सुरक्षित आवास, भू: तथा जलाधार व्यवस्थापनमा लगानी विपद्मुक्त समाज निर्माणको थालनी,

**लक्ष्य**

वर्षेनि हुने नदीकटान तथा बाढिको नियन्त्रण गरी धनजनको साथै मानव तथा जिवजन्तुको जीवन रक्षा गर्ने,

**उद्देश्य**

पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकुलन क्षमता र सुन्दरतामा अभिबृद्धि गर्ने ।

सुरक्षित आवास निर्माण, व्यवस्थित नदी पारवहान, नियमित वृक्षारोपणले हराभरा वातावरण र भू:संरक्षण सम्बन्धी नीतिको प्रभावकारी प्रयोगद्वारा भु:संरक्षण र जलाधार क्षेत्र व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| नगरक्षेत्रका जलाधारको संरक्षण गर्ने | वन ऐन र वन नियमावलीको पुर्ण कार्यान्वयन गरिनेछ । |
| | जलस्रोत तथा सार्वजनिक जग्गाको अभिलेखीकरण गरिनेछ । |
| | उपयुक्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँसखेतिको विकास गरिनेछ । |
| | जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास गरिनेछ । |
| वन क्षेत्रको संरक्षण बारे जनचेतना विस्तार गर्ने । | बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण गरिनेछ । |
| | वन क्षेत्रको संरक्षण गरी खुला डाँडामा वृक्षारोपणका साथै जडिवुटी, फलफुल तथा डालेघाँसका विरुवा विस्तार गरिनेछ । |
| सम्भाव्यताका आधारमा वन पैदावारको माध्यमबाट आयमा योगदान गर्ने । | बस्ती विस्तारका लागि जोखियुक्त क्षेत्र नक्सांकन गरिनेछ । |
| | पहिरो जस्ता संवेदनशिल क्षेत्र पहिचान एवं नक्शाङ्कन गरिनेछ । |
| | पोखरी ताल तलैया संरक्षण गरिनेछ । |
| | वायो इन्जिनियरिङ प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । |
| | |

| | |
|---|---|
| जलस्रोत तथा भूमिलाई आयमुलक क्षेत्रमा परिवर्तन गर्ने | जलस्रोत तथा भूमिलाई आयमुलक क्षेत्रमा परिचालन गरिनेछ। |
| | भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोबासका लागि बन्देज गरिनेछ। |
| | जलाधार, जलश्रोत तथा सिमसार संरक्षण कार्यक्रम गरिनेछ। |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| जल तथा भूसंरक्षण व्यवस्थापन प्रणाली निर्माण | वन ऐन र वन नियमावलीको पुर्ण कार्यान्वयन गर्ने, संरक्षणको लागी, हेरालु (चोकिदारको) व्यवस्थापन गरिने | २० |
| | जलस्रोत तथा सार्वजनिक जग्गाको अभिलेखीकरण | २० |
| | उपयुक्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँसखेतिको विकास | ५० |
| पोखरी र मुहान संरक्षण परियोजना | जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास | १०० |
| | बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण | १०० |
| | वन क्षेत्रको संरक्षण गरी खुला डाँडामा वृक्षारोपणका साथै जडिवुटी, फलफुल तथा डालेघाँसका विरुवा विस्तार गरिने | २०० |
| खोला तटवन्धन कार्यक्रम | सार्वजनिक जग्गाको उपयोग रणनीति तयार गर्ने | २० |
| | बालुवा ढुंगा, गिटि उत्खनन, नियमन तथा व्यवस्थापन | ५० |
| | बस्ती विस्तारका लागि जोखियुक्त क्षेत्र नक्सांकन। | २० |
| | वातावरण मैत्री पूर्वाधार निर्माण कार्यक्रम। | ३०० |
| भू-उपयोग योजना र जग्गाको बैज्ञानिक व्यवस्थापन | पहिरो जस्ता संवेदनशिल क्षेत्र पहिचान एवं नक्शाङ्कन | १०० |
| | पोखरी ताल तलैया संरक्षण | ५० |
| | जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास | १०० |
| | संवेदनशील क्षेत्रको पहिरो नियन्त्रण | १०० |
| | वायो इन्जिनियरिङ प्रविधिको प्रयोग | २४० |
| भू–जलाधार क्षेत्रको उत्पादनशील प्रयोग | बालुवा ढुंगा, गिटि उत्खनन नियमन तथा व्यवस्थापन कार्यक्रम | २०० |
| | बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरासुधार व्यवस्थापन गरी सम्भावित भूक्षयलाई न्यूनीकरण | १०० |
| | भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोबासका लागि बन्देज | २० |
| | मासिदै गएका जलाधारहरुको पुनरुत्थान र संवेदनशील जलाधारको संरक्षण र विकासका लागि प्रदेश सरकारसँगको सहकार्यमा विशेष जलाधार क्षेत्र घोषणा गरी भू उपयोगका आधारमा व्यवस्थापन। | २० |
| | भू तथा जलाधार क्षेत्र वृक्षारोपण कार्यक्रम। | १०० |
| | जलाधार जलश्रोत तथा सिमसार संरक्षण कार्यक्रम | २०० |
| | | **२१००** |

### ७.२.४अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** नदी कटान, डुबान तथा बाढिको नियन्त्रण गरी धनजनको साथै मानव तथा जिवजन्तुको जीवन रक्षा भई आर्थिक गतिविधिमा योगदान पुगेको हुने | | | | | | | |
| संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | १० | १२ | १४ | १७ | वडा सर्वेक्षण | न.पा |
| **असर तह :** नगरपालिका क्षेत्रमा नदी, खहरे खोला, वाढी तथा भूक्षय नियन्त्रण गर्दै भुमिगत पानीको मुहान, तालतलैया, पोखरी, सिमसार लगायत भू तथा जलाधार क्षेत्रको संरक्षण भई आन्तरिक तथा बाह्य पर्यटन प्रबर्धन भएको हुनेछ । | | | | | | | |
| संरक्षित पानी मुहान क्षेत्र | संख्या | ४५० | ४५५ | ४६० | ४६० | वडा सर्वेक्षण | न.पा |
| नदी नियन्त्रण लम्बाई | किमि | ३ | ७ | १० | ५० | वडा सर्वेक्षण | न.पा |
| स्पर तथा बाँध, चेकड्यामहरुको लम्वाई | किमि | १२० मिटर | १५० | १८० | २०० | वडा सर्वेक्षण | न.पा |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ५ | ४ | ३ | १ | वडा सर्वेक्षण | न.पा |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | ० | २ | ४ | ५ | वडा सर्वेक्षण | न.पा |
| जलउत्पन्न प्रकोपवाट प्रभावित घरपरिवार | संख्या | ५० | ४० | ३० | ० | वडा सर्वेक्षण | न.पा |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमि | १२० मिटर | १५० | १८० | २०० | वडा सर्वेक्षण | न.पा |
| **प्रतिफल** | | | | | | | |
| बस्ती विस्तारका लागि जोखियुक्त क्षेत्र नक्सांकन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| जोखिमयुक्त क्षेत्र स्थानान्तरण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| वातावरण मैत्री पूर्वाधार निर्माण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| भू-उपयोग तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धी नीति निर्माण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| बालुवा ढुंगा, गिटि उत्खनन नियमन तथा व्यवस्थापन हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| भू तथा जलाधार क्षेत्र वृक्षारोपण कार्यक्रम । | | | | | | वडा सर्वेक्षण | न.पा |
| जलाधार जालश्रोत तथा सिमसार संरक्षण कार्यक्रम । | | | | | | वडा सर्वेक्षण | न.पा |

### ७.२.५ अनुमान तथा जोखिम पक्ष

पहिरो तथा भूक्षय नियन्त्रणको लागि नगरपालिकाले जनचेतना, विपद् परेका घर परिवार तथा समुहलाई तत्काल राहातको व्यवस्था र प्रतिकार्यका लागि आधुनिक प्रविधि र संरचनाको व्यवस्था हुने अनुमान छ । यस नगरपालिकाको भुबनोट पहाडी भुभाग भएकाले भूक्षय र पहिरोको उच्च जोखिममा रहेकोले मापदण्डको परिपालन र आवश्यकता अनुसारको दक्ष जनशक्ति परिचालनको पक्ष जोखिपपुर्ण रहेको छ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

नेपालले सन् २०३० सम्म कार्वन उत्सर्जनलाई आधा गर्ने, ODS (ओजोन कम गर्ने वस्तु) तथा कृषि, यातायात, उद्योग तथा व्यापारिक क्षेत्रहरूबाट उत्सर्जन हुने हरितगृह ग्यासलाई पनि आधा गर्ने लक्ष्य लिएको छ । नगरपालिकाले वातावरण परिवर्तनका प्रभाव र फोहोरमैला व्यवस्थापनमा प्रायः अग्रपंक्तिमा रहेर काम गर्दै आएको छ । वायुमण्डलमा हुने परिवर्तनसँग जुध्ने तथा स्थानीय तहमा चेतना जागरण गर्ने काममा तल्लो तहबाटै नेतृत्व गर्ने इतिहास रहँदै आएको पनि छ । स्थानीय तहले खासगरी अति संवेदनशील सहरहरूमा वातावरण परिवर्तन अनुकूलन गर्ने तथा यसबाट हुने प्रभाव कम गर्ने, शहरी क्षेत्रमा हुने उत्सर्जन घटाउने र तिनीहरूबाट वातावरणमा पर्ने प्रभाव कम गर्ने कार्यहरू शहरी तथा क्षेत्रगत योजनामा एकीकृत गर्नु आवश्यक पर्दछ । तसर्थ शहरी क्षेत्रलाई लक्षित गर्दै नगरपालिकाले वितावरण स्वच्छतालाई लक्षित गरी आवश्यक योजना तर्जुमा गर्नु आवश्यक छ ।

नगरपालिकामा उत्सर्जन हुने फोहरमैला जलाउने तथा गाड्ने गरिएको छ भने वडा नं. ११ र १२ को नगरपालिकाद्वारा व्यवस्थापन गर्ने गरिएको छ । नगरपालिकामा शहरउन्मुख क्षेत्रहरु क्रमिक विकास हुदै गइरहेका छन । नगरपालिकामा रहेका सडकहरुमा नालि स्थापना कार्यलाई प्रथमिकताका साथ संचालनमा ल्याईएको छ भने फोहोर व्यवस्थापनका लागि विभिन्न वडा हरुमा डम्पीङ साईडहरुको व्यवस्था गरी व्यवस्थित फोहोर विसजर्न कार्य अगाडी बढाईएको छ ।

### ७.३.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ व्यवस्थित शहरीकरणको नीति अवलम्बन गरी ढल निकास तथा फोरमैला व्यवस्थापन गर्न सकिने ।<br>➢ वातावरणको दीगो व्यवस्थापनका लागि जलाधार व्यवस्थापन तथा वन क्षेत्रको संरक्षण गर्न सकिने<br>➢ गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्राविधिको प्रयोगमा जोड दिन सकिने ।<br>➢ स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण गर्न सकिने ।<br>➢ सडक निर्माण, कुलो तथा नहर निर्माण, विद्युत प्रशारण लाईन आदि वन जंगल क्षेत्रबाट नगरी वन तथा वातावरण संरक्षण गर्न सकिने । | ➢ वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी जनचेतनाको कमी रहेको ।<br>➢ वातावरणिय स्वच्छताका लागि आवश्यक नीति तथा कार्यक्रमको अभाव रहेको ।<br>➢ प्राकृतिक विपत्ति तथा मानव र वन्यजन्तु बीचको द्वन्द्वको अवस्था विध्यमान हुनु ।<br>➢ जलाधार क्षेत्र संरक्षण गरी पशुपंक्षी र जलचरको संरक्षणको चुनौती रहेको ।<br>➢ वैकल्पीक उर्जाको प्रबर्द्धन गरी उर्जाको प्रमुख स्रोतको रुपमा रहेको वनजंगलको संरक्षण गर्ने चुनौती ।<br>➢ नगरपालिकाभित्रमा ढल निकास गर्नु, फोहोरमैला व्यवस्थापन र प्रशोधन केन्द्र स्थापना गर्ने चुनौती रहेको ।<br>➢ वातावरण तथा स्वच्छता कार्यका लागि बजेटको अभाव रहेको ।<br>➢ डढेलो नियन्त्रण चुनौतीपुर्ण |

### ७.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

फोहोरमैलाको उचित व्यवस्थापन र वातावरण संरक्षण र सिद्धिचरण नगरपालिकाको स्वच्छ जीवन ।

**लक्ष्य,**

स्वस्थ भई सफा तथा स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको संवैधानिक अधिकार व्यवहारमा लागू गराउने ।

**उद्देश्य,**

गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्राविधिको प्रयोगमा बृद्धि गर्दै वैकल्पिक उर्जाको क्षेत्रमा नमूना नगरपालिकाको रुपमा विकास गर्ने ।

वातावरणमैत्री नगरको निर्माण र फोहोरमैलाको नविकरणीय प्रयोगको माध्यमबाट उर्जा तथा पर्यटनमा आत्मनिर्भरतामा बृद्धि गर्ने ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | आयोजना |
|---|---|
| वातावरणीय स्वच्छताका लागि आवश्यक कानुनी तथा संरचनात्मक संरचना तयार गर्ने | वातावरणीय स्वच्छताका लागि आवश्यक कानुनी तथा संरचनात्मक संरचना तयार गरिनेछ । |
| | नगरपालिका पार्क तथा पिकनिक स्थललाई हरित क्षेत्रका रुपमा विकास गरिनेछ । |
| | नकुहिने फोहोरलाई पुन:प्रयोगको प्रविधि विकास गरिनेछ । |
| | फोहोरमैला व्यवस्थापन गुरुयोजना सञ्चालन गरिनेछ । |
| वैकल्पिक उर्जाको प्रर्वद्धन गर्ने | वातावरण मैत्री संरचना निर्माण गरिनेछ । |
| | गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो, वायोग्यास प्रबर्द्धन गरिनेछ । |
| | फोहोरमैला संकलन, प्रशोधन केन्द्र तथा ल्याण्डफिल्ड साइटलाई व्यवस्थित र सुरक्षित बनाइनेछ । |
| वातावरणको दीगो व्यवस्थापन गर्ने | IEE/EIA प्रतिवेदन अनुसार तोकिएको क्रियाकलापबाट योजना संचालन तथा कार्यान्वयन गरिनेछ । |
| | बजार क्षेत्रहरुमा नाली निर्माण र नगरबस्तीका घर आगनबाट निस्कने फोहोर पानीलाई नजिकको खेतीबारीमा सुरक्षित निकास तथा करेसाबारी प्रर्वद्धन गरिनेछ । |
| | स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण गरिनेछ । |
| नीतिगत तथा कानुनी व्यवस्था | भवन निर्माण, व्यवस्थित शहरीकरण तथा ढल निकास सम्बन्धी आचार संहिता लागू गरी कार्यान्वयन गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| स्वच्छ नगरपालिका स्वस्थ नगरवासी कार्यक्रम | ऐन, नीति, कानून, मानक, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन | ५ |
| | नगरपालिका पार्क तथा पिकनिक स्थललाई हरित क्षेत्रका रुपमा विकास | २० |

| | | |
|---|---|---|
| | नकुहिने फोहोरलाई पुन प्रयोगको प्रविधि विकास | ५० |
| | कुहिने फोहोरलाई बायो ग्याँस उत्पादन गरी आयतीत एल.पि ग्याँसको प्रयोर्ग | २७५ |
| | फोहोरमैला व्यवस्थापनको लागि जग्गा खरिद | ५० |
| | फोहोरमैला व्यवस्थापन गुरुयोजना सञ्चालन | ५०० |
| ग्रामिण वैकल्पिक उर्जा प्रर्वद्धन कार्यक्रम | वातावरण मैत्री संरचना निर्माण | १०० |
| | गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो, वायोग्यास प्रबर्द्धन | ३५ |
| | फोहोरमैला संकलन, प्रशोधन केन्द्र तथा ल्याण्डफिल्ड साइट व्यवस्थापन | ७० |
| वातावरणीय संरक्षण तथा दीगो व्यवस्थापन कार्यक्रम | IEE/EIA प्रतिवेदन अनुसार तोकिएको क्रियाकलापबाट योजना संचालन तथा कार्यान्वयन | २० |
| | बजार क्षेत्रहरुमा नाली निर्माण र नगरबस्तीका घर आगानबाट निस्कने फोहोर पानीलाई नजिकको खेतीबारीमा सुरक्षित निकास तथा करेसाबारी प्रर्वद्धन | १० |
| | वातावरण प्रदुषण गर्ने खालको उद्योग व्यवसायलाई निश्चित क्षेत्र तोकी संञ्चालन | ५ |
| | प्लाष्टिकजन्य फोहोरलाई मोटर बाटो कालोपत्रे गर्न निर्माण सामग्रीको रुपमा प्रयोग | १५ |
| | स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण | ३० |
| | शहरको सौन्दर्य अभिबृद्धि गर्न नगरपालिकाका शहरी क्षेत्रहरुमा एक पसल/एक घर दुई गमलाको कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन | २० |
| ऐन नीयम तथा नीति निर्माण कार्यक्रम | भवन निर्माण, व्यवस्थित शहरीकरण तथा ढल निकास सम्बन्धी आचार संहिता लागू गरी कार्यान्वयन | १० |
| | | **१११५** |

### ७.३.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** वातावरण मैत्री नगरपालिकाको निर्माण गरी नगरवासीको जीवनयापनमा सुधार आइको हुने | | | | | | | |
| प्रशोधन गरिएको फोहोरमैला अनुपात | प्रतिशत | ० | ५ | १५ | ३० | वडा सर्वेक्षण | न.पा |
| **असर तह :** नीतिगत संरचनाको निर्माण मार्फत वातावरणमैत्री नगरपालिकाको निर्माणबाट वातावरणीय स्वच्छता कायम भएको हुने | | | | | | | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ५ | ६ | ७ | ८ | वडा सर्वेक्षण | न.पा |
| प्रयोगमा आएको फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | १ | ३ | ५ | वडा सर्वेक्षण | न.पा |
| कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | ० | ५० | १०० | २०० | वडा सर्वेक्षण | न.पा |
| निष्काशित फोहोरमैलाको औषत वार्षिक परिमाण | मे.टन | ५० | ५५ | ६० | ६५ | वडा सर्वेक्षण | न.पा |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ६० | ६५ | ७५ | ९० | वडा सर्वेक्षण | न.पा |
| व्यवस्थित ढल निकास भएको बजार क्षेत्र | संख्या | ४ | ५ | ६ | ७ | वडा सर्वेक्षण | न.पा |
| शौचालय, घर आँगनको कुहिने फोहोरलाई व्यवस्थित गर्ने घरधुरी | संख्या | ४००० | ४५०० | ५००० | ६००० | वडा सर्वेक्षण | न.पा |
| परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८० | ७० | ६० | ५० | वडा सर्वेक्षण | न.पा |
| घरभित्रको धुवाँवाट मुक्त घरधुरी | प्रतिशत | ५० | ४० | ३० | १० | वडा सर्वेक्षण | न.पा |
| घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिकजन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | १ | | | | वडा सर्वेक्षण | न.पा |
| **प्रतिफल** | | | | | | | |
| कम्पोष्ट मल उन्पादन तथा प्रशोधन केन्द्र निर्माण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| व्यवस्थित शहरिकरण तथा ढल निकास नीति अवलम्बन गरिएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| गोवर ग्यांस, सुधारिएको चुलो, विद्युतिय चुलो, वायोग्यास प्रवर्द्धन भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| ल्याण्डफिल्ड साइड निर्माण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| सार्वजनिक स्थानमा हरित पार्क, धारा तथा शौचालय निर्माण भएको हुने | | | ञ | | | वडा सर्वेक्षण | न.पा |
| फोहोरमैला व्यवस्थापन गुरुयोजना निर्माण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| कृषि तथा उद्योगमा प्रयोग गरिने विषादी नियन्त्रण भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

### ७.३.५ अनुमान तथा जोखिम पक्ष

उल्लेखित लक्ष्य प्राप्त गर्नको लागि वनजंगलको संरक्षण, ढल निकास गर्नु, फोहोरमैला व्यवस्थापन र प्रशोधन केन्द्र स्थापना, वातावरण तथा स्वच्छता कार्यका लागि बजेट व्यवस्थापन हुने अनुमान गरिएको छ भने डढेलो लगायत अन्य प्राकृतिक प्रकोपको जोखिम रहेको छ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ । मुख्यत: भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन तथा जलवायु परिवर्तनबाट विपद् उत्पन्न हुने उच्च जोखिम रहेको छ । यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । यस बाहेक भूकम्प तथा कोभिड जस्ता कारण विपद् उत्पन्न हुन्छ । तसर्थ नगरपालिकाले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि न्यूनिकरण, तयारी, प्रतिकार्य र पुर्नलाभका योजना तयार गर्न आवश्यक छ । विपद्को समयमा आश्रय स्थल, खुल्ला क्षेत्र हुनु जरुरी छ । नगरपालिकाले विपद् जोखिम न्यूनीकरण गर्न, खोज, उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत/क्षेत्रगत रूपमा लागू गरी दिगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी छ ।

आपतकालीन प्रतिकार्य संचालन केन्द्रको स्थापना, बिपदका लागि आवश्यक सामग्रीहरुको व्यवस्था, प्राथमिक उपचार केन्द्र एवं रक्त संचार केन्द्र निर्माण, समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति, विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम, भू-कम्प प्रतिरोधात्मक सार्वजनिक संरचना, आपतकालीन कोष, विपद् पूर्व तयारी तथा पूर्वसूचना प्रणाली, आपतकालिन भवन निर्माण जस्ता पूर्वाधारहरु बिपद जोखिम न्युनीकरण र व्यवस्थापनका लागि आवश्यक हुन्छ । यस नगरपालिकामा यस प्रकारका पूर्वाधारहरुको व्यवस्थापन पूर्णरुपमा हुन सकेको देखिदैन ।

नगरपालिकामा विपद् जोखिम न्युनिकरणको लागि सबै वडा कार्यालयमा विपद् व्यवस्थापन समिति गठन गरिएको भएपनि कतिपय वडा कार्यालयहरुमा प्रतिकार्य संचालन केन्द्रहरुको स्थापना भएको छैनन् भने विपद्का लागि आवस्यक सामग्री हरुको समेत अभाव रहेको छ । वडा कार्यालयहरुमा प्रथमिक स्वास्थ्य केन्द्रको स्थापना भएको भए पनि रक्त संचार केन्द्रको संख्या न्यून रहेको छ । वडामा विपद् पुर्व तयारी तथा पूर्वसूचना प्रणलिको स्थापना भएको छैन साथै आपतकालिन भवनको समेत अभाव रहेको छ । पहिरो तथा नदीको कारणले हुने क्षती न्यूनिकरणको लागि ३ किलोमिटर बाँध निर्माणको अतिरीक्त नगरपालिकाभित्रमा विपद् जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलताको क्षेत्रमा प्राथमिक तहबाट कार्यक्रम संचालन गर्नुपर्ने आवस्यकता रहेको छ ।

### ७.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ आपतकालिन भवनको निर्माण तथा प्रतिकार्य सामग्री को व्यवस्थापन ।<br>➢ जोखिम न्यूनीकरण तथा जोखिमबाट बच्नका लागि आवश्यक जनचेतना र शिक्षा दिन सकिने ।<br>➢ विपद्मा परेका जनतालाई आवश्यक भौतिक तथा आर्थिक सहयोग प्रदान गर्न सकिने । | ➢ सबै जनतामा विपद् तथा विपद् व्यवस्थापन सम्बन्धी शिक्षा पुर्याउनु नसकिनु ।<br>➢ विपद् पछिको राहात कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न नसकिनु ।<br>➢ सबै वडा कार्यालयमा विपद् जाखिम न्यूनिकरण समिति गठन गर्न नसकिनु ।<br>➢ प्रतिकार्य सञ्चालन केन्द्र निर्माण गर्ने, विपद् पुर्वतयारीका कार्य गर्ने र आपतकालिन कोषका स्थापना गर्ने चुनौति । |

| | |
|---|---|
| ➢ वृक्षारोपण कर्यक्रम सञ्चालन तथा बाढिको अग्रिम जानकारी दिने साईरनको व्यवस्था ।<br>➢ नदी कटान क्षेत्रमा जालि तथा तटबन्ध निर्माण गरी जोखिम न्यूनीकरण गर्ने ।<br>➢ विपद् व्यवस्थापन अक्षय कोषको स्थापना ।<br>➢ वन्यजन्तुको भयबाट बच्न प्रभावित र सम्भावित क्षेत्रमा तारवार लगाउन सकिने ।<br>➢ भूकम्प प्रतिरोधी भवन निर्माणका लागि प्रोत्साहान तथा आर्थिक सहयोग गर्ने ।<br>➢ प्रत्येक वडामा एम्बुलेन्स सेवा सञ्चालन । | ➢ भौगोलिक विकटताका कारण विपद् व्यवस्थापन चुनौतीपूर्ण ।<br>➢ बाडी पहिरो सम्बन्धी अग्रिम जानकारी दिने प्रविधि स्थापना नहुनु<br>➢ विपद् व्यवस्थापन कार्यका लागि आवश्यक आर्थिक स्रोतको कमी रहेको ।<br>➢ पानीको मुहानहरुको सही सदुपयोग नहुनु ।<br>➢ रक्त संचार केन्द्रको स्थापना नहुनु तथा भएका सैरचना पूर्ण क्षमतामा संचालन नहुनु । |

### ७.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

विपद् व्यवस्थापन र उद्दार, पहिलो प्राथमिकता,

**लक्ष्य,**

विपद्बाट संरक्षण, पिडितलाई राहत, प्रतिकार्यको तयारी, क्षतीको न्युनिकरणलाई प्रमुखता दिने ।

**उद्देश्य**

विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण र उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाईनुका साथै जलवायु अनुकूलन योजना निर्माण गरी समुदाय स्तरमा कार्यान्वयन गर्नु ।

आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था भएको र उद्धार सामग्रीहरुको उचित प्रबन्ध तथा व्यवस्थापन गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | आयोजना |
|---|---|
| विपद् व्यवस्थापन सम्बन्धी कानुनी तथा संरचनात्मक व्यवस्था गर्ने | सम्भाव्य प्रकोप र जोखिमका क्षेत्रहरू तथा बस्ती एवम् वैकल्पिक क्षेत्रको पहिचान गरिनेछ । |
| | नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । |
| | विपद् व्यवस्थापन कोष स्थापना तथा संचालन गरिनेछ । |
| | विपद् व्यवस्थापन स्वयंसेवक दल निर्माण गरिनेछ । |
| | आपतकालिन सामग्रीको व्यवस्थापन |
| प्राकृतिक प्रकोप तथा विपद् पिडितको समयमा उद्दार र व्यवस्थापन गर्ने | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरुसँग सहकार्य गरिनेछ । |
| | आपतकालीन प्रतिकार्य संचालन केन्द्र स्थापना गरिनेछ । |
| | प्रत्येक वडामा विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| प्रकोप व्यवस्थापनका लागि सङ्घीय, प्रादेशिक र स्थानीय सामुदायिक एवम् निजी क्षेत्रसँग | अन्तरसरकारी समन्वयमा आवश्यक विपद् जोखिम न्युनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | तीनै तहका सरकार तथा अन्य सरोकारवाला पक्षसँग प्रकोप तथा विपद् व्यवस्थापनका लागि प्रभावकारी सञ्चारको कार्यान्वयन गरिनेछ । |

| रणनीति | आयोजना |
|---|---|
| सहयोग, समन्वय तथा सहकार्य गर्ने । | प्रकोप तथा विपद्मा परेकाहरूलाई उद्धार गरी यथासिघ्र सुरक्षित वासंस्थानको व्यवस्थापन गरिनेछ । |
| जलवायु परिवर्तन अनुकुल रणनीति निर्माण गर्ने | कृषि तथा वन क्षेत्र भु उपयोग प्रणाली विकास गरी जलवायु परिवर्तन अनुकुलका खेती प्रणाली, वीउ व्यवस्थापन लगायतका क्रियाकलाप सहितको कार्य योजना निर्माण गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|
| नगरपालिका स्तरीय विपद् व्यवस्थापन संरचना निर्माण कार्यक्रम | सम्भाव्य प्रकोप र जोखिमका क्षेत्रहरू तथा बस्ती एवम् वैकल्पिक क्षेत्रको पहिचान | २० |
| | नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन तथा नियमन | २० |
| | विपद् व्यवस्थापन कोष स्थापना तथा संचालन | १३० |
| | विपद् व्यवस्थापन स्वयंसेवक दल निर्माण | २० |
| | आपतकालिन सामग्रीको व्यवस्थापन | ५० |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरुसँग सहकार्य | १०० |
| विपद् पुर्व सूचनाप्रणाली, विपद् पुर्वतयारी सामग्री तथा राहत कोष स्थापना गर्ने | आपतकालीन प्रतिकार्य संचालन केन्द्र | १०० |
| | प्रत्येक वडामा विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम | २० |
| | प्रत्येक वडामा भू-कम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण | १०० |
| | वडामा प्राथमिक उपचार केन्द्र एवं रक्त संचार केन्द्र स्थापना | १०० |
| अन्तरसरकारी विपद् व्यवस्थापन सहकार्य गर्ने | अन्तरसरकारी समन्वयमा आवश्यक विपद् जोखिम न्युनीकरणका लागि आवश्यक कार्यक्रम | १०० |
| | तीनै तहका सरकार तथा अन्य सरोकारवाला पक्षसँग प्रकोप तथा विपद् व्यवस्थापनका लागि प्रभावकारी सञ्चारको कार्यान्वयन गरिने । | ३०० |
| | प्रकोप तथा विपद्मा परेकाहरूलाई उद्धार गरी यथासिघ्र सुरक्षित वासंस्थानको व्यवस्थापन गरिनेछ । | ५० |
| जलवायु परिवर्तन मैत्री खेती प्रणाली विकास गर्ने | कृषि तथा वन क्षेत्र भु उपयोग प्रणाली विकास गरी जलवायु परिवर्तन अनुकुलका खेती प्रणाली, वीउ व्यवस्थापन लगायतका क्रियाकलाप सहितको कार्य योजना निर्माण गर्ने । | १०० |
| | | **१२१०** |

### ७.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** विपद्को जोखिममा रहेका स्थानहरुको पहिचान गरी सम्भावित प्रभावको न्यूनिकरण गर्ने । | | | | | | | |
| सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | ० | १ | २ | ३ | वडा सर्वेक्षण | न.पा |
| **असर तह :** विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण र उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाई जलवायु अनुकूलन योजना कार्यान्वयन भएको हुने | | | | | | | |
| अयोग्य बस्ती वा स्थानमा बसोबास गरेका परिवार | संख्या | ८० | ६० | ४० | ० | वडा सर्वेक्षण | न.पा |
| विपद्बाट भएको बार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशुपंक्षी र अन्य सम्पत्ती) | रु.लाख | २० | १५ | १० | ५ | वडा सर्वेक्षण | न.पा |
| खुल्ला क्षेत्र तथा स्थानहरु | संख्या | १२ | १३ | १४ | १५ | वडा सर्वेक्षण | न.पा |
| आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक | जना | ३० | ३५ | ४० | ५० | वडा सर्वेक्षण | न.पा |
| विपद् व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु.लाख | ८ | १० | २० | ३० | वडा सर्वेक्षण | न.पा |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | १० | | | १५ | वडा सर्वेक्षण | न.पा |
| विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | १२ | ७ | ८ | १२ | वडा सर्वेक्षण | न.पा |
| विपद् प्रतिकार्यका लागि भएको आपतकालीन नमूना अभ्यास | संख्या | ५ | ७ | ८ | १० | वडा सर्वेक्षण | न.पा |
| विपद् व्यवस्थापन सूचना प्रणाली (पूर्व चेतावनी) जडान भएका क्षेत्रहरु | संख्या | ० | १ | २ | ३ | वडा सर्वेक्षण | न.पा |
| आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | २ | ३ | ४ | ५ | वडा सर्वेक्षण | न.पा |
| जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्बन्धी सचेतना लगायतका कार्यक्रम | संख्या | १२ | १५ | २० | २५ | वडा सर्वेक्षण | न.पा |
| प्रतिफल तह | | | | | | | |
| विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिबृद्धि भएको | | | | | | वडा सर्वेक्षण | न.पा |
| विपद् जोखिम क्षेत्र नक्साङ्कन र विपद् पूर्व सूचना उपकरण जडान भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता विकास भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |
| राहतका सामग्री हरुको भण्डारण, विपद् व्यवस्थापन कोष स्थापना भएको हुने | | | | | | वडा सर्वेक्षण | न.पा |

### ७.४.५ अनुमान तथा जोखिम पक्ष

यस नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी प्रर्याप्त व्यवस्था हुने अनुमान गरिएको छ । पहाडी भूगोल तथा भूक्षयको संभावना तथा भौगोलिक विकटता तथा प्राकृतिक प्रकोप जोखिम पक्षको रुपमा रहेको छ ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ सुशासन, ऐन, नियम तथा जवाफदेहिता

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । गुनासो व्यवस्थापन, भ्रष्टाचारविरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ । दिगो विकास लक्ष्य सन् २०३० ले दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्न, सबैंको न्यायमा पहुँच सुनिश्चित गर्न र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्न, सबै प्रकारका भ्रष्टाचार र घुसखोरी उल्लेख्य रुपमा कम गर्न, सबै तहमा प्रभावकारी जवाफदेही र पारदर्शी निकायहरू स्थापना गर्न, सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामुलक र प्रतिनिधिमुलक नीति निर्माण सुनिश्चित गर्न मार्गदर्शन गरेको छ । स्थानीय तहको सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियामवली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ ।

संस्थागत विकासको सन्दर्भमा यो नगरपालिका केही राम्रो देखिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन प्रतिवेदन अनुसार यस नगरपालिकाको औषत संस्थागत क्षमतामा ६०.७५ प्रतिशत अंक प्राप्त गरेको छ । भौतिक पूर्वाधार र न्यायिक सम्पादन बाहेक सबै सुचकमा ५० प्रतिशतमा भन्दा बढी नै छ ।

सिद्धिचरण नगरपालिकामा संस्थागत विकास तथा सुशासन कायम गर्ने सिलसिलामा आर्थिक ऐन २०७७, बौद्धिक अर्पागता भएका बालबालिकाको लागि विद्यालय शिक्षा संचालन कार्यविधि २०७८, वातावरण तथा प्राकृतीक स्रोत संरक्षण ऐन २०७७, विनियोजन ऐन २०७५, पूर्वाधार व्यवस्थापन ऐन २०७५ लगायत विभिन्न ४४ वटा ऐन नियम तथा निदेशिकाहरु जारी भएका छन् । वडा सर्वेक्षणका आधारमा नगरपालिकाले प्रदान गरिएको सेवाबाट ५६.१७ प्रतिशत जनता सन्तुष्ठ रहेका, त्यसैगरी नगरपालिकाले गरेको भौतिक निर्माणका कार्यबाट ६० प्रतिशत जनता सन्तुष्ट रहेका छन् ।

### ८.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना/अवसर | समस्या/चुनौती |
|---|---|
| ➢ नगरपालिकाले स्थानीय सरकारको हैसियतमा सुशासन कायम गर्न आवश्यक ऐन, कानुन तथा कार्यविधि निर्माण गरी लागू गर्न सकिने ।<br>➢ जनअपेक्षा अनुरुपका योजना तर्जुमा तथा संचालन गर्न सकिने ।<br>➢ नगरपालिकामा संचालित आयोजनाको लागत पुर्वानुमान तथा फाईदाको बारेमा जनतालाई सुसुचित गराउन सकिने । | ➢ सेवाग्राहीलाई स्थानीय सरकारको आभास दिलाउन सक्नु चुनौतिपुर्ण रहेको ।<br>➢ संघ, प्रदेश र स्थानीय तह बीचको अधिकार बाँडफाँडमा पुर्णरुपमा प्रस्टता ल्याउन नसक्नु ।<br>➢ नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत निर्माण गर्नुपर्ने ऐन, नियम तथा कानुनको समयमानै निर्माण गरी कार्यान्वयनमा ल्याउनु चुनौतिपुर्ण रहेको । |

| | |
|---|---|
| ➢ वडास्तरिय मेलमिलाप समिति गठनगरी सामान्य समस्या वडा स्तरमै समाधान गर्न सकिने ।<br>➢ सबै सरकारी कार्यालयमा नागरीक वडापत्रको स्थापना गरी ताहाबाट प्रदान गरीने सेवाबारे जनतालाई अवगत गराउने ।<br>➢ न्गरपालिकाभित्रमा संचालित आयोजना हरुको समयमानै लेखापरिक्षण कार्य सम्पन्न गरी सुशासन र जवाफदेहिता प्रबर्द्धन गर्न सकिने ।<br>➢ वडा स्तरिय योजना तथा आयोजनाको रेखदेख तथा सञ्चालनको जिम्मेवारी उपभोक्ता समितिलाई दिन सकिने । | ➢ सुशासन तथा जवाफदेहिता प्रबर्द्धनका क्षेत्रहरुको पहिचान हुन नसक्नु ।<br>➢ जनचाहाना अनुरुपका कार्य सञ्चालन गरी जनतालाई असल शासन तथा सुशासनको प्रत्याभुती दिलाउन नसक्नु ।<br>➢ सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई जनताको घरै सम्मको पहुँचको स्थापना गर्नु ।<br>➢ सुशासन ऐन, नीति, नियम तथा निर्देशिका निर्माणमा सम्बद्ध पक्ष र सरोकारवालालाई समेटेर कार्यक्रम संचालन गर्नु ।<br>➢ जनसरोकारका कार्यक्रम संचालन गर्नु । |

### ८.१.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच,**

नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेहि, परिणाममुखी, नागरिक मैत्री बनाउने ।

**लक्ष्य,**

सुशासन कायम गर्न स्थानीय ऐन, नियम तथा कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने साथै सार्वजनिक जवाफदेहिता बहन गर्ने ।

**उद्देश्य,**

नगरपालिकाको प्रशासनिक संरचना मितव्ययी, पारदर्शी तथा जवाफदेहि बनाउनु ।

नगरपालिकाका कर्मचारी जनशक्ति क्षमतासन अभिबृद्धि तथा प्रविधि मैत्री बनाउनु ।

दिगो स्रोत परिचालनको लागि सिमित स्रोत साधनको अधिकतम प्रयोग गर्नु ।

प्रभावकारी सहभागितामुलक तथा दिगो योजना व्यवस्थापन गर्नु ।

न्यायिक सेवामा जनताको सहज र सरल पहुँच गराउने ।

भ्रष्टाचार न्यूनीकरण गर्ने ।

महिला, दलित, जनजाती, अल्पसङ्ख्यक लगायतलाई शसक्तीकरण र सहभागितामूलक तालिम मार्फत क्षमता विकास गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | आयोजना |
|---|---|

| | |
|---|---|
| आवश्यक नीति तथा कानुनहरु निर्माण गर्ने | विज्ञहरुको राय परामर्श, कार्यशाला गोष्ठि सञ्चालन गरी आवश्यक ऐन कानुन कार्यविधि निर्माण गरिनेछ । |
| | नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरु सबै सरकारी कार्यालयमा लागू गरिनेछ । |
| | नीति कार्यक्रम, निर्णय, तथा प्रगति समीक्षाहरुका बारेमा वेबसाईट एवं अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ । |
| पारदर्शिता र जवाफदेहिताका का लागि नगरपालिकाका र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने | वालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री संरचना, निर्णय, योजना वजेट एवं आयव्यय प्रतिवेदन सार्वजनीकरण गरिनेछ । |
| | चौमासिक रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, तेस्रो पक्ष मुल्याङ्कन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | वित्तिय जोखिम न्यूनिकरणका लागि कार्यक्रम गरिनेछ । |
| भौतिक पूर्वाधार निर्माण रणनीति | विधुतिय उपकरणहरुको विस्तार गरिनेछ । |
| अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई प्रभावकारी वनाउने | योजना सुपरीवेक्षण तथा अनुगमनमा समावेशी र प्रभावकारी बनाइनेछ । |
| | अनुगमन तथा मुल्याङ्कनमा समुदायमा आधारित संस्थाहरु तथा लक्षित वर्गको क्षमता अभिवृद्धि गरिनेछ । |
| | समुदाय स्कोर कार्डको व्यवस्था गरिनेछ । |
| समावेशी र समतामूलक समाज निमार्ण गर्ने | सहभागितामूलक महिला, दलित, जनजाती, अल्पसङ्ख्यक लगायतलाई सशक्तिकरण तालिम मार्फत क्षमता विकास गरिनेछ । |
| | विपन्नता अभिलेखीकरण तथा लक्षित वर्गको स्थानीय श्रोत साधनमा पहुँच अभिवृद्धि गरिनेछ । |

| कार्यक्रम | आयोजना | लागत ( लाख) |
|---|---|---|
| क्षेत्रगत नीति तथा कानुन निर्माण | विज्ञहरुको राय परामर्श, कार्यशाला गोष्ठि सञ्चालन गरी आवश्यक ऐन कानुन कार्यविधि निर्माण | १०० |
| | क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरु सबै सरकारी कार्यालयमा लागू गरीने | १५ |
| | नीति कार्यक्रम, निर्णय, तथा प्रगति समीक्षाहरुका बारेमा वेबसाईट एवं अन्य प्रकाशन | १० |
| सार्वजनिक सुनुवाई सामाजिक परिक्षण सार्वजानिक परिक्षण कार्यक्रम सञ्चालन | वालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री संरचना, निर्णय, योजना वजेट एवं आयव्यय प्रतिवेदन सार्वजनीकरण | १० |
| | चौमासिक रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, तेस्रो पक्ष मुल्याङ्कन लगायतका कार्यक्रम सञ्चालन | १० |
| वित्तिय पारदर्शिता कार्यक्रम | वित्तिय जोखिम न्यूनिकरण कार्यक्रम | १० |
| | राजश्व सुधार सम्भाव्यता अध्ययन | |
| | प्रविधिको खरिद र सो को प्रयोगमा क्षमता विकास | २५ |
| | राजश्व अभिबृद्धि गर्न राजश्व हेर्ने छुट्टै शाखा तथा कर्मचारीको व्यवस्था । | २० |
| | योजना, बजेट एंव आय व्यय तथा निर्णय प्रतिवेदन सार्वजनिकरण | १५ |

| | | |
|---|---|---|
| आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन | योजना सुपरीवेक्षण तथा अनुगमनमा समावेशी सहभागित | १० |
| | सहायता कक्षाको व्यवस्था | ५ |
| क्षमता विकास कार्यक्रम सन्चालन | नगरपालिकाका सूचनाआदानप्रदानका लागि सूचनाप्रविधिको व्यवस्थापन | २० |
| | विषयगत विज्ञबाट क्षमता विकास कार्यक्रम साथै अध्यन अवलोकन भ्रमण | ५० |
| आयोजना संचालन, व्यवस्थापन तथा अनुगमन कार्यक्रम | विधुतिय उपकरणहरुको विस्तार | ४३० |
| | नगरपालिकाको सभाहल निर्माण लिफ्ट सहितको व्यवस्थापन | १०० |
| | आयमुलक क्रियाकलापमा सहभागिता क्षमता विकास अभिबृद्धि, सीपमुलक तालिम | १०० |
| | स्थानीय ज्ञान, सीप, प्रविधिको प्रयोग हुने क्षेत्रमा लगानी (जस्तै माटाको भाडा, काष्ठकला) | ८० |
| | नगरपालिका डिजिटल प्रोफाईल निर्माण | २५ |
| नगरपालिका–सरोकारवाला अनुगमन मुल्याङ्कन प्रणाली | योजना सुपरीवेक्षण तथा अनुगमनमा समावेशी सहभागिता | ५ |
| | अनुगमन तथा मुल्याङ्कनमा समुदायमा आधारित संस्थाहरु तथा लक्षित वर्गको क्षमता अभिवृद्धि र योजना अनुगमनमा अर्थपूर्ण सहभागिताको व्यवस्थापन | १० |
| जनताको सन्तुष्टी मापन | समुदाय स्कोर कार्ड | ५ |
| लक्षित समुदायको मुलप्रवाहीकरण कार्यक्रम | सहभागितामूलक महिला, दलित, जनजाती, अल्पसङ्ख्यक लगायतलाई शसक्तीकरण तालिम मार्फत क्षमता विकास गर्ने । | ५० |
| | विपन्नता अभिलेखीकरण तथा लक्षित वर्गको स्थानीय श्रोत साधनमा पहुँच अभिवृद्धि, स्थानीय संस्थाहरुको प्रोफाइल तयार | २० |
| | | **११२५** |

### ८.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाई | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह** सुशासन कायम गर्न स्थानीय ऐन, नियम तथा कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने साथै सार्वजनिक जवाफदेहिता वहन भएको हुने | | | | | | | |
| सेवा प्रवाहमा जनताको सन्तुष्टि | प्रतिशत | ५६.१६ | ६० | ६५ | ७२ | वडा सर्वेक्षण | न.पा |
| **असर तह** नगरपालिकाको प्रशासनिक संरचना प्रविधिमैत्री, पारदर्शी र मितव्ययी, जनशक्तिको क्षमता अभिबृद्धि, दीगो र फराकिलो वित्तय स्रोत व्यवस्थापनका लागि नीतिगत व्यवस्थापन भएको हुने | | | | | | | |
| नगरपालिकाले स्वीकृत गरेको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड | संख्या | ४४ | | | | नगरपालिका शाखा | न.पा |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा वजेट तर्जुमा अनुगमन आदि) | संख्या | | | | | वडा सर्वेक्षण | न.पा |
| नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको | संख्या | ० | | | | वडा सर्वेक्षण | न.पा |
| क्षतिपूर्ति सहितको नागरिक वडापत्र | संख्या | १ | | | | वडा सर्वेक्षण | न.पा |
| सार्वजनिक सुनुवाई, | संख्या | ३ | | | | वडा सर्वेक्षण | न.पा |
| सार्वजनिक परीक्षण, | संख्या | ३ | | | | वडा सर्वेक्षण | न.पा |
| सामाजिक परीक्षण | संख्या | ३ | | | | वडा सर्वेक्षण | न.पा |
| GESI परीक्षण | संख्या | १ | | | | वडा सर्वेक्षण | न.पा |
| वहिरर्गमन अभिमत पत्र | संख्या | | | | | वडा सर्वेक्षण | न.पा |
| सामाजिक मेलमिलापमा | संख्या | ३४ | | | | वडा सर्वेक्षण | न.पा |
| हेल्पडेष्कवाट लाभान्वित सेवाग्राही | संख्या | | | | | वडा सर्वेक्षण | न.पा |
| उपलव्ध अनलाइन सेवाका प्रकारहरु (निवेदन, सीफारिस, पञ्जीकरण....) | संख्या | प १४१२ | | | | वडा सर्वेक्षण | न.पा |
| अनलाइन सेवावाट लाभान्वित सेवाग्राही | संख्या | | | | | वडा सर्वेक्षण | न.पा |
| नगरपालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या | ० | | | | वडा सर्वेक्षण | न.पा |
| गुनासो सुनुवाईको फर्छौट (मौखिक समेत) | संख्या | | | | | वडा सर्वेक्षण | न.पा |
| **प्रतिफल** | | | | | | | |
| सुशासन सम्बन्धी स्थानीय ऐन, नियम कानुनको निर्माण भएको हुने | | | | | | वडागत सर्वेक्षण | न.पा |
| सेवा प्रवाह अनलाईनमा आबद्ध भएको हुने | | | | | | वडागत सर्वेक्षण | न.पा |
| वडा स्तरिय मेलमिलाप समिति गठन भएको हुने | | | | | | वडागत सर्वेक्षण | न.पा |
| नागरिक वडापत्रको स्थापना भएको हुने | | | | | | वडागत सर्वेक्षण | न.पा |

### ८.१.५ अनुमान तथा जोखिम पक्ष

संघ, प्रदेश र स्थानीय तह बीचको अधिकार बाँडफाँडमा प्रस्टता हुने अनुमान गरिएको छ। आवश्यकता अनुसारको जनशक्ति तथा संरचनाको अभावले नगरपालिकाले लिएको लक्ष्य प्राप्त नहुने जोखिम पनि रहेको छ ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ संस्थागत संरचना तथा मानव संसाधन

### ९.१.१ पृष्ठभूमि

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । गुनासो व्यवस्थापन, भ्रष्टाचारविरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ । दिगो विकास लक्ष्य सन् २०३० ले दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्न, सबैंको न्यायमा पहुँच सुनिश्चित गर्न र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्न, सबै प्रकारका भ्रष्टाचार र घुसखोरी उल्लेख्य रुपमा कम गर्न, सबै तहमा प्रभावकारी जवाफदेही र पारदर्शी निकायहरू स्थापना गर्न, सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामुलक र प्रतिनिधिमुलक नीति निर्माण सुनिश्चित गर्न मार्गदर्शन गरेको छ । स्थानीय तहको सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियामवली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ ।

### ९.१.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

प्रशासनिक संरचनालाई प्रभावकारी तथा प्रविधिमैत्री बनाउने कार्यक्रम तर्जुमा गर्न सकिने, सार्वजनिक सरोकारका व्यक्तिहरुको मनोवल अभिबृद्धि गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्न सकिने, कर्मचारी अभाव तथा कामगर्ने जनशक्ति व्यवस्थापनका लागि करारमा कर्मचारी नियूक्त गरि कर्य सञ्चालन गराउन सकिने, कर्मचारी प्रशासन तथा जनप्रतिनिधिको क्षमता तथा मनोवल बृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिने, प्रदेश तथा केन्द्रिय सरकार सँग समन्वय गरी संस्थागत संरचना लाई थप प्रभावकारी बनाउन सकिने तथा कर्मचारी तथा जनप्रतिनिधी सँग कार्यसम्पादन करार गरी लक्ष्य अनुरुप प्रगति हाँसिल गर्न सकिने जस्ता सम्भानाहरू सिद्धिचरण नगरपालिकामा रहेका छन् भने नगरपालिकाको संस्थागत संरचनालाई प्रविधिमैत्री बनाउने, ज्ञान, अनुभवी, दक्ष मानव संसाधानको अभावका कारण प्रशासन प्रभावकारी हुन नसक्नु, उपलब्ध जनशक्तिको सहि व्यवस्थापन हुन नसक्नु साथै दक्ष प्राविधिक जनशक्ति प्राप्त हुन नसक्नु, संस्थागन संरचना तथा मानव संसाधन विकास सम्बन्धी आवश्यक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने लगायतका समस्या तथा चुनौतीहरु रहेका छन् ।

### ९.१.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच,**

विकासप्रमी मानवस्रोतकालागि प्रविधिसँग सामन्जस्य संस्थागत संरचना सम्मुन्नत सिद्धिचरणको चाहाना:

**लक्ष्य,**

नगरपालिकाको प्रशासनिक संरचना प्रविधिमैत्री, पारदर्शी र मितव्ययी आर्थिक क्रियाकलाप, उपलब्ध जनशक्तिको क्षमता अभिबृद्धि, दिगो र फराकिलो वित्तय स्रोत व्यवस्थापनका माध्यमबाट गुणस्तरीय सेवा प्रवाहमा अभिबृद्धि गर्ने ।

**उद्देश्य,**

विकासप्रेमी जनमुखी मानव संसाधनको विकासको साथसाथै प्रभावकारी सँगठन संरचना निर्माणले संस्थागत क्षमता विकास भई प्रविधियुक्त दक्ष मानव स्रोतको उपयोबाट गुणस्तरीय सेवा प्रवाहमा अभिबृद्धि गर्नु ।

### ९.१.४ रणनीति तथा कार्यक्रम

**संस्थागत संरचना विकास**

- कार्यालयको प्रवेशद्धारमा कार्यालय अन्तर्गतकाका शाखा, उपशाखाहरुको पहिचान र सम्बन्धीत शाखा, उपशाखाहरुबाट उपलब्ध हने सेवा सुविधाहरुको बारेमा सेवाग्राहीलाई पूर्व जानकारी दिने सूचना बोर्ड राखिनेछ ।
- नागरिक बडापत्रलाई अद्यावधिक गरी व्यवस्थित गरिनेछ ।
- सुशासन, पारदर्शिता र जवाफदेहिता प्रत्याभरुति दिनका लागि संचालन गरिने, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आवधिक समिक्षा तथा अनुगमन कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- प्रशासनिक संरचनालाई प्रभावकारी तथा प्रविधिमैत्री बनाउने कार्यक्रम तर्जुमा गरिनेछ ।
- बिषयगत समिति एवं न्यायिक समितिको क्षमता विकास गरी कार्यसम्पादन स्तरमा अभिबृद्धि ल्याइने
- कर्मचारी क्षमता विकास योजना बनाईने छ ।
- प्रदेश तथा केन्द्रिय सरकार सँग समन्वय गरी भौतिक तथा आर्थिक सहयोग प्राप्त गरी संस्थागत संरचना लाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।
- सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलब्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवं सेवा केन्द्रबाट उपलब्ध गराउदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ ।
- सँगठन तथा व्यवस्थापन अध्ययन गरी नगरपालिकाको वडा स्तर सम्म आवश्यकतानुसारको संरचना तयार गरी लागू गरिने छ र नगरपालिकामा लैङ्गिकमैत्री एवं समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरिनेछ ।
- संस्थागत संरचनालाई यातायात, सूचना तथा संचार लगायतका भौतिक संरचनासँग आबद्ध गरिनेछ
- आन्तरिक लेखा परिक्षण तथा वार्षिक लेखापरिक्षणबाट औंल्याईएका बेरुजुलाई यथा समयमा फर्छ्यौट गर्ने र प्रप्त सुझाब तथा प्रतिक्रियालाई कार्यान्वयनमा ल्याईनेछ ।

**मानव संसाधन विकास**

- तालिम, तथा अभिमुखीकरण कार्यक्रमबाट नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।
- नगर प्रहरी सेवालाई थप प्रभावकारी बनाईनेछ ।
- सार्वजनिक सरोकारका व्यक्तिहरुको मनोवल अभिबृद्धि गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकामा रहेको कर्मचारी अभाव तथा कामगर्ने जनशक्ति व्यवस्थापनका लागि करारमा कर्मचारी नियूक्त गरी कार्य सञ्चालन गराईनेछ ।
- नगरपालिकाका अन्तर्गत विद्यालय, विषयगत कार्यालय एवं सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरिने छ र नियमित मूल्याङकनका मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।
- नगरपालिका अन्तर्गत सहकारी, गै.स.स., नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिबृद्धि गरी दक्ष, सबल, सक्षम जनशक्ति विकास गरिनेछ ।

- नगर कार्यनगरपालिका र वडा कार्यालयमा कार्यारत कर्मचारीहरुलाई आधारभूत तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम संचालन गरी थप जिम्मेवार र जवाफदेही बनाईनेछ ।
- नगरपालिका तथा सभामा लक्षित समूहको समुचित प्रतिनिधित्व गराई समावेशी गराउनका साथै जुनसुकै क्षमता विकास कार्यक्रममा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**संस्थागत संरचना तथा मानव संसाधन विकास नीति**

- मानव संसाधन विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- संस्थागत संरचना विकास सम्बन्धी नगरपालिका स्तरिय कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ र सो को नियमन तथा अनुगमनका लागि नगरपालिका स्तरिय समिति गठन गरिनेछ ।

### ९.१.५ मुख्य कार्यक्रम तथा नतिजा खाका

- कर्मचारी, जनप्रतिनिधि, सहकारी, गै.स.स., नागरिक समाज, सामुदायिक संस्था, निजीक्षेत्रको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन ।
- संस्थागत संरचना निर्माण सम्बन्धी आचार संहिता निर्माण तथा लागू ।
- विषयगत तथा न्यायिक समिति निर्माण र क्षमता विकास कार्यक्रम ।
- भौतिक, प्राविधिक तथा मानव संसाधन यूक्त नगरपालिका र वडा कार्यालयको निर्माण ।
- ज्ञान, अनुभवी, दक्ष मानव संसाधानको विकास कार्यक्रम ।
- कार्यवोभ्क र सँगठन तथा व्यवस्थापन अध्ययन कार्यक्रम ।
- जनप्रतिनिधि र कर्मचारीबीच कार्यसम्पादन करार कार्यक्रम ।
- संस्थागत संरचना र मानव संसाधन विकास सम्बन्धी नीति निर्माण कार्यक्रम ।

## ९.२ विषय क्षेत्र अनुसार अनुमानित वजेट

यस सिद्धिचरण नगरपालिकको क्षेत्रगत बजेट विनियोजनको अनुमानित खाका तालिका नं ९ मा प्रस्तुत गरिएको छ । यस नगरपालिकाको योजना तर्जुमा कार्यशालाले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास अन्तर्गत परिकल्पना गरेका आयोजनाहरुको सफल कार्यान्वयनका लागि आगामी पाँच वर्षमा नगरपालिकाले आवश्यक पर्न सक्ने कुल ९ अर्व ४८ करोड ४५ लाख बराबरको वित्तीय स्रोतको अनुमान प्रस्तुत गरिएको छ । कुल अनुमानित लगानी मध्ये करिब ३ अर्व ३३ करोड (३५.११ प्रतिशत) गौरव र रुपान्तरणकारी आयोजनाका लागि तथा ६ अर्व १५ करोड ४५ लाख क्षेत्रगत आयोजनाका लागि आवश्यक पर्ने अनुमान गरिएको छ । योजना तर्जुमा गोष्ठीले तय गरेको नगरपालिकाका प्रमुख प्राथमिक क्षेत्रहरुलाई प्रमुख प्राथमिकताका साथ लगानी अनुमान प्रस्तुत गरिएको छ ।

क्षेत्रगत रुपमा आर्थिक विकासलाई १३.०५ प्रतिशत, सामाजिक विकासलाई १२.७४ प्रतशत, पूर्वाधार विकासलाई ३१.९८ प्रतिशत, वन वातावरण तथा विपद् व्यवस्थापनलाई ५.९३ प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई १.१९ प्रतिशत लगानी अनुमान गरिएको छ । त्यसै गरी उप क्षेत्रगत रुपमा सडक पुल यातायातमा २६.५७ प्रतिशत, बैंक तथा वित्तय संस्था ३.९२ शिक्षा विकासलाई ३.१७ प्रतिशत लगानी आवश्यक हुने अनुमान गरिएको छ ।

**तालिका ९: क्षेत्रगत वजेट विनियोजन** **(रु.लाखमा)**

| विषय क्षेत्र | कुल अनुमानित लागत | प्रतिशत | वित्तीय स्रोत तथा सहकार्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | नपा | अन्तर नगरपालिका | सहकारी /उस | निजी क्षेत्र |
| **नगरगौरवका आयोजना** | ३३३०० | ३५.११ | √ | √ | √ | √ | √ | √ |
| **१. आर्थिक विकास** | १२३८० | १३.०५ | √ | √ | √ | √ | √ | √ |
| कृषि तथा पशुपन्छीपालन | ३००० | ३.१६ | √ | √ | √ | √ | √ | √ |
| सिंचाई | १५०० | १.५८ | √ | √ | √ | √ | √ | √ |
| पर्यटन, संस्कृति तथा सम्पदा | २१७० | २.२९ | √ | √ | √ | √ | √ | √ |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | १५७० | १.६६ | √ | √ | √ | √ | √ | √ |
| बैंक तथा वित्तिय संस्था | ३२४० | ३.४२ | √ | √ | √ | √ | √ | √ |
| श्रम तथा रोजगारी | ९०० | ०.९५ | √ | √ | √ | √ | √ | √ |
| **२. सामाजिक विकास** | १२०८५ | १२.७४ | | | | | | |
| स्वास्थ्य तथा पोषण | ३१५० | ३.३२ | √ | √ | √ | √ | | √ |
| शिक्षा विज्ञान तथा नवप्रवर्तन | ३०१० | ३.१७ | √ | √ | √ | √ | | √ |
| खानेपानी तथा सरसफाई | २९८० | ३.१४ | √ | √ | √ | √ | √ | √ |
| महिला, बालबालिका र लक्षित वर्ग | १६५५ | १.७४ | √ | √ | √ | | | √ |

| विषय क्षेत्र | कुल अनुमानित लागत | प्रतिशत | वित्तीय स्रोत तथा सहकार्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | नपा | अन्तर नगरपालिका | सहकारी /उस | निजी क्षेत्र |
| युवा तथा खेलकुद | ११४० | १.२० | √ | √ | √ | √ | | √ |
| भाषा, साहित्य कला | १५० | ०.१६ | | | √ | | | |
| **३. पूर्वाधार विकास** | **३०३३०** | **३१.९८** | | | | | | |
| सडक पुल यातायात | २५२०० | २६.५७ | √ | √ | √ | √ | | |
| आवस, वस्ति तथा सार्वजनिक निर्माण | २०८० | २.१९ | √ | √ | √ | √ | | |
| विद्युत तथा उर्जा | २३५० | २.४८ | √ | √ | √ | √ | | √ |
| सूचना तथा संचार | ७०० | ०.७४ | √ | √ | √ | √ | | √ |
| **४.वन, वातावरण तथा विपद् व्यवस्थापन** | **५६२५** | **५.९३** | | | | | | |
| वन तथा जैविक विविधता | १२०० | १.२७ | √ | √ | √ | √ | √ | |
| जलाधार तथा भुमि संरक्षण | २१०० | २.२१ | √ | √ | √ | √ | √ | |
| वातावरणीय स्वच्छता | ११२५ | १.१८ | √ | √ | √ | √ | √ | |
| विपद् व्यवस्थापन | १२१० | १.२८ | √ | √ | √ | √ | √ | |
| **५. सुशासन तथा क्षमता विकास** | **११२५** | **१.१९** | | | | | | |
| ऐन, नियम तथा कार्यविधि | १२५ | ०.१३ | | | √ | | | |
| संस्थागत संरचना तथा मानव संसाधन | १००० | १.०५ | | | √ | | | |
| **कुल बजेट** | **९४,८४५** | **१००** | | | √ | | | |

*स्रोत सिद्धिचरण नगरपालिका, योजना तर्जुमा कार्यशाला २०८०*

## ९.३ स्रोत अनुमान तथा प्रक्षेपण

नगरपालिकाले विगतमा प्राप्त गरेको वित्तीय स्रोतको प्रवृत्तिलाई ध्यानमा राखेर आगामी पाँच वर्षका लागि गरिएको वजेट प्रक्षेपणको खाका तल प्रस्तुत गरिएको छ। नगरपालिकाले संघ र प्रदेश सरकारबाट नियमित रुपमा प्राप्त गर्ने अनुदानका आधारमा चालु आ.व २०७९/८० को बजेट रु ६४ करोड ७० लाख ५९ हजार लाई आधारमानी आ.ब. २०८४/८५ सम्मका लागि यो प्रक्षेपण गरिएको हो जस अनुसार प्रतिवर्ष नगरपालिकाले प्राप्त गर्ने वित्तीय स्रोतमा १० प्रतिशतका दरले बृद्धि हुने अनुमान गरिएको छ। यही अनुमानका आधारमा आ.ब २०८०/८१ आ.ब. २०८४/८५ सम्ममा नगरपालिकामा कुल ४ अर्ब ३४ करोड ५३ लाख ९६ हजार बराबरको वजेट परिचालन हुने देखिन्छ। जसमध्ये नगरपालिकाको आन्तरिक आय परिचालन १ अर्ब ७ लाख ३४ हजार हुनेछ जुन कुल राजश्व रकमको २९.६ प्रतिशत हो। तालिका १० मा सिद्धिचरण नगरपालिकाको वजेट प्रक्षेपणको अवस्थालाई देखाईएको छ।

**तालिका १०: सिद्धिचरण नगरपालिकाको आगामी पाँच वर्षको प्रक्षेपण अनुमान (रु.हजारमा)**

| आय शिर्षक | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | आ.व. ०८३।८४ | आ.व. ०८४।८५ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|
| **आय** | **६४७,०५९** | **७११,७६५** | **७८२,९४१** | **८६१,२३६** | **९४७,३५९** | **१,०४२,०९५** | **४,३४५,३९६** |
| **राजश्व** | १३९,१३२ | १५३,०४५ | १६८,३५० | १८५,१८५ | २०३,७०३ | २२४,०७३ | ९३४,३५६ |
| **आन्तरिक श्रोत** | १५,००० | १६,५०० | १८,१५० | १९,९६५ | २१,९६२ | २४,१५८ | १००,७३४ |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | ११९,१३२ | १३१,०४५ | १४४,१५० | १५८,५६५ | १७४,४२१ | १९१,८६३ | ८००,०४४ |
| **अन्तर सहकारी वित्तिय हस्तान्तरण** | ५१२,९२७ | ५६४,२२० | ६२०,६४२ | ६८२,७०६ | ७५०,९७६ | ८२६,०७४ | ३,४४४,६१८ |
| **नेपाल सरकारबाट प्राप्त अनुदान** | ४८६,३०० | ५३४,९३० | ५८८,४२३ | ६४७,२६५ | ७११,९९२ | ७८३,१९१ | ३,२६५,८०१ |
| समानीकरण अनुदान | ११९,७०० | १३१,६७० | १४४,८३७ | १५९,३२१ | १७५,२५३ | १९२,७७८ | ८०३,८५९ |
| शर्शत अनुदान चालु | ३०५,८०० | ३३६,३८० | ३७०,०१८ | ४०७,०२० | ४४७,७२२ | ४९२,४९४ | २,०५३,६३४ |
| शर्शत अनुदान पुँजिगत | ४०,३०० | ४४,३३० | ४८,७६३ | ५३,६३९ | ५९,००३ | ६४,९०४ | २७०,६३९ |
| विषेश अनुदान पुँजिगत | ८,५०० | ९,३५० | १०,२८५ | ११,३१४ | १२,४४५ | १३,६८९ | ५७,०८३ |
| समपुरक अनुदान पुँजिगत | १२,००० | १३,२०० | १४,५२० | १५,९७२ | १७,५६९ | १९,३२६ | ८०,५८७ |
| **प्रदेश सरकारबाट** | २६,६२७ | २९,२९० | ३२,२१९ | ३५,४४१ | ३८,९८५ | ४२,८८३ | १७८,८१७ |
| समानीकरण अनुदान | ६,३९१ | ७,०३० | ७,७३३ | ८,५०६ | ९,३५७ | १०,२९३ | ४२,९१९ |
| शर्शत अनुदान चालु | ८२३ | ९०५ | ९९६ | १,०९५ | १,२०५ | १,३२५ | ५,५२७ |
| शर्शत अनुदान पुँजिगत | ९,४१३ | १०,३५४ | ११,३९० | १२,५२९ | १३,७८२ | १५,१६० | ६३,२१४ |
| समपुरक अनुदान पुँजिगत | १०,००० | ११,००० | १२,१०० | १३,३१० | १४,६४१ | १६,१०५ | ६७,१५६ |
| **प्रशासनिक खर्च** | ४७६,७६३ | ५२४,४३९ | ५७६,८८३ | ६३४,५७२ | ६९८,०२९ | ७६७,८३२ | ३,२०१,७५४ |
| **कुल आयमा आन्तरिक आय अनुपात** | २९.६% | | | | | | |
| **कुल आयमा प्रशासनिकखर्च** | ७३.६८% | | | | | | |

*स्रोत सिद्धिचरण नगरपालिका, स्विकृत बार्षिक बजेट २०७९/८०*

## ९.४ वित्तीय स्रोत परिचालन तथा सहकार्य

नगरपालिकाले संघ तथा प्रदेशबाट नियमित रुपमा प्राप्त गर्ने राजस्व तथा नगरपालिकाको आन्तरिक राजस्वको अनुमानित प्रक्षेपण मध्ये आगामी ५ वर्षका लागि लगानी योग्य राजस्व रु १० करोड ७ लाख ३४ हजार अनुमान गरिएको छ भने नगर गौरव, रुपान्तरणकारी तथा क्षेत्रगत आयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिकाले ३ अर्व ३३ करोड बराबरको स्रोत आवश्यक पर्ने देखिन्छ। यसको अर्थ नगरपालिकालाई योजना तर्जूमा कार्याशाला गोष्ठीले प्रस्ताव गरेका आयोजना पूरा गर्न करिब ३ अर्व २२ करोड ९२ लाख बराबरको अतिरिक्त लगानी आवश्यक पर्ने देखिन्छ। चालु आ.व. को प्रक्षेपणका आधारमा आगामी ५ बर्ष सम्ममा कुल ४ अर्व ३४ करोड ५३ लाख बराबरको वजेट परिचालन हुने देखिन्छ जसले नगरपालिकाको नगर गौरव, रुपान्तरणकारी तथा क्षेत्रगत आयोजनाहरु तथा क्षेत्रगत आयोजनाको लागि आवस्यक बजेट ९ अर्व ४८ करोड ४५ लाख मध्ये ५४.१९ प्रतिशत बजेट आवस्यक हुने देखिन्छ। नगरपालिकाले संघ र प्रदेश सरकार सँग को सहकार्यमा नगरपालिका गौरवका आयोजनाहरु संचालन गरी आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाउनुका साथै देहायका रणनीति तथा कार्यनीति अपनाउन सक्नेछ।

## ९.५ वित्तीय स्रोत परिचालनका रणनीति तथा कार्यनीति

**क) संघ तथा प्रदेश सरकार :** नगरपालिकाले संघ र प्रदेश सरकारको प्राथमिकता क्षेत्र अन्तर्गत पर्ने आयोजनाहरुका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पर्ने अपुग वित्तीय स्रोत जुटाउन सक्छ। यस अन्तर्गत विशेष गरी सामाजिक तथा पूर्वाधार क्षेत्र अन्तर्गतका उपक्षेत्रगत आयोजनाहरुको सूचि तयार पारी संघ र प्रदेश सरकारसँग नगरपालिकाले सहकार्यको आधार तयार पार्नेछ।

**ख) नगरपालिका तथा अन्तरनगरपालिका :** नगरपालिकाको प्राथमिकतामा पर्ने तथा सिमाना जोडिएका स्थानीय तहहरुसँगको साझा चासोका आयोजनाहरुका लागि नगरपालिकाले अन्तरनगरपालिका आयोजनाको प्रारुप तयार पारी वित्तीय स्रोत व्यवस्थापनको रणनीति बनाउनेछ।

**ग) निजी क्षेत्रसँगको सहकार्य :** निजी क्षेत्रलाई आकर्षण गर्न सकिने मुनाफा जन्य आयोजनाहरुको प्रारुप तयार पारी नगरपालिकाले निजी क्षेत्रको स्रोतलाई परिचालन गर्ने वातावरण तयार पार्ने छ।

**घ) सहकारी तथा जनसहभागिता :** सार्वजनिक चासोका आयोजनाहरुका लागि वित्तीय स्रोत जुटाउन सहकारी तथा जनसहभागिता सँग सहकार्य गर्ने मोडालिटी तय गर्नेछ।

## ९.६ आवधिक योजना कार्यान्वयन

सिद्धिचरण नगरपालिकाले बृहत छलफलद्वारा तयार पारेको पञ्चवर्षिय आवधिक योजनाको सफलता यसको कार्यान्वयन सँग जोडिएको छ। एक तर्फ दीगो विकास लक्ष्यले सन २०३० सम्मका लागि सम्पुर्ण देशहरुले प्राप्त गर्नु पर्ने आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकासका सूचकहरु तोकेको छ भने संघीय सरकारले पनि सन २१०० सम्ममा प्राप्त गर्ने गरी समृद्धि र सुखका लक्ष्य तोकेको छ। यी सबै लक्ष्यको व्यवहारिक प्राप्ति स्थानीय सरकारको योजना कार्यान्वयनको प्रभावकारीतामा भर पर्दछ। तसर्थ नगरपालिकाले उल्लेखित दीगो तथा राष्ट्रिय लक्ष्यको स्थानीयकरण प्रस्तुत आवधिक योजनाको कार्यान्वयन बाट गर्नु पर्ने हुन्छ।

### ९.६.१ वर्तमान अवस्था

स्थानीय तहहरु सात चरणको वार्षिक योजना तर्जुमा प्रक्रियामा बढी अभ्यस्त भएको अवस्था छ। सिद्धिचरण नगरपालिकाको हकमा पनि यही कुरा लागू हुन्छ । तर प्रस्तुत आवधिक योजनाले कार्यक्रम कार्यान्वयनलाई प्रतिफलका रुपमा लिई प्रत्येक प्रतिफलको जाँच त्यसले आगामी पाँच वर्षमा सम्बन्धी त क्षेत्रमा पार्ने असर र प्रभावद्धारा गर्ने प्रक्रियाको थालनी गरेको छ जुन नगरपालिकाका लागि नयाँ अभ्यास हो । नगरपालिकामा उपलब्ध निर्वाचित राजनीतिक प्रतिनिधि र प्रशासकीय जनशक्ति नयाँ योजना कार्यान्वयन पद्धतिका बारेमा जानकार हुनु पर्ने आवश्यकता छ ।

**तालिका ११ः कार्यान्वयन कार्ययोजनाका चरण**

| | |
|---|---|
| पहिलो चरण | कार्यान्वयन कार्ययोजना तयारी |
| दोस्रो चरण | मार्गदर्शन तयारी |
| तेस्रो चरण | कार्यान्वयन विधिको छनौट |
| चौथो चरण | अख्तियारी |
| पाँचौ चरण | अनुगमनको प्रतिवेदन र समीक्षा |

### ९.६.२ कार्यान्वयन कार्ययोजना

योजना तर्जुमा कार्यशालाले तर्जुमा गरेको आवधिक योजनालाई नगरसभाले अनुमोदन गरी सम्बन्धी त शाखा तथा वडा कार्यालयहरुलाई त्यसको अख्तियारी पठाउने गरिन्छ । शाखा तथा वडा कार्यालयहरुले आवधिक योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, सूचकका आधारमा बनेका रणनीति तथा कार्यनीतिहरुलाई ध्यानमा राखी भावी योजना कार्यान्वयनको खाका तयार पार्नु पर्ने हुन्छ ।

### ९.६.३ मार्गदर्शन तयारी

नगरसभाबाट अख्तियारी प्राप्त कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक शाखाले आफनो शाखासँग सम्बन्धी त कार्यक्रमहरुको मार्गदर्शन तयारी गरी गर्नु पर्ने हुन्छ । मार्गदर्शनका साथसाथै आवश्यकता अनुसार खर्चको अख्तियारी पनि पठाउनु पर्ने हुन्छ ।

### ९.६.४ कार्यान्वयन विधिको छनौट

नगरसभाबाट अख्तियारी प्राप्त कार्यक्रमहरुको कार्यान्वयनका लागि विद्यमान संघीय तथा स्थानीय कानुनका आधारमा कार्यक्रम कायान्वयन गर्ने व्यक्ति वा संस्था (उपभोक्ता समिति, ठेक्केदार, करार, गैसस आदि) लाई कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक सम्झौता गरी नगरकार्यनगरपालिकामा पठाउनु पर्ने हुन्छ । कार्यक्रमहरु नगरसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसरी कार्यक्रम कार्यान्वयनको प्रक्रियामा लैजादा नगरपालिकाले कार्यक्रम कार्यान्वयन ईकाईबाट प्रगती प्रतिवेदन लिने अभ्यास अपनाईने गरिन्छ ।

### ९.६.५ अख्तियारी

आवधिक योजनाको अन्तिम प्रतिवेदनलाई नगर कार्यनगरपालिकाले नगरसभाबाट पारित गरेपछि उक्त योजनाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयनमा लैजानु पर्ने हुन्छ । वार्षिक कार्ययोजना तयार पार्नका लागि नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत (प्र.प्र.अ) लाई अख्तियारी दिनु पर्ने हुन्छ। प्रप्रअले मध्यकालीन खर्चसंरचनालाई आधार बनाई क्रमागत रुपमा कार्यन्वयन गर्ने गरी आयोजनाहरुको रोलक्रम मिलाएर राख्नु पर्ने हुन्छ। प्रप्रअले रोलक्रममा व्यवस्थापन गरिएका आयोजनाहरुको कार्यान्वनमा विषयगत शाखा तथा वडा

कार्यालायहरुसँग कार्यक्रम माग गर्नुपर्ने हुन्छ । माग भई आएका कार्यक्रमहरुको कार्यान्वयनकालागि नगर कार्यनगरपालिकाले सम्बन्धी त शाखा तथा वडा कार्यालयलाई अख्तियारी प्रदान गर्नुपर्ने हुन्छ ।

### ९.६.६ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले परिकल्पना गरेका आयोजनाहरुलाई मध्यकालीन खर्च संरचनालाई आधार बनाई नगरपालिका प्रशासनले वार्षिक कार्यक्रम कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजानु पर्ने हुन्छ ।

### ९.६.७ अनुगमन प्रतिवेदन र समीक्षा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगर कार्यपालिकाले आयोजनाहरु कार्यान्वयनको समय सापेक्ष अनुगमन गरी त्यसबाट प्राप्त तथ्यहरुको चौमासिक रुपमा समीक्षा गरी आयोजना कार्यान्वयनको प्रभावकारीता बढाउन भूमिका खेल्नु पर्ने हुन्छ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले नगर उपप्रमुख र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै नगर उपप्रमुख अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानूनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानूनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानूनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको वर्तमान अवस्थामा उपरोक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ । योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ । अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन, अनुगमनका लागि भिन्दै बजेटको विनियोजन समेत हुन सकेको देखिदैन । यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ । प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन ।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

**उद्देश्य**

अनुगमन तथा मूल्याङकन प्रणालीको नीतिगत संरचना निर्माण भई आयोजनाहरुको प्रतिफल, असर र प्रभावहरुको प्रभावकारी मापन प्रक्रियामा टेवा पुगेको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| अनुगमन तथा मूल्याङकनका लागि स्पष्ट नीति बनाई लागू गर्ने | अनुगमन तथा मूल्याङकन नीति निर्माण गरी प्रभावकारी ढंगबाट कार्यान्वियन गरिने छ |
| | नगरपालिकाका विषयगत समितिलाई प्रभावकारी बनाईने छ । |
| जनशक्तिको क्षमता विकास गर्ने | अनुगमन तथा मूल्याङकन मा काम गर्ने कार्यनगरपालिका तथा अन्य विषय समिति तथा शाखाहरुको क्षमता अभिबृद्धिमा ध्यान दिईनेछ । |
| आयोजनाहरुको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङकनलाई प्रभावकारी बनाउने | दिगो विकास लक्ष्य तथा राष्ट्रिय र प्रदेश लक्ष्यको स्थानीयकरणसँग सम्बन्धी त सूचकहरुको प्रगतीको प्रभावकारीता मापन गरिने छ । |
| नीति, कार्यक्रम, योजना तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङकन गर्दा सान्दर्भिकता, प्रभावकारीता, कार्यकुशलता, प्रभाव, दीगोपना, समावेशीता, लैङ्गिक समता र लाभग्राही सन्तुष्टिका आधारमा गरिने छ । | दीर्घकालिन सोच, नतिजा तालिका, सूचना व्यवस्थापन प्रणाली विकास र अनुगमन तथा मूल्याङकन योजना तर्जुमा गरी तेस्रो पक्षबाट मूल्याङकन गरिने छ । |
| | अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम, योजना वा आयोजना निर्माण तहमा नै सूचकहरु निर्धारण गरी आयोजना सञ्चालन अगावै पूर्व मुल्याङक, कार्यान्वयनको चरणमा चालु मुल्याङन र आयोजना सम्पन्न भएपछि उपलब्धि मापन गर्ने प्रणालीको विकास गरिने छ । |
| | प्रथम आवधिक योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङकनको आधार मानिने छ । |

## ९.७.२ अनुगमन तथा मूल्याङकनका लागि जिम्मेवार निकाय

आवधिक नगरविकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगरकार्यनगरपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक नगरविकास योजनाको अनुगमन तथा मूल्याङकनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन :

- नगरकार्यनगरपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक नगरविकास योजनाको अनुगमन तथा मूल्याङकनका साधन तथा विधि देहायअनुसार रहनेछन ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

### ९.७.३ अनुगमन तथा मूल्याङकनका प्रक्रिया

सिद्धिचरण नगरपालिकाको आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुनेछ । यहाँ प्रस्ताव गरिएको प्रक्रियमा तोकिएको कार्यजिम्मेवारी पूरा गर्नको लागि तत्‌तत् पक्ष सकृय सहभागी भएका हुनेछन् ।

**तालिका १२ : आवधिक नगरविकास योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन गर्ने,<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | नगर कार्यनगरपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने,<br>वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | सहभागितामूलक छलफल गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह **मूल्याङ्कन** | सुपरिवेक्षण तथा **मूल्याङ्कन** समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>सहभागितामूलक छलफल गर्ने,<br>अध्ययन तथा सर्वेक्षण गर्ने, |

# अनुसूची

## अनुसूची १: नगरस्तरीय गौरबका योजना

- ♦ भौतिक पूर्वाधार तथा पर्यटन तर्फ
- तलुवागढी पर्यटकीय क्षेत्र आयोजना
- पत्ताले - रुम्जाटार निशंखे- हलेसी केवुलकार निर्माण आयोजना
- सल्लेरी लगलगे पर्यटकीय क्षेत्र विकास आयोजना
- हुलाकडाँडा-विरेन्द्रपार्क पर्यटकीय पुल निर्माण आयोजना
- थामडाँडा शहिद स्मारक पार्क निर्माण
- सिद्धिचरण पार्क स्तरोन्नती
- ओखलढुंगा बजारविस्तारकालागि चक्रपथ निर्माण
- नगरचक्रपथ विकास आयोजना
- वहुउपयोगी नगर कम्पेक्स निर्माण
- ♦ कृषि तर्फ
- टोड्के ठाडे चिया खेती आयोजना
- ♦ संस्थागत विकास तर्फ
- जिल्ला स्तरको तालिमहल भवनको व्यवस्था
- ♦ सामाजिक विकास तर्फ
- एकीकृत वस्ति विकास
- न.पा. स्तरीय रंगशाला (खेलमैदान) आधुनिक - नारायणस्थान ३, वडा नं. ७ को टक्सार केन्द्र
- ♦ आर्थिक विकास तर्फ
- क्रसर उद्योग संचालन
- रबुवा जोर्तीघाट वोटीङ्ग सेवा संचालन
- वडा नं. ८ र १० मा तीनदोभान ताल निर्माण
- पशुर्पंक्षि आहार उद्योग निर्माण आयोजना

## अनुसूची २ : रुपान्तरणकारी आयोजना

| विषय क्षेत्र | समेटिने वडाहरु |
|---|---|
| कृषि पकेट क्षेत्र | आलु तरकारी पकेट क्षेत्र ५, ६, ७ (वुङको आलु), |
| | बेमौसमी इस्कुस (१ देखि १२) |
| | रैथाने वाली(गहूँ, उवा, जुनेलो, फापर, जौ, कागुनो, कोदो, मकै, गहत,टाटे सिमी, कालो मास, मस्याङ, धान, वोडी) |
| | किवि पकेट क्षेत्र वडा नं. ८ |
| आवासिय क्षेत्र | रुम्जाटार, निसंखे, ओखरवोट, जरङ्गे, शितलपुर, चित्रे घुन्सा |
| कृषि हाट बजार, संकलन केन्द्र, चिस्यान केन्द्र | वडा नं. ४ रुम्जाटार, १२ को हटिया, वडा नं. २ निसंखे, विगुटार (संकलन केन्द्र) |
| वस पार्क | ११ र १२ नं. वडा |
| व्यवसायिक क्षेत्र | वडा नं. ४ रुम्जाटार, १२ को हटिया, वडा नं. २ निसंखे, |
| खेलकुद क्षेत्र | वडा नं. १२, ४ |
| विद्यालय, कलेज क्षेत्र (शैक्षिक क्षेत्र) | वडा नं. १२ (ओखलढुंगा क्याम्पस) |
| पार्क तथा पर्यटकीय क्षेत्र तथा कृषि पर्यटन र जलाशय क्षेत्र | वडा नं. १, ३, ६, ११, १२, ४, २, ८ |
| स्वास्थ्य क्षेत्र | वडा नं. ११, ४ |
| वन क्षेत्र | ५, ६, ७, ८, १२ |
| धार्मिक क्षेत्र | चम्पादेवी,चागेस्थान, रुम्जाटर गुम्बा |
| फोहोर मैला व्यवस्थापन क्षेत्र | वडा नं. ३ र ८ |

## अनुसूची ३: अन्तरनगरपालिका आयोजना

